


नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» बुधबार साउन २, २०७५ » Wednesday, July 18, 2018 » www.newsofnepal.com » नेसं ११३८ दिल्लाथ्व ६ » वर्ष २४, अंक १८९ » पृष्ठ १२ » मूल्य रू १०/–




# ओली सरकारको चौतर्फी विरोध

## कांग्रेस आक्रामक

रामकृष्ण चापागाईं, काठमाडौं

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले सरकारको गतिविधिको चर्को विरोध गर्दै सडक आन्दोलनलाई चर्काउने भएको छ। सरकारको पछिल्लो गतिविधिको सदनमा चर्को विरोध गरिरहेको नेपाली कांग्रेसले सडकबाट पनि विरोधलाई बुलन्द बनाउन विरोधका कार्यक्रमहरू तय गरिरहेको छ।

मंगलबार उपसभापति विमलेन्द्र निधिको अध्यक्षतामा बसेको पार्टीको भ्रातृ एवं शुभेच्छुक संस्थाका केन्द्रीय पदाधिकारीको बैठकले साउन ३, ५ र ८ गते गरिने विरोधका कार्यक्रम सार्वजनिक गरेको छ। महामन्त्री डा. शशांक कोइराला, सह-महामन्त्री डा. प्रकाशशरण महत, प्रवक्ता विश्वप्रकाश शर्मा, केन्द्रीय सदस्यहरू सुरेन्द्रराज पाण्डे, मीन विश्वकर्मा, रामकृष्ण यादव, लक्ष्मी परियारलगायतका नेताहरू सम्मिलित बैठकले भोलि बिहीबार दिउँसो प्रजातान्त्रिक प्राध्यापक संघ नेपाल र प्रजातन्त्रवादी चिकित्सक संघको अगुवाइमा माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिने भएको छ।

५ गते नेपाल तरुण दलको अगुवाइमा माइतीघर मण्डलाबाट विरोध प्रदर्शन शुरू गरिनेछ भने ८ गते नेपाली कांग्रेस जिल्ला कार्यसमिति काठमाडौं, भक्तपुर र ललितपुरको अगुवाइमा माइतीघर मण्डलामै सरकारविरुद्ध विरोध प्रदर्शन गरिने भएको छ। कांग्रेसले साउन १५ गते भने प्रत्येक जिल्लाको सदरमुकाममा विरोध प्रदर्शनको कार्यक्रम राखेको छ। जिल्ला सदरमुकाममा हुने विरोध प्रदर्शनका लागि सबै जिल्ला समितिलाई निर्देशन गर्दै कांग्रेस महामन्त्री डा. कोइरालाले पार्टीका भ्रातृ एवं शुभेच्छुक संघ-संस्था, क्षेत्र, गाउँ, नगर तथा एकाइहरूलाई समेत विरोधका कार्यक्रममा सहभागी हुन निर्देशन दिनुभएको छ।

(क्रमश: पृष्ठ ९ मा)

### 'डा. केसीको माग पूरा गर्नुस्'



अघिल्लो दिन सार्वजनिक अपिल गरेर डा. गोविन्द केसीको जीवन रक्षाको माग गर्नुभएका प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेरै ध्यानाकर्षण गराउनुभएको छ। प्रधानमन्त्रीसँगको भेटमा सभापति देउवाले डा. केसीसँग तत्कालै वार्ता गरेर तत्कालै माग पूरा गरी उहाँको जीवन रक्षा गर्नु सरकारको कर्तव्य रहेको बारे प्रधानमन्त्रीलाई सचेत गराउनुभएको थियो। कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिएअनुसार प्रधानमन्त्री ओलीलाई सभापति देउवाले आफ्नो नेतृत्वको अघिल्लो सरकारले डा. केसीको मागलाई सुनुवाइ गरेर माथेमा उच्चस्तरीय कार्यदलको आधारमा जनभावनाअनुरूप जारी गरेको अध्यादेशलाई हुबहु विधेयकका रूपमा ल्याउनु अहिलेको समाधान हुने स्पष्ट पार्नुभएको थियो।

भेटमा सभापति देउवाले सरकारले यसलाई तोडमोड गरेर जबरजस्ती ढंगले विधेयक ल्याउने प्रयत्न गरे कांग्रेसको विरोधको सामना गर्नुपर्ने प्रस्ट चेतावनीसमेत दिनुभएको मुख्यसचिव पौडेलले बताउनुभएको छ।

तस्वीर : उजोल डंगोल/काठमाडौं




## नयाँ शक्तिद्वारा ओलीको राजीनामा माग

नेपाल समाचारपत्र

काठमाडौं

नयाँ शक्ति पार्टी नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग गरेको छ। सरकारले संविधानविपरीत जनविरोधी गतिविधि गरेपछि आफूहरू सडक संघर्षमा उत्रन बाध्य हुनु परेको नयाँ शक्ति नेपालले बताएको छ।

सरकारले महँगी नियन्त्रण गर्न नसकेको, नागरिक अधिकार हनन हुने गरी काठमाडौंको विभिन्न स्थानमा निषेधित क्षेत्र तोक्ने काम गरेको, मेडिकल माफियाहरूलाई प्रश्रय दिने प्रयास गरेको भन्दै नयाँ शक्तिले मंगलबार प्रदर्शन गरेको हो।

नयाँ शक्ति पार्टीले वरिष्ठ चिकित्सक गोविन्द केसीको माग तत्काल सम्बोधन गर्न पनि सरकारसँग माग गर्दै आएको छ। नयाँ शक्तिका नेता गंगा श्रेष्ठले सरकारलाई २१औं शताब्दीका नागरिकको अधिकार हनन हुने कुनै पनि गतिविधि नगर्न पनि चेतावनी दिनुभयो। उहाँले गोविन्द केसीको जीवन रक्षाको माग गर्दै केसीले उठाएको मागको सम्बोधन गर्न पनि सरकारसँग माग गर्नुभयो। सरकारले केसीको माग सम्बोधन गर्न खेलवाड गरिरहेको बताउँदै श्रेष्ठले भन्नुभयो- 'केसीको ज्यान तलमाथि भयो भने ३ करोड नेपाली जनता सिंहदरबार घेर्न तयार हुनेछन्।'

यसैबीच राष्ट्रिय जनता पार्टीको अध्यक्ष मण्डलको मंगलबार बसेको बैठकले डा. गोविन्द केसीको मागमा लचकता अपनाउन सरकारसँग आग्रह गरेको छ।

सरकारलाई समर्थन दिएको सो पार्टीले डा. केसीविरुद्ध सरकारको अभिव्यक्तिप्रति असन्तुष्टिसमेत जनाएको छ।

# विषयगत कार्यालय हस्तान्तरणमा ढिलाइ

सुनील महर्जन, काठमाडौं

संघअन्तर्गत जिल्लामा रहेका विषयगत सबै कार्यालय स्थानीय तहमा हस्तान्तरण गर्न अलमल रहेको पाइएको छ।

कर्मचारी समायोजनसँगै सम्पत्ति हस्तान्तरणको व्यवस्था प्रक्रियागतरूपमा मिलाउनुपर्ने भएकाले कार्यालय हस्तान्तरणमा अलमल देखिएको हो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले साउन १ गते मंगलबारबाट विषयगत सबै कार्यालय हस्तान्तरण हुने भनिए पनि त्यसको कार्यान्वयनमा ढिलाइ हुने संकेत देखिएको हो।

संघ, प्रदेश र स्थानीय तह मातहतमा रहने कार्यालयको वर्गीकरण यसअघि नै सकिए पनि कार्यान्वयनमा आएको थिएन। विषयगत मन्त्रालयले शिक्षा, स्वास्थ्य, कृषि, भेटनरी, वन, भू-संरक्षण जस्ता एक दर्जनभन्दा बढी आफ्ना कार्यालयसहित कर्मचारीहरू साउन १ गतेसम्ममा स्थानीय तहमा हस्तान्तरण गरिसक्नुपर्ने थियो।

सोहीअनुरूप मन्त्रालयले साउन १ गते अर्थात् मंगबारदेखि लागू हुने गरी कार्यालय स्थानीय तहलाई हस्तान्तरण तथा खारेजीको जानकारी जिल्लाहरूमा परिपत्र गरेको हो। सम्बन्धित मन्त्रालयले आफू मातहतका कार्यालयहरू स्थानीय तहमा गाभ्ने प्रक्रिया शुरू भइसकेको सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

तर, कर्मचारी मात्र नभई सम्पत्तिसहितको सम्पूर्ण प्रक्रिया हस्तान्तरण गर्नुपर्ने भएकाले केही समय भने लाग्ने मन्त्रालयका प्रवक्ता अधिकारीको भनाइ रहेको छ। 'विषयगत मन्त्रालयले हस्तान्तरण गर्दा जनशक्ति, जिन्सी, नगदी सामान र गाडीसमेत हस्तान्तरण गर्दा केही समय लिन सक्छ। १५ दिन या १ महिना समय लाग्न सक्छ।' -उहाँले भन्नुभयो।

जिल्ला समन्वय समिति ललितपुरका समन्वय अधिकारी दुर्गादेवी अधिकारीले विषयगत कार्यालयका कर्मचारी समायोजन नभएसम्म कार्यालयका स्रोत र साधन स्थानीय तह हस्तान्तरण गर्न कठिनाइ हुने जानकारी दिनुभयो। 'यस्तो अवस्थामा विषयगत कार्यालयका कर्मचारी कहाँ जाने, के गर्ने भनेर अन्योलमा रहेका छन्।' -ललितपुरका विषयगत कार्यालयको अवस्थाबारे सुनाउँदै उहाँले भन्नुभयो।

खारेजीमा परेका कार्यालयको चल-अचल सम्पत्ति र दायित्व हस्तान्तरण गर्न ७७ वटै जिल्लामा जिससको संयोजकत्वमा समिति बनाइएको थियो। समितिमा विषयगत कार्यालयका प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालयका अधिकृत र जिल्ला समन्वय अधिकारी रहनुभएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# विषालु च्याउ खाँदा तीनको मृत्यु

नरेन्द्र केसी, घोराही, दाङ

जंगली च्याउ खाँदा दाङको घोराही उप-महानगरपालिकामा एकै वडाका तीन जनाको मृत्यु भएको छ।

जिल्लाकै पहाडी गाउँका रूपमा रहेको घोराही उप-महानगरपालिका-१९ का तीन जनाको मृत्यु भएको हो।

यसरी ज्यान गुमाउनेहरूमा पाँचपोखरीका चित्रबहादुर घर्ती, बालाराम घर्ती र पाँच वर्षीया प्रशंसा घर्ती रहेका छन्। चित्रबहादुरलाई घोराहीस्थित राप्ती उपक्षेत्रीय अस्पतालमा सामान्य उपचार गरी थप उपचारका लागि बाँकेस्थित कोहलपुर मेडिकल कलेजमा राखेको बेला निधन भएको प्रहरीले जनाएको छ। अन्य दुई जनाको पनि कोहलपुरमै निधन भएको हो।

पटक-पटक गरी दाङमा विषालु च्याउ खाएर ४५ जना बिरामी परेका छन्। त्यसमध्ये अधिकांशको बाँकेमा उपचार भइरहेको छ। वर्षात्को समयमा जंगलमा प्रशस्त च्याउ उम्रने र स्थानीयबासीले अनुमानका आधारमा च्याउ खाँदा ज्यान जाने गरेको देखिएको छ।

यसैबीच जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयले जंगली च्याउ नखान सार्वजनिक अनुरोध नै गरेका छन्। उनीहरूले स्थानीय सञ्चारमाध्यममार्फत सार्वजनिक आह्वान गरिरहेका छन्। विगतदेखि जंगली च्याउ खाँदै आएकोमा अनुमानका आधारमा च्याउ खाने र त्यसबाट क्षति हुन थालेपछि च्याउ नखान सार्वजनिक आह्वान गरिएको प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठले जानकारी दिनुभयो। चेतनाको अभावमा दाङमा धेरै बिरामी परेको सूचना आएको जनाउँदै उहाँले यसलाई कम गर्न जंगली च्याउसम्बन्धी जनचेतना विस्तार गर्नुपर्ने बताउनुभयो।

# सरकारलाई सर्वोच्चको झापड

प्रशान्त वली, काठमाडौं

अघिल्लो सरकारले गरेका राजनीतिक नियुक्तिहरूलाई सरकारको बदर गर्ने निर्णयलाई सर्वोच्च अदालतले धमाधम उल्टयाइदिएको छ। पुनर्बहालीका लागि सर्वोच्चमा निवेदन दिएका सबै संस्थाका पदाधिकारी पुनर्बहाली भएका छन्।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा नियुक्ति पाएका सरकारी संस्थानका पदाधिकारीहरूलाई वर्तमान सरकारले गत असार २० गते नियुक्ति खारेज गर्ने निर्णय गरेको थियो। निर्वाचनको समयमा नियुक्ति गरिएकाहरूलाई सरकारले फिर्ता बोलाएको हो। प्रक्रिया पूरा गरेर नियुक्ति पाए पनि सरकारले राजनीतिक कारण देखाउँदै फिर्ता बोलाएपछि पदाधिकारीले विभिन्न समयमा सर्वोच्चमा निवेदन दर्ता गराएका थिए।

सर्वोच्चबाट अन्तरिम आदेश पाउनेहरूमा चलचित्र विकास बोर्डका अध्यक्ष निकिता पौडेल, राष्ट्रिय सहकारी बोर्डका सहअध्यक्ष दक्ष पौडेल, गोरखापत्र संस्थानका महाप्रबन्धक वसन्तप्रकाश उपाध्याय हुनुहुन्छ। त्यसै गरी एकीकृत बाग्मती विकास समितिका अध्यक्ष नरेन्द्रराज बस्नेत, घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशक नवीनकुमार झा, कर्जा सुरक्षण कोषका कार्यकारी अधिकृत विष्णुबाबु मिश्र, नेपाल दूर सञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झा रहनुभएको छ।



निकिता पौडेल



चन्द्रसिंह साउद



बसन्तप्रकाश उपाध्याय



दक्ष पौडेल



दिगम्बर झा

त्यसै गरी नेपाल स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउद, न्यूनतम पारिश्रमिक निर्धारण आयोगका अध्यक्ष गंगाधर पराजुली, राष्ट्रिय सहकारी विकास बोर्ड मध्यमाञ्चल विकास समितिका अध्यक्ष विमलकुमार निरौला र खानेपानी संस्थानका सञ्चालक लीलाराम शर्मा पुन सोही जिम्मेवारीमा फर्कनुभएको छ।

सर्वोच्चका न्यायाधीश टंकबहादुर मोक्तानको एकल इजलाशले पौडेललाई हटाउने निर्णयको दोस्रो सुनुवाइ नभएसम्मका लागि यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो। सर्वोच्चको आदेशसँगै आफू अध्यक्ष रहेर बक्स अफिस (ई-टिकेटिङ प्रणाली) लागू गर्ने आफ्नो सपना पूरा भएको नेपाल समाचारपत्रलाई बताउनुभयो। पौडेलझैं बखास्त हुनुभएका नेपाल स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत साउद पनि पुनर्बहाली हुनुभएको छ। सर्वोच्च अदालतका न्यायाधीश डम्बरबहादुर शाहीको एकल इजलाशले रिटको सुनुवाइ गर्दै साउन १६ गते साउदलाई बोलाएको छ। साउद खुला प्रतिस्पर्धाबाट नेप्सेको सीईओमा नियुक्त हुनुभएको हो।

नेप्सेले सीईओ नियुक्तिका लागि गठित छनोट तथा सिफारिस समितिले ज्योति विकास बैंकका नायब कार्यकारी प्रमुख मनोज ज्ञवाली, प्राध्यापक प्रमोद शर्मा, नेपाल इन्स्योरेन्सका पूर्वमुख्य कार्यकारी चन्द्रसिंह साउदको नाम सरकारलाई सिफारिस गरेको थियो। राष्ट्रिय सहकारी बोर्डका सहअध्यक्ष दक्ष पौडेलले पुनर्बहाली पाउनुभएको छ। बोर्डका तत्कालीन सहअध्यक्ष सरोज शर्माले लगातार दुई कार्यकाल काम गरेर बाहिरिएपछि खाली रहेको सहअध्यक्ष पदमा तत्कालीन सरकारले पौडेललाई सहअध्यक्षमा नियुक्त गरेको हो।

पूर्ववर्ती २०७४ कात्तिकमा ४ वर्षका लागि उहाँलाई सो पदमा नियुक्त गरेको थियो। अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने भन्ने विषयमा दुवै पक्षलाई राखी छलफलका लागि यही साउन १५ गते बोलाएको छ।

त्यसै गरी गोरखापत्र संस्थानका महाप्रबन्धक वसन्तप्रकाश उपाध्याय पनि पुरानै जिम्मेवारीमा पुनर्बहाली हुनुभएको छ।

(क्रमश: पृष्ठ ९ मा)

> बाहिरी चक्रपथ, हाइटेन्सन लाइन, बागमती करिडोर, स्मार्ट सिटीजस्ता परियोजनामा आफ्नो जग्गा छोड्नु परेकाले नै आफूहरु सुकुम्बासी बन्ने भन्दै शुरुदेखि नै यस्ता परियोजनाप्रति स्थानीयबासीले विरोध गरिरहेका छन्।

# फास्ट ट्र्याक निर्माणमा किचलो
# अबको विकल्प के ?









सुरेश तामाङ

छोटो दूरीमा काठमाडौंसँग तराई मधेस जोड्ने बहुचर्चित आयोजनाका रूपमा लिइएको तराई मधेस द्रुत मार्ग (फास्ट ट्र्याक)को जिरो प्वाइन्ट अर्थात् काठमाडौंतर्फको बसपार्क राख्ने विषयलाई लिएर शुरू भएको विवाद लामो समयदेखि कायमै छ। ललितपुरको खोकनामा द्रुत मार्गको जिरो प्वाइन्ट राख्ने योजनास्वरूप निर्माणको जिम्मा पाएको नेपाली सेना गत फागुमा खोकना प्रवेश गरेसँगै विवाद बढेको हो।

खोकनाबासीले सेनाको अस्थायी क्याम्पलाई घेरा हाल्ने, धर्ना दिने, मसाल जुलुस गर्ने लगायतका विभिन्न विरोधका कार्यक्रमलाई निरन्तरता दिए। उचित मुआब्जा दिनुका साथै ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्ने खोकनाबासीको शुरूदेखिकै माग हो। खोकनाको ऐतिहासिक सिकाली चौर आयोजनाले मास्ने भन्दै यसलाई बचाउनुपर्ने खोकनाबासीको माग छ।

विवादै विवादकाबीच खोकनामा कायम गरिएको जिरो प्वाइन्टलाई सारेर बुंगमतीको फर्सिडोलमा कायम गर्ने गरी जनप्रतिनिधि, आयोजनाबीच एक किसिमको सहमति गर्दै मन्त्रिपरिषद्बाट अनुमोदनका लागि फाइल रक्षा मन्त्रालय पुगिसकेको छ। यसप्रति असन्तुष्टि जनाउँदै बुंगमतीका स्थानीयले निरन्तर विरोध गरिरहेका छन्। विरोध साम्य हुनुको सट्टा बढ्दै गएको छ। आयोजना र स्थानीयबीच पटक-पटक छलफल भए पनि अहिलेसम्म निकास निस्कन सकेको छैन।

स्थानीयले संगठित हुँदै विरोधलाई अझ बढाउँदै लैजाने तयारीसमेत गरिरहेका छन्। नेपाल सांस्कृतिक पुनर्जागरण अभियानका केन्द्रीय सदस्य असोज महर्जनले राज्यले कानुनमा भएको अधिकार समेत नागरिकलाई दिन कन्ज्युस्याइँ गरिरहेको भन्दै विरोध गर्नुको विकल्प नभएको बताउनुहुन्छ। 'हामीले अधिकार मागेका हौं। राज्यले दिएन', उहाँले भन्नुभयो- 'कानुनमा भएको अधिकार नदिएपछि विरोधमा उत्रिनुबाहेक केही विकल्प छैन।'

खोकनाबासीले आफ्नो जग्गा कौडीको भाउमा आयोजनालाई दिनुपर्ने भएकाले राज्यले दिने कम मूल्यको मुआब्जामा पटक्कै चित्त बुझाएका छैनन्। न्यायिक ढंगले उचित मुआब्जा वितरण गर्ने र ऐतिहासक सांस्कृतिक सम्पदाको संरक्षण गरिदिएमा आयोजनामा केही अवरोध नरहने उहाँले स्पष्ट पार्नुभयो।

'हाम्रो माग नै उचित मुआब्जा दिनुपर्‍यो, ऐतिहासिक सम्पदाको जगेर्ना गर्नुपर्‍यो भन्ने हो', उहाँले भन्नुभयो- 'तर हाम्रो मागलाई सम्बोधन गर्नुको सट्टा राज्यले दमनकारी भूमिका खेलिरहेको छ। यो राम्रो होइन।'

**मुआब्जामा पुन: मूल्यांकन हुँदैन: मुआब्जा निर्धारण समिति**

मुआब्जा निर्धारण समितिले द्रुत मार्ग सडक आयोजनाका लागि अधिकरण गरिएका जग्गाको मुआब्जामा पुनः मूल्यांकन नहुने बताएको छ। मुआब्जामा पुनः मूल्यांकन नहुने जनाएको हो। गृह सचिवस्तरीय बैठकले यही असार १५ मा निर्णय गर्दै मुआब्जामा पुनः मूल्यांकन नहुने सूचना जिल्ला प्रशासन कार्यालय ललितपुरले यही असार १९ गते जारी गरेको थियो। आयोजनाका लागि अधिकरण गरिएका जग्गाको मिति २०७२ साउन २९ गते बसेको मुआब्जा निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्ति/मुआब्जाका लागि निर्धारित मूल्यमा चित्त नबुझी पुनरावलोकनका लागि गृह मन्त्रालयमा खोकना, बुंगमती, सैंबुका स्थानीयले निवेदन दिएका थिए।

निवेदनका सम्बन्धमा गृह सचिवस्तरबाट निर्णय गर्दै मुआब्जा निर्धारण समितिले गरेको निर्णय कानुनसम्मत नै भएकाले पुनः मूल्यांकन गरी रहनुपर्ने नदेखिएको भनियो। ललितपुरको सैंबु, खोकना, बुंगमती, फर्सिडोल क्षेत्रमा आयोजनााका लागि आवश्यक पर्ने करिब ८ सय रोपनी जग्गा अधिकरण हुनुपर्नेमा २ सय ५० रोपनीको अधिकरण गरी मुआब्जा वितरण भइसकेको छ।

**निरन्तर विरोध भइरह्यो भने विकल्प के ?**

सार्वजनिक सुनुवाइ गर्दा खोकना, सैंबु, बुंगमतीका स्थानीयबासीको यस परियोजनाप्रति शुरूदेखि नै असन्तुष्टि रहेको छ। बाहिरी चक्रपथ, हाइटेन्सन लाइन, बागमती करिडोर, स्मार्ट सिटीजस्ता परियोजनामा आफ्नो जग्गा छोड्नु परेकाले नै आफूहरू सुकुम्बासी बन्ने भन्दै शुरूदेखि नै यस्ता परियोजनाप्रति स्थानीयबासीले विरोध गरिरहेका छन्। फास्ट ट्र्याक निर्माणप्रति पनि स्थानीयले विरोध गर्दै आएका छन्। विरोधका बीच सेनाले अहिले जिरो प्वाइन्टको काम गर्न सकिरहेको छैन। निरन्तर विरोध भइरहेकाले यस रुटको विकल्प के भन्ने बारेमा विभिन्न समयमा गरिएको अध्ययनले विकल्प दिएको छ। हेटौंडादेखि चित्लाङ छिचोल्दै काठमाडौं ल्याउन सकिने रुटको विकल्प दिएको छ। अर्को हेटौंडा हुँदै कुलेखानी, फर्पिङ हुँदै काठमाडौं चल्ने अहिलेकै बाटोलाई विस्तार गर्न सकिने विकल्प दिएको छ। यी दुवै महँगो लागतमा निर्माण हुने रुट हुन्। अर्को रुट भनेको हाल विवादित रहेको रहेको रुटलाई सबैभन्दा सस्तोमा बन्ने रुटका रूपमा लिइएको छ।

> ‘ मुआब्जामा पुनः मूल्यांकन हुंदैन ’

यसलाई अरू रुटभन्दा १५ दशमलब ७ बिलियन डलरले सस्तो रुटका रूपमा लिइएको छ। यो पूर्व-पश्चिम राजमार्गदेखि ७६ किमिको दूरीमा रहेको र अन्य रुटदेखि १७ किमि पूर्वी तराई छोटो रहेको छ।१ दशमलब ५ किमिका ४ वटा छोटो दूरीका सुरुङ बनाउनुपर्ने यस रुट निर्माण सम्पन्न गर्न सन् २०१३ मा ११ मिलियन बजेटको अनुमान गरिएको थियो।

त्यस्तै यो रुटकै लागतमा बन्न सक्ने रुट बागमतीको पश्चिम किनार हुँदै काठमाडौं जोड्ने विकल्प दिइएको छ। तर विरोध भइरहँदा पनि विकल्पका बारेमा सरकारले निर्णय गर्न सकेको छैन। नेपाली सेनाका प्रवक्ता गोकुल भण्डारीले खोकनामा शुरूदेखि नै विवाद आइरहेपछि वैकल्पिक रुटहरू पनि सोचेको तर राज्यको माथिल्लो तहबाट ठोस निचोड नआइसकेकाले दिइएको काम मात्रै गरिरहेको बताउनुभयो।

**डीपीआरबिना नै निर्माण**

नगरभित्र बसोबास गर्ने जो कोहीले अहिले घर बनाउँदा घरको डिजाइन र नक्सा पास नगरी घर बनाउन पाइँदैन। तर द्रुत मार्गजस्तो राष्ट्रिय गौरवको आयोजना मेगा प्रोजेक्टको निर्माण कार्य थाल्दा विस्तृत परियोजना अध्ययन प्रतिवेदन (डीपीआर) नभई नहुने सडक विभागका उच्च अधिकारीहरू बताउँछन्।

उनीहरूले डीपीआरबिना नै निर्माणको काम अघि बढाउनु भनेको राज्यविरुद्धको अपराध नै भएको दाबी गरेका छन्। 'डीपीआरबिना नै सडक निर्माणमा लाग्नु राज्यप्रतिको अपराध जस्तै हो', विभागका एक उच्च अधिकारीले नेपाल समाचारपत्रसँग भने- 'यो गर्नै नहुने काम हो। मेगा प्रोजेक्टको काम गर्दा डीपीआरको तयारीबिनै काम शुरू गर्नु अपराध गरेसरह नै हो।'

आयोजना बनाउन सकिने हो कि होइन? आर्थिकरूपले सम्पन्न गर्न सकिने हो कि होइन? रुटको एलाइन्मेन्ट कता-कताबाट कायम गर्दा राम्रो हुन्छ? त्योमध्ये सबभन्दा राम्रो कुन हो? यी कुरालाई बुझ्ने सम्भाव्यता अध्ययन भएकाले निर्माण थाल्न डीपीआर नै चाहिनेमा उनले जोड दिए। डीपीआरमा विस्तृत प्राविधिक अध्ययन, वातावरणीय अध्ययन, जग्गा प्राप्ति, बस्ती स्थानान्तरणलगायतका कुरा कसरी हल गर्ने भन्ने विषय विस्तृतमा समावेश हुन्छ ? कुन डिजाइन कति लागतमा बनाउन सकिन्छ र बजेट कसरी जुटाउने ? भन्ने विषयमा विस्तृत अध्ययन गर्नै पर्ने भए पनि हतार-हतारमा सरकारले फास्ट ट्र्याक निर्माणको काम अगाडि बढाउँदा सरकारी निकायबीच नै समन्वयको अभाव देखिएको छ।

'कुन कामको कति परिणाममा कसरी गर्ने ? त्यसको नक्सा डिजाइन इत्यादि सम्पूर्ण कुरा डीपीआरमा हुन्छ। भौगर्भिक अध्ययन गर्नुपर्ने हुन्छ। त्यो सबै नगरिकन यत्रो ठूलो प्रोजेक्ट गर्नु भनेको हामी त कल्पनामा पनि सोच्दैनौं' -विभागका ती कर्मचारीले बताए।

डीपीआरबिना सडक निर्माणमा लाग्नु भनेको प्लेन बनाउँछु भनेर चंगा उडाउनुजस्तै भएको भन्दै उनीहरूले मेगा प्रोजेक्टमा यस्तो खेलाँची भएकोमा असाध्यै दुखदायी भएको प्रतिक्रिया दिँदै सरकारप्रति असन्तुष्टि जनाएका छन्।

**समस्या समाधान गर्न लागिरहेका छौं : सेना प्रवक्ता भण्डारी**

द्रुत मार्गको जिरो प्वाइन्टलाई लिएर शुरू भएको विवाद समाधान गर्न सेना लागिरहेको प्रवक्ता गोकुल भण्डारीले बताउनुभयो। उहाँले समस्या समाधानका लागि आपसी समझदारी र छलफल नै रहेकोले स्थानीयसँग जबरजस्ती नगर्ने जानकारी दिनुभयो। 'जबरजस्ती गरेर हुँदैन। यसमा सेना र राज्यले जबरजस्ती गर्ने सोच पनि बनाएको छैन', उहाँले भन्नुभयो- 'छलफल भइरहेको छ। छलफलबाटै समस्याको समाधान निकाल्ने हो। हामी प्रयासरत छौं।'

एडीबीले २००८ मा गरेको सम्भाव्यता अध्ययनलाई आधार बनाएर नेपाली सेनाले परामर्शदाता नियुक्त गर्दै विस्तृत इन्जिनियरिङ अध्ययन गर्दै काम शुरू गरेको उहाँको दाबी छ। डीपीआर हाइब्रिज र टनेलका लागि आवश्यक रहेकाले विस्तृत इन्जिनियरिङ अध्ययन र सम्भाव्यता अध्ययनलाई आधार मानेर सडक निर्माणको काम अघि बढिरहेको छ। 'सडक निर्माण गर्न सेना आफैंको सक्रियतामा परामर्शदाता नियुक्त गरेर विस्तृत इन्जिनियरिङ अध्ययन भएको छ', उहाँले भन्नुभयो- 'यसैको आधारमा सडक निर्माणका काम भइरहेको छ।'



## फेसन आइकन

अभिनेतृ करिश्मा मानन्धर र अभिनेता तथा कोरियोग्राफर प्रशान्त ताम्राकार फेसन आइकन अवार्ड-२०१८ ग्रहण गर्दै।

PAGE 3

## मालिनी स्माइल

नायिका रेखा थापा आफूद्वारा निर्देशित फिल्म मालिनीको गीत रिलिज कार्यक्रममा।



# बक्स अफिस प्रणाली शुरू



चलचित्र विकास बोर्डको अध्यक्ष नियुक्त भएपछि बक्स अफिस प्रणाली लागू गर्ने कार्यलाई पहिलो प्राथमिकता दिएर काम अगाडि बढाएकी निकिता पौडेललाई सर्वोच्च अदालतले पदमुक्त गर्ने सरकारको निर्णय तत्कालका लागि कार्यान्वयन नगर्न आदेश दिएकै भोलिपल्ट बक्स अफिसको शुभारम्भ भएको छ।

नयाँ आर्थिक वर्ष साउन १ बाट बक्स अफिस प्रणाली लागू गर्ने सरकारको पूर्वनिर्धातिर योजनाअनुसार मंगलबार बक्स अफिस सञ्चालनमा आएको हो। बोर्डकै कार्यालयमा आयोजित एक समारोहबीच सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बासकोटाले बक्स अफिस प्रणालीको शुभारम्भ गरे। तर, अर्को सुनुवाइ नभएसम्म निकितालाई पदमुक्त गर्ने सरकारको निर्णयको कार्यान्वयन नगर्न सर्वोच्चले आदेश दिए पनि निकिता भने सो कार्यक्रममा उपस्थित भइनन्। ओली सरकारको गत असार २० गते बसेको मन्त्रिपरिषद् बैठकले तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारले गत वर्ष भदौ १४ देखि फागुन २ गतेसम्म गरेका सबै राजनीतिक नियुक्ति खारेज गर्ने निर्णय गरेसँगै खुला प्रक्रियाअन्तर्गत प्रक्रिया पूरा गरी बोर्ड अध्यक्ष नियुक्त भएकी निकितालाई समेत पदमुक्त भएको पत्र थमाइएको थियो।

बक्स अफिस प्रणाली शुभारम्भ कार्यक्रममा बोल्दै सञ्चारमन्त्री गोकुलप्रसाद बासकोटाले राजनीतिक नियुक्ति बदर गर्ने क्रममा बोर्ड अध्यक्ष निकिता पौडल घानमा परेको बताए। 'उहाँलाई हटाउने हाम्रो उद्देश्य होइन, तर घानमा पर्नुभयो। राजनीतिमा कहिलेकाहीं यस्तै हुन्छ।' मन्त्री बासकोटाले अब फिल्म व्यवसाय पारदर्शी हुने चर्चा गर्दै हाललाई काठमाडौंमा मात्र बक्स अफिस लगाइए पनि केही महिनामा बाहिरसमेत यो प्रणाली लागू गर्ने र हल व्यवसायीले सर्भर जडान गर्न नसके राज्यले व्यवस्था गर्नेसमेत बताए।

बोर्डका पूर्वसदस्य तथा पत्रकार अशोक प्यासी राईद्वारा सञ्चालित कार्यपत्रमा बोर्डका सदस्य सचिव महेन्द्रप्रसाद साखीले ५ दशक लामो इतिहासको दौरानमा स्वदेशी चलचित्र क्षेत्रको बृहत्तर हित र विकासका निम्ती फिल्मकर्मीले उठाउँदै आएको माग र आवश्यकताअनुसार बक्स अफिस सञ्चालनमा ल्याइएको बताए। यसको सफ्टवेयरको सुरक्षण र विश्वसनीयताका लागि नेपाल सरकारको राष्ट्रिय सूचना प्रविधि केन्द्रमा रहेको सेन्ट्रल सिनेमा मेनजमेन्ट सिस्टममा राखिएको बताए। बोर्डका सूचना तथा अन्तर्राष्ट्रिय सम्पर्क अधिकृत चिरञ्जीवी गुरागाईंकाअनुसार बक्स अफिस प्रणाली काठमाडौंका सबै हलमा लगाइएको छ।

## अझै धेरै कठिनाइ पहाड बनेर आउनेछन् : निकिता पौडेल



सर्वोच्चको आदेशसँगै चलचित्र विकास बोर्डको अध्यक्षमा पुनर्वहाल भएकी निकिता पौडेलले बक्स अफिस प्रणाली लागू भएकोमा खुसी व्यक्त गर्दै अझै धेरै कठिनाइ चुनौतीका पहाड बनेर आउने उल्लेख गरेकी छिन्। उनले बक्स अफिस प्रणाली लागू गराउन साथ र सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै सबैबाट सद्भाव, सहयोग र रचनात्मक सुझावको अपेक्षा गरेको समेत प्रस्ट पारेकी छिन्।

'आज साउन १ गते, नेपाली चलचित्र क्षेत्रका लागि ऐतिहासिक दिन हो। आजबाट नेपालको इतिहासमा पहिलोपटक बक्स अफिस प्रणालीको औपचारिकरूपमा शुरुआत भएको छ। यस कामका लागि दिन-रात नभनी विगत ७ महिनादेखि अहोरात्र काम गर्ने सबैप्रति आभार व्यक्त गर्दछु', बोर्ड अध्यक्ष निकिता पौडेलले फेसबुकमा स्ट्याटस लेख्दै भनेकी छिन्- 'सर्वोच्च अदालतले पद बर्खास्तीसम्बन्धी सरकारको हालैको निर्णय कार्यान्वन नगर्न अन्तरिम आदेश जारी गरेसँगै, आफैं अध्यक्ष रहेर बक्स अफिस प्रणाली लागू गर्ने मेरो एउटा सपना पूरा भएको छ। आजबाट बक्स अफिस प्रणालीको शुरुआत भइसकेको छ तर अझै धेरै कठिनाइ र कयौं प्राविधिक समस्याहरू हाम्रासामु चुनौतीका पहाड बनेर आउनेछन्। अब केही समयका लागि आलोचना होइन, सबैबाट सद्भाव, सहयोग र रचनात्मक सुझावको अपेक्षा गरेकी छु।'

## बलिउडकी आमाको निधन



तीन दशकसम्म बलिउड फिल्म र सिरियलमा आमाको भूमिकामा राज गर्ने अभिनेतृ रीता भादुरीको निधन भएको छ।

भारतीय सञ्चारमाध्यकाअनुसार मंगलबार बिहान मुम्बईको एक अस्पतालमा ६२ वर्षको उमेरमा उनको निधन भएको हो। लामो समयदेखि मृगौलाको समस्या भोगिरहेकी उनी करिब १० दिनदेखि अस्वस्थ थिइन्। अचानक उनको निधनको खबर बाहिरिएपछि बलिउड उद्योग शोकमग्न बन्न पुगेको छ।

सन् ८० को दशकमा बलिउडमा छाएकी उनले *घर हो तो ऐसा, बेटा, कभी हाँ कभी ना, रंग, तमन्ना फूलनदेवी* जस्ता फिल्ममा अभिनय गरेकी थिइन्। रीता फिल्मी दुनियाँमा मात्र नभई टेलिभिजन दुनियामा पनि चर्चित थिइन्। उनी पछिल्लो समय छोटो पर्दाको चर्चित सिरियल *निमकी मुखिया*मा हजुरआमाको भूमिकामा अभिनय गरिरहेकी थिइन्। उनको अन्तिम दाहसंस्कार मंगलबार नै गरिएको समाचारमा जनाइएको छ।

# लेडी हिरो रेखाको सुदूरपश्चिमेली रूप



लेडी हिरो रेखा थापाद्वारा निर्मित, निर्देशित र अभिनित फिल्म *मालिका*को गीत सार्वजनिक गरिएको छ। राजधानीमा मंगलबार आयोजित एक समारोहबीच *मालिका*को *हल्का माया के माया* बोलको गीत सार्वजनिक भएको हो। रामजी लामिछानेले कोरियोग्राफी गरेको गीतको भिजुअलमा रेखा कोरस कलाकारको ठूलो समूहका साथ प्रस्तुत भएकी छिन्। सुदूरपश्चिमको भाका, भाषा र शब्दयुक्त गीतको भिजुअलमा त्यहाँकै रहनसहन र कला संस्कृति समेटिएको छ। स्लो फ्लोक शैलीको गीतमा रेखा गुन्यु-चोलोमा प्रस्तुत भएकी छिन्। गीत र यसको भिजुअल बूढासुब्बा म्युजिकको आधिकारिक युट्युब च्यानलमा राखिएको छ। फिल्मको यो गीत नारा कार्कीको शब्द रचना र सुरेश अधिकारीको संगीतमा अञ्जु पन्तले गाएकी छिन्।

'*मालिका* मेरो अर्को फिल्म होइन, विगतका फिल्ममा दिन नसकेका कुरा, अपूर्णता, अभावको पूर्ण रूप हो। तथापित यो पनि पूर्ण नहुन सक्छ', कार्यक्रममा रेखाले भनिन्- 'म व्यावसायिक वा मनोरञ्जनात्मक भए पनि नारीको उत्थान गर्ने नारी प्रधान फिल्म नै निर्माण गरिहेकी छु र *मालिका*सम्म आउँदा गम्भीर भएकी छु। त्यो केले भने देशका विभिन्न स्थानमा पुगेर त्यहाँका स्थिति देख्दा नेपाली फिल्मले मेची-महाकालीलाई सम्बोधन गरेको छ कि छैन भन्ने सधैं लाग्ने गर्छ। पहाड र तराईलाई सम्बोधन गरेको छ कि छैन भन्ने प्रश्न उठ्ने गर्छ। शिक्षा, स्वास्थ्य, राजनीति क्षेत्रले राष्ट्रलाई योगदान गर्न सक्छ भने यो क्षेत्रले किन सक्दैन भन्ने लाग्छ? मुगुको महिलाले यो मेरो फिल्म भन्ने उत्थान गर्ने कि नगर्ने? यही सोचेर यसपालि *मालिका* बनाएकी छु।'


आगामी कात्तिक २१ गते लक्ष्मीपूजाको दिन अल नेपाल रिलिज हुने फिल्ममा कथा र कल्पना रेखा थापा र नारा कार्की, पटकथा शिवम् अधिकारी, छायांकन रामशरण उप्रेती र संवाद बनिष शाहको रहेको छ। सरस्वती थापाको निर्माण र नारा कार्कीको कार्यकारी निर्माण रहेको फिल्ममा कमला वलीलाई डेब्यु दिइएको छ भने रेखा थापाका साथमा अन्य कलाकारले प्रमुख भूमिकामा अभिनय गरेका छन्।

# २१ किशोरी मिस टिन प्लस टुमा जुध्दै



प्लस टुमा अध्ययनरत किशोरीहरूका बीचको सौन्दर्य प्रतियोगिता *मिस टिन प्लस टु* यो वर्ष पनि हुने भएको छ। स्टार वन इन्टरटेनमेन्ट प्रालिले राजधानीका विभिन्न कलेजमा प्लस टु अध्ययन गरिरहेका किशोरीको आत्मविश्वास, बौद्धिक र व्यक्तित्व विकासका लागि हरेक वर्षझैं यो वर्ष पनि *मिस टिन प्लस टु २०१८* आयोजना गर्न लागेको स्टार वानकी पेजेन्ट निर्देशक पूजा निरौलाले जानकारी गराइन्।

चौथो संस्करणको यो प्रतियोगितामा करिश्मा गुरुङ, चन्द्रिका रावल, इशु लामा, मेरिना सुवेदी, कमला तामाङ, लक्ष्मी सेवा, ऐश्वर्य थापा, शिक्षा आचार्य, सभ्यता भण्डारी, रोशनी श्रेष्ठ, रोजिना गमाल, अन्विशा रावल, दीपिका अधिकारी, सारिका भौकाजी, स्मृति पराजुली, कुसुम क्षत्री, निरू कुचिकार, सदीक्षा सिंह, निमी शाक्य, सुनीता शाही र अर्चना पाठकले अन्तिम स्पर्धा गर्नेछन्। बालकृष्ण पोखरेलको संयोजनमा आगामी साउन १२ गते राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा हुने अन्तिम प्रतिस्पर्धामा रहेका प्रतियोगी किशोरीहरूलाई करिब १ महिना लामो समयसम्म नयाँ बानेश्वरस्थित होटल रानी महलमा विभिन्न विषयका विज्ञहरूले प्रशिक्षण दिइरहेको पेजेन्ट निर्देशक निरौलाले बताइन्। प्रतियोगिताको विजयीलाई उच्च शिक्षाको छात्रवृत्ति, टफेल, आईएलटीएस, भाषा प्रशिक्षण, विदेश अध्ययनका लागि विशेष छुट, नि:शुल्क एयर होस्टेस तालिमको व्यवस्था गरिएको प्रतियोगिताअन्तर्गत ग्रुमिङ, मास फेसिङ, व्यक्तित्व विकास, जुम्वा, हेल्थ चेकअप, लिडरसिप, एयर होस्टेस ट्रेनिङ गाइड, डान्स कोरियोग्राफी, सेल्फ मेकअप ट्रेनिङ, वृद्ध आश्रम भिजिटलगायतको तालिम र अवसर मिलाइएको निरौलाले जानकारी गराइन्।



# विचार

राजनीतिज्ञले ईश्वरलाई पनि धोका दिन्छ।
– सेक्सपियर

आगोलाई पानीले नष्ट गरेजस्तै ज्ञानले मनलाई शान्त राख्नुपर्दछ।
– वेदव्यास

## सम्पादकीय

नेपाल समाचारपत्र

## उपराष्ट्रपतिको व्यवस्थापनमा ध्यान देऊ

संविधानले नै उपराष्ट्रपतिको व्यवस्था गरेको छ । संविधानअनुसार उपराष्ट्रपतिको व्यवस्था भएको दश वर्ष बितिसकेको छ । तर उपराष्ट्रपतिको कार्यालय र निवासको स्थायी ढंगले व्यवस्थापन हुन सकेको छैन । लामो समयदेखि उपराष्ट्रपतिको कार्यालयले कार्यालय र निवास निर्माणको लागि सरकारलाई पत्राचार गर्दा पनि कुनै सुनुवाइ हुन सकेको छैन । मर्यादाक्रमअनुसार राष्ट्रपतिपछि दोस्रो वरियताक्रममा उपराष्ट्रपतिको व्यवस्था गरिएको छ तर दश वर्ष बितिसक्दासम्म अस्थायी रूपमा नै भए पनि कार्यालय र निवासको राम्रो प्रबन्ध हुन सकेको छैन । सरकारले उपराष्ट्रपतिलाई सेवा–सुविधा दिए पनि उपराष्ट्रपतिको कार्यालयको व्यवस्थापनमा पर्याप्त ध्यान दिन नसक्नु सरकारको ठूलो कमजोरी हो ।

निवास र कार्यालयमा विभिन्न देशका राष्ट्रप्रमुखदेखि कूटनीतिक नियोगका प्रतिनिधिहरू आउने हुँदा त्यसको व्यवस्थापनमा पनि उत्तिकै ध्यान दिनुपर्ने हो । उपराष्ट्रपति बस्दै आउनुभएको हालको बहादुर भवन जीर्ण बनेको छ । भवनलाई रेक्ट्रोफिटिङ गर्ने वा अन्यत्र सार्ने भन्ने विषयमा अहिलेसम्म कुनै पनि निर्णय हुन सकेको छैन । तीनपटक कार्यदल गठन गरेर नै काम गरे पनि कहाँ र कुन ठाउँमा उपराष्ट्रपतिको कार्यालय राख्ने भन्ने विषयमा सहमति जुट्न सकेको छैन । कार्यदल गठन हुने र औपचारिकता पूरा गर्नेबाहेक उपलब्धि हासिल गर्न सकेको देखिँदैन । उपराष्ट्रपतिको सुरक्षाको लागि खटिने संख्या ठूलो हुने हुँदा खुल्ला क्षेत्र भएको स्थानको खोजी सरकारले गरे पनि अझै टुंगो लगाउन सकेको छैन ।

संविधानमा नै व्यवस्था भएको उपराष्ट्रपतिका लागि सुरक्षामा खटिने सुरक्षाकर्मीको संख्याको उचित व्यवस्थापन गर्नका लागि सरकारले उपराष्ट्रपतिको स्थायी कार्यालय र निवास बनाउनेतर्फ ध्यान दिनुपर्छ । सकेसम्म एउटै स्थानमा निवास र कार्यालय हुने गरी निर्माण गर्दा राज्यलाई व्ययभार कम पर्छ । जीर्ण कार्यालयको उचित व्यवस्थापन गर्नेतर्फ पनि सरकारले ध्यान दिनुपर्छ । तीन वर्षअघि गएको विनाशकारी भूकम्पको कारण जीर्ण बनेको उपराष्ट्रपतिको कार्यालयको अहिलेसम्म उचित मर्मत सम्भार हुन नसक्नु विडम्बना नै मान्नुपर्छ । उपराष्ट्रपतिको मर्यादाक्रमअनुसार सरकारले गर्नुपर्ने दायित्व र कर्तव्य पनि पूरा गर्नुपर्छ । उपराष्ट्रपतिको व्यवस्था गर्ने तर त्यसको लागि उचित व्यवस्थापनको काम नगर्दा समस्या उत्पन्न भएकोतर्फ सरकारले ध्यान दिनै पर्छ । सधैँ भाडाको घर खोज्नेभन्दा पनि स्थायी रूपमा उपराष्ट्रपतिको कार्यालय र निवासको व्यवस्थापन गर्न ढिलाइ गर्नुहुँदैन ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# काँचुली फेर्दै सशस्त्र प्रहरी संगठन



भीमबहादुर पन्थ

"सशस्त्र प्रहरी बल राज्यका ७७ वटै जिल्लामा विस्तार गर्ने नीतिगत निर्णय भएको समाचार सुन्दा गौरवको अनुभूति भएको छ। यसै गरी सीमा सुरक्षा कार्यालयहरूलाई सशस्त्र प्रहरी गणमा रुपान्तरण गर्दै जाने नीति अत्यन्त सान्दर्भिक छ। हेर्दै जाऊँ अझै संगठनले क्रमिकरुपमा आफूलाई परिमार्जित, परिस्कृत गर्दै जानेछ। क्रमशः यसले काँचुली फेर्दै जाने निश्चित छ।

समय, काल, परिस्थिति तथा आवश्यकताले सुरक्षा अंगहरूको स्थापना हुने गर्दछन्। नेपालको इतिहास हेर्ने हो भने, २००७ सालभन्दा अगाडि शाही नेपाली सेना (हालको नेपाली सेना) को मात्रै वर्चश्व थियो। २००७ सालको जनआन्दोलन जसले १०४ बर्से राणाशासनकालको अन्त्य भई प्रजातन्त्रको स्थापनापश्चात् पनि नेपाल प्रहरीको आईजीपी सेनाकै जनरलहरूमध्येबाट नियुक्त हुने प्रचलन थियो। प्रहरीको कामसमेत रामदलको नामबाट सेनाबाटै हुँदै आएकोमा २०१२ सालमा नेपाल प्रहरीको आधिकारिक जन्म भएको देखिन्छ। नेपाल प्रहरीको स्थापनापश्चात् आन्तरिक शान्ति सुरक्षाको महत्वपूर्ण जिम्मेवारी नेपाल प्रहरीबाटै हुँदै आएको थियो। यसै क्रममा २०५२ सालपछि नेपालले १० बर्से द्वन्द्वकालको नमिठो परिघटना व्यहोर्नुपर्‍यो।

देशमा भएका विभिन्न आन्दोलनका कारण राजनीतिक परिवर्तन हुँदै गए। नागरिक प्रहरीको रूपमा आफूलाई रूपान्तरित गर्दै गएको नेपाल प्रहरीको तत्कालीन जनशक्ति आक्रामक शैलीमा प्रस्तुत विद्रोही आक्रमणकारीको सामना गर्न मानसिक, भौतिकरूपमा तयार हुन कठिन थियो। गाउँ-बस्तीमा निकट रहेर नागरिकको घरदैलोमा सेवा दिने उद्देश्यले स्थानीयवासीको अनुरोधमा धेरैजसो ठाउँमा त स्थानीयहरूको सहयोगमा उपलब्ध गराइएका सानो क्षेत्रफलको जग्गामा सानो युनिट खडा गरी रहेको थियो प्रहरी। स्थानीयवासीको आर्थिक सहयोगमा निर्मित सामान्य कार्यालय भवनमा बसी जनभावनाअनुरूप कार्य गर्दै आएको नेपाल प्रहरीको युनिटमा आक्रमण गरेर आफूलाई विजयी साबित गरी प्रहरीको मनोबल गिराउने काम भयो। तत्कालीन सरकारले आफ्नो दाहिने हातलाई दिइनुपर्ने संरक्षणतर्फ खासै प्रोत्साहन, हौसला अभिवृद्धि गर्ने दिशामा त्यति ध्यान पुऱ्याएको देखिँदैन। 'खाए खा नखाए घिच' भनेझैं समाउने हाँगो र टेक्ने खुड्किलो नभएका संगठन नै जीवन गुजारा गर्ने एकमात्र माध्यम भएका विशुद्ध पेसाकर्मी प्रहरीहरूलाई जबरजस्ती युद्धको भूमरीमा धकेल्ने काम भयो। यसले नेपाल प्रहरीका सदस्यहरूको मनोबल गिर्न गयो। देश तथा जनताको सुरक्षाको लागि ज्यानको बाजी राखेर भए पनि कर्तव्यको बलिवेदीमा होमिनुपर्ने प्रहरीमा आत्मरक्षा नै ठूलो सफलता ठान्ने प्रवृत्ति हाबी हुन पुग्यो। आतंक प्रभावित क्षेत्रमा बस्नै पर्ने अवधि कार्यालयबाट अल आउट भएर किन नहोस् पूरा गर्ने मानसिकता तयार भयो। यसबाट दुश्मनसँग भिड्ने मानसिकतामा कमी आउँदै गयो, दुश्मनलाई बर्बाद गर्ने एकमात्र लक्ष्य हुनुपर्ने थियो, नेपाल प्रहरीको मनोबल गिर्दै गएको कारण एकादुई ठाउँमा पराजय भोग्नुपऱ्यो।

यसरी दिनानुदिन नेपाल प्रहरीका युनिट नै ध्वस्त हुनेसम्मका अत्यन्त बीभत्स घटना हुनु र तत्कालीन अवस्थामा राजसंस्थाको स्वीकृतिविना सेना परिचालन हुन नसक्ने बाध्यत्मक अवस्थाले अर्को अर्धसैनिक प्रकृतिको सुरक्षा निकायको आवश्यकता महसुस तत्कालीन सरकारले गऱ्यो। यसैको फलस्वरूप नेपालकै पहिलो अर्धसैनिक बलको गठन हुन पुग्यो। जसमा नेपाली सेना तथा नेपाल प्रहरीबाट इच्छुक जनशक्तिलाई स्थानान्तरण गरेर संगठन स्थापना गर्ने नीतिअनुरूप २०५७ मा सशस्त्र प्रहरी बल स्थापना भयो। स्थापनाको शुरूवातसँगै सशस्त्र प्रहरी बलले तत्कालीन द्वन्द्वकालीन अवस्थाको सफलतापूर्वक सामना गरेको थियो। तत्कालीन जटिल परिस्थितिमा पनि कत्ति पनि विचलित नभई परिस्थिति अनुकूलको दक्ष जनशक्ति उत्पादन गर्दै जस्तोसुकै गम्भीर परिस्थितिमा पनि दृढताका साथ कर्तव्यपथमा रत्तिभर विचलित नभई जुटिरहने निष्ठावान् जनशक्ति उत्पादन गरी संगठनलाई सुदृढ, मजबुत तुल्याउन तत्कालीन नेतृत्व तहको सुझबुझपूर्ण कार्यशैली स्पष्ट देखिन्छ।

०६२/६३ को दोस्रो जनआन्दोलनपछि त्यस्ता जटिल परिस्थितिमा स्थापना भएको सुरक्षा निकाय भए पनि छुट्टै म्यानडेट (कार्यक्षेत्र) लिएर गठन भएको संगठनलाई तत्कालीन सरकारसामु आवश्यकता पुष्टि गर्नुपर्ने अवस्था नआएको होइन। त्यति बेलाका संगठन प्रमुखहरूले ठूलै कूटनीतिक लबिङ गरी संगठनको आवश्यकता पुष्टि गर्दै आवश्यकता र राज्यको क्षमताअनुसार जनशक्ति थप गर्दै नयाँ-नयाँ जिम्मेवारी (छुट्टै सीमा सुरक्षा विभागको स्थापना, सीमा प्रहरी कार्यालय, औद्योगिक सुरक्षा गण तथा गुल्म, जिल्ला सुरक्षा गुल्म र बी.ओ.पी.(बोर्डर आउट पोस्ट) स्थापना, राजस्व भन्सार गस्ती) निर्वाह गर्ने अख्तियारी लिन सफल पूर्व संगठन प्रमुख तथा उच्चपदस्थ अधिकृतज्यूहरू धन्यवादका पात्र छन्।

सशस्त्र प्रहरी बलका संस्थापक संगठन प्रमुख कृष्णमोहन श्रेष्ठको अकल्पनीय देहावसानले संगठनको विकासक्रम जुन गतिमा अघि बढ्दै थियो केही समयका लागि अवरुद्ध भयो। पीडालाई शक्तिमा बदल्नुपर्छ भन्ने मान्यताका धनी दोस्रा संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक (स्व. सहवीर थापा) ले भौतिक स्रोत-साधन व्यवस्थापनमा एकाग्र भई जुट्दाजुट्दै दोस्रो जनआन्दोलनको शुभारम्भ भयो। जनआन्दोलन अर्कै मोडमा पुग्यो, अढाइ सय वर्षअघिदेखि शासन सञ्चालन गर्दै आएको शाही शासनकाल समाप्त भई प्रजातन्त्रको पुनर्वहाली हुन पुग्यो। सुरक्षा निकायहरूमा पकड जमाउने उद्देश्यले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा बहालवाला महानिरीक्षकहरूलाई हटाई आफू अनुकूलका प्रहरी महानिरीक्षकको खोजीमा तत्कालीन सरकार लागेको देखिन्छ। यसैको परिणामस्वरूप तत्कालीन दुवै संगठनका दोस्रा वरीयताका उच्चपदस्थ अधिकृतहरूलाई प्रहरी महानिरीक्षक हुनबाट वञ्चित गरियो। यही क्रममा सशस्त्र प्रहरी बलका दोस्रा संगठन प्रमुखले पनि व्यवस्था नै परिवर्तन भएकाले आफ्नो पूर्णकार्यकाल सहजरूपमा पूरा गर्न पाउनुभएन र बीचैमा अपदस्थ गराइयो। त्यसपछि पनि लहडी शैलीमा पजनी गर्ने गलत मनसायले स्थापनाकालदेखि नभएको ३० बर्से सेवाअवधि लागू भयो। यसका कारण कसैले पनि पदावधिसम्म संगठनको नेतृत्व लिन पाउनुभएन, छोटो-छोटो अवधिमा नै अवकाशको समय आउने भएकाले दीर्घकालीन सोच र भिजनका साथ काम नै अघि बढेन। नेपाल प्रहरीमा जस्तो जंगबहादुर शैलीमा संगठन प्रमुखको नियुक्ति हुने प्रवृत्ति सशस्त्र प्रहरी बलमा आजको दिनसम्म नभएको र ज्येष्ठताले नै प्रमुखता पाउँदै आएको छ, यस मानेमा संगठन भाग्यमानी भन्नुपर्छ।

अब भने संगठनले भिजन भएका ३० बर्से सेवा अवधिले पनि कुनै प्रभाव नपर्ने र अत्यन्त सुझबुझका साथ संगठनको नेतृत्व गर्न सक्ने क्षमतावान् संगठन प्रमुख सशस्त्र प्रहरी बलले पाएको छ। यस मानेमा पूर्वसशस्त्र प्रहरी कर्मचारीको नाताले नेपाल सरकारलाई धन्यवाद दिनु सान्दर्भिक ठान्दछु। संगठनलाई सशक्तरूपमा अगाडि लैजाने दृढताका साथ आफ्ना सहयात्रीहरूलाई सँगै लिई मैदानमा उत्रिने प्रयास भएको महसुस गरिँदै आएको छ। विगतमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच रहेको तिक्ततापूर्ण सम्बन्धले आन्तरिक सुरक्षाका जिम्मेवार पक्षको व्यवहार अत्यन्त लज्जास्पद देखिँदै आएकोमा पछिल्ला दुई-तीन वर्षदेखि सुधार हुँदै आएको थियो। अझ पनि एक जंगलमा दुई सिंह रहेजस्तो टकरावपूर्ण सम्बन्ध होइन कि सौहार्दपूर्ण सम्बन्ध विकास गर्दै एक बाबुका दुई भाइ जसरी सम्बन्धलाई सुमधुर तुल्याउँदै लगिनेमा दुईमत छैन। संगठनलाई सक्रिय तुल्याउन सर्वप्रथम त संगठनको सुदृढीकरण, कर्मचारी व्यवस्थापन नै हो। संगठनमा आबद्ध आफ्ना सदस्यहरूको मनोबल उच्च राख्ने प्रयासस्वरूप लामो समयदेखि रोकिएको तल्लो तहका कर्मचारीहरूको सरुवा-बढुवाले गति लिएको छ। सशस्त्र प्रहरी बल राज्यका ७७ वटै जिल्लामा विस्तार गर्ने नीतिगत निर्णय भएको समाचार सुन्दा गौरवको अनुभूति भएको छ। यसै गरी सीमा सुरक्षा कार्यालयहरूलाई सशस्त्र प्रहरी गणमा रूपान्तरण गर्दै जाने नीति अत्यन्त सान्दर्भिक छ। हेर्दै जाऊँ अझै संगठनले क्रमिकरूपमा आफूलाई परिमार्जित, परिस्कृत गर्दै जानेछ। क्रमशः यसले काँचुली फेर्दै जाने निश्चित छ।

अन्त्यमा, संगठनले उत्तरोत्तर प्रगति गर्दै जाओस्। पूर्वजहरूले पनि संगठनप्रति गर्व गर्ने अवसर मिलोस् भन्ने शुभेच्छाका साथ संगठनप्रति वर्तमान सरकारको सकारात्मक सोचाइ सदा रहोस् भन्ने कामना गर्दै संगठनले विपद व्यवस्थापन, दैवी प्रकोप उद्धारजस्ता विगतका उल्लेखनीय क्रियाकलापका अतिरिक्त नयाँ-नयाँ स्मरणयोग्य क्रियाकलापमा आफूलाई सहभागी गराउँदै संगठनको औचित्यता, आवश्यकता तथा अनिवार्यता महसुस गराई बहालवाला तथा अवकाशप्राप्त सदस्यहरूले गौरवको अनुभूति गर्ने अवसर मिलोस्। यही शुभकामना !

*(लेखक पन्थ अवकाशप्राप्त सशस्त्र प्रहरी उपरीक्षक हुनुहुन्छ।)*

## पाठक पत्र

### सुस्तावासीको दिगो व्यवस्थापन होस्

पश्चिम नवलपरासीमा गतवर्ष भएको डुबानका कारण करोडौंको क्षति बेहोर्न बाध्य सुस्तावासीले क्षतिपूर्तिबापत् २ करोड ४६ लाख १२ हजार रुपियाँ प्राप्त गर्ने भएको खबर नेपाल समाचारपत्रको अनलाइन न्यूज अफ नेपालले प्रकाशित गरेको रहेछ।

नेपाल सरकार सिंचाइ मन्त्रालयमार्फत सो रकम उपलब्ध गराउन लागिएको र क्षति बेहोरेका किसानले गण्डक सिंचाइ व्यस्थापन डिभिजन कार्यालयमार्फत उक्त रकम पाउनेछन्। गतवर्ष डुबानमा परेका सुस्ता गाउँपालिका वडा नम्बर १ र २ सहित विनयी त्रिवेणीको ६ र ७ का पीडित किसानले क्षतिपूर्तिबापतको रकम पाउनेछन्। यहाँ क्षतिपूर्ति पाउने कुराभन्दा पनि त्यहाँका स्थानीयलाई दिगो व्यवस्थापन र बाढी नियन्त्रणका लागि काम गर्नुपर्ने देखिएको छ। नेपाल सरकारले यो विषयमा ध्यान दिएर भारत सरकारसँग विशेष कूटनीतिकरूपमा काम गर्नुपर्ने देखिएको छ।

*- रोहन केसी, चितवन*

### ग्रामीण क्षेत्रमा बैंकिङ सेवा खै ?

पश्चिम नवलपरासीको नेपाल-भारत सीमाक्षेत्रका बासिन्दा बैंकिङ सेवाबाट वञ्चित रहेका छन्। बैंकका शाखा ग्रामीण क्षेत्रमा स्थापना हुन नसक्दा सर्वसाधारण बैंकिङ सेवाको पहुँचबाट टाढा रहेका हुन्। सीमावर्ती क्षेत्रसहित ग्रामीण भेगमा 'घ' वर्गका लघु वित्तीय संस्थाबाहेक अन्य बैंक स्थापना हुन सकेका छैनन्। उनीहरू बैंकिङ कारोबारका लागि सदरमुकाम परासी तथा राजमार्ग आसपासका क्षेत्रमा आउने गरेका छन्।

सुरक्षाको कारण देखाएर सरकारी तथा निजी क्षेत्रका बैंकले आफ्नो शाखा ग्रामीण तथा दुर्गम भेगमा स्थापना गरेका छैनन्। द्वन्द्वकालीन समयमा शान्ति सुरक्षाका कारण विस्थापित भएका बैंक अझै पुनःस्थापना हुन सकेका छैनन्। यस विषयमा जनप्रतिनिधिको ध्यान जाओस्।

*- अर्जुन थापा, गैडाकोट, नवलपरासी*

### विद्युत् चोरी नियन्त्रण जरूरी

विद्युत् चोरी गर्नु राष्ट्रिय अपराध हो। तर यस्तो कार्य संगठितरूपमै चल्दै आए पनि राज्यले नियन्त्रण गर्न सकिरहेको छैन। विद्युत् वितरण लाइनबाट हुकिङ गर्ने, मिटर नराखी विद्युत् प्रयोग गर्ने, मिटर बिगार्ने, मिटर उल्टो पार्ने, मिटर रिडिङ गर्न नदिनेलगायतका हर्कत गरेर विद्युत् चोरी हुँदै आएका छन्।

यसबाहेक, कतिपय सर्वसाधारण र उद्योगहरूले नै विद्युत् चोरी गर्ने गरेका घटना पनि सञ्चारमाध्यममा पटक-पटक सार्वजनिक भएका छन्। विद्युत् चुहावटमा प्राधिकरणकै कर्मचारी संलग्न भई केही उद्योगहरूलाई विद्युत् बेच्ने गरेको विषय पनि प्रकाशमा आइसकेका छन्। नेपाल विद्युत् प्राधिकरणले गत १० महिनामा १० अर्ब रुपियाँको विद्युत् चोरी भएको तथ्यांक सार्वजनिक गरेको थियो। अहिले केही कम भएको सार्वजनिक भए पनि यो नियन्त्रणमा खासै पहल गरेको पाइएको छैन। सो अवधिमा १ अर्ब १ करोड युनिट बिजुली चोरी भएको थियो। यही तथ्यांकअनुसार नेपालमा विद्युत् चोरीबाट मासिक १ अर्ब रुपियाँको राजस्व घाटा भइरहेको देखिन्छ। विद्युत् दुरूपयोगका घटनाहरू पटक-पटक सार्वजनिक हुँदै आए पनि नियन्त्रणतर्फ भने सार्थक पहल हुन सकेको पाइँदैन।

विद्युत् आपूर्ति आउने-जाने क्रम चलिरहे पनि यति बेला देश लोडसेडिङ मुक्त भएको छ। बिजुलीको सही व्यवस्थापन गर्न सकिने हो भने अस्वाभाविक लाग्ने काम पनि सहजै गर्न सकिँदो रहेछ भन्ने उदाहरण अहिले नेपाल विद्युत् प्राधिकरणले प्रस्तुत गरिरहेको छ। विद्युत्को दुरूपयोगका कारण सर्वसाधारणले अनावश्यक लोडसेडिङको मार खेप्नुपरेको थियो। तर, ऊर्जा व्यवस्थापन गर्दा अहिले लोडसेडिङ मुक्त भनेर सर्वसाधारणले गर्व गर्न पाएका छन्। तर, विद्युत् चोरीबाट मासिक १ अर्ब रुपियाँको राजस्व घाटा हुनु कुनै पनि मानेमा उचित मान्न सकिँदैन।

विद्युत् चुहावटका तथ्यांक सार्वजनिक हुँदै गर्दा वर्षौंदेखि नगरपालिकाहरूका सडक बत्तीको मिटरिङ हुन सकेको देखिँदैन। सोको भुक्तानीसमेत विद्युत् प्राधिकरणलाई हालसम्म उपलब्ध हुन नसक्नु विडम्बना नै हो। विद्युत् चुहावट नियन्त्रणमा चुनौती बढिरहँदा सडक बत्तीको महसुल कसले तिर्ने भन्ने विषयमा अन्योल कायमै छ। प्राधिकरणले सडक बत्तीबापत्को अर्बौं बक्यौता असुली गर्न सकिरहेको छैन। सडक बत्ती त एउटा दृष्टान्त मात्र हो, यस्ता अन्य अवैध ग्राहकहरूलाई वैध बनाउन नसक्दा विद्युत् चुहावटको प्रतिशत बढेर गएको छ।

गत असारसम्म प्राधिकरणको प्रणालीमा २२.९ प्रतिशत चुहावट हुने गरेकोमा अहिले २० प्रतिशतमा झरेको दाबी गरिएको छ। प्राधिकरणले आगामी तीन वर्षभित्र प्रणालीमा रहेको चुहावट १५ प्रतिशतमा झार्ने लक्ष्यसमेत राखेको छ। सो लक्ष्य प्राप्त गर्न हरेक वितरण केन्द्रहरूमा चुहावट नियन्त्रणका विशेष अभियानहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। विद्युत् प्राधिकरणले चुहावट नियन्त्रणमा चालेको अभियानमा गृह मन्त्रालयले सघाउने प्रतिबद्धता जनाएको छ। चुहावट नियन्त्रणका लागि प्रहरीसमेत परिचालन हुने बताइएको छ। तर यसबाट तत्काल केही विद्युत् चुहावटमा नियन्त्रण आउन सक्ने देखिए पनि दीर्घकालीनरूपमा यस्तो बल प्रयोगबाट विद्युत् चुहावट नियन्त्रण प्रायः असम्भव हुन सक्छ। किनभने, विद्युत् चुहावटको दीर्घकालीन समाधान विद्युतीय प्रणालीलाई बलियो बनाएर मात्र हुन सक्छ। उसो त, विगतमा पनि चुहावट नियन्त्रणमा प्रहरीको संलग्नता नभएको होइन। चुहावट न्यूनीकरण गर्न असम्भव छैन। चोरी नियन्त्रणलाई परिणाममुखी बनाउन सरोकारवाला निकायबीच समन्वय गरी कार्ययोजना निर्माण गर्दै विद्युत् चोरी गर्नेलाई कडा कारबाहीको व्यवस्था गर्नु जरुरी देखिन्छ।

*- राजेन्द्र कार्की, पर्सा*

### कलेजो बचाउन मोटोपन घटाऔं

स्वास्थ्य महत्वपूर्ण धन हो। कलेजो संरक्षण गर्न हामीले स्वस्थ खानेकुरादेखि सबै स्वस्थ्यप्रद कुरामा ख्याल गर्न जरुरी छ। हाम्रो कलेजोमा जब बोसो जम्मा भएर जान्छ त्यो स्थितिलाई फ्याटी कलेजो (लिवर) भनिन्छ। यसलाई यसरी बुझ्न सकिन्छ कि जसरी मोटोपन हुनाले हाम्रो शरीरको बाँकी भागमा बोसो बढ्छ, ठीक त्यसैगरी हाम्रो कलेजोमा पनि बोसो जम्मा हुन शुरू गर्दछ।

कलेजोद्वारा शरीरमा ब्लड सुगर, विषाक्त तत्व र कोलेस्ट्रोलको स्तर नियमित हुन्छ। कलेजोले नै बोसोलाई पगालेर वाइलको स्राव गर्दछ तर धेरै बोसो थिग्रनुको कारणले फ्याटी लिवरको समस्या हुन्छ। देशको ३० प्रतिशत जनसंख्या यस समस्याले पीडित हुँदै छ। कलेजोमा एकीकृत भएको बोसोले सामान्य सेल्सहरूलाई नष्ट गर्न शुरू गर्दछ, सामान्य सेल्सहरू बिस्तारै नष्ट हुँदै जान्छन्। यो स्थिति पछि गएर हेपाटाइटिस, सिरोसिस, फाइब्रोसिस वा क्यान्सरमा परिणत हुन्छ। बिरामीको मुख्य समस्या मोटोपन हो। डायबिटिज वा थाइराइड हुनेलाई पनि कलेजोमा बोसो (फ्याटी लिवर) हुन सक्छ। त्यसैले नियमित व्यायाममा लागौं। स्वस्थ होऔं।

*- शान्ति न्यौपाने (ग्रामीण महिला), खोटाङ*

## सामाजिक सञ्जाल



यदि गोविन्द केसी अनशनमै बिते भने देशभरका अस्पताल बन्द हुन्छन् र सरकारसँग क्षमायाचनासहित त्यही अध्यादेशअनुसारको ऐन ल्याउनेबाहेक कुनै उपाय बाँकी रहन्न। यो दम्भ किन ? किन नेकपा दुई-पाँच व्यापारीको हितका लागि आफ्नै खुट्टामा बन्चरो हान्दै छ ?

**रमेश**
**@RaameshKoirala**



विकास र समृद्धिका विषयमा हलुका र सस्ता टिप्पणी, मजाक गरेर सरकारलाई थेत्तर बनाउनुभन्दा रचनात्मक दबाब र यथार्थपरक आलोचना गरौं न बरू।

**Sama Thapa**
**@samathapa**



आफ्नो प्यारो मान्छे हिंड्ने बेला कहिल्यै नरूनु, उसका पाइलालाई आँसुले गलाउँछ।

**Buddhisagar**
**@buddhisagar**

संघका अध्यक्ष योगेन्द्रनारायण वडवडियाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'सरकार परिवतर्नसँगै विगतका हरेक कुरा बेठीक भन्ने मानसिकता त्याग्नुपर्छ।'



महादेवको महिना भनिने साउनमा हरियो चुरा छान्दै महिलाहरू । साउन महिनाभर महिलाहरू महादेवको पूजाअर्चना गर्ने, हातमा मेहेन्दी लगाउने, हरियो चुरा तथा हरियै वस्त्र लगाउने गर्दछन् ।
तस्वीर : मोनिका मल्ल/ काठमाडौं

# पेस्तोलसहित समातिएकालाई म्याद थप

**नेपाल समाचारपत्र**

ललितपुर

२ थान पेस्तोल र ५६ राउन्ड गोलीसहित समातिएका ५ जनालाई ललितपुर जिल्ला अदालतले १० दिनको म्याद थपेर अनुसन्धान अघि बढाउन निर्देशन दिएको छ।

अदालतले मंगलबार हातहतियार खरखजानामा थप अनुसन्धानको लागि म्याद थप गरेको हो। महानगरीय प्रहरी परिसर ललितपुरबाट खटिएको प्रहरी टोलीले गत आइतबार ललितपुरको नख्खिपोटबाट ५ जनालाई पक्राउ गरेको थियो। हतियारसहित पक्राउ पर्नेमा हेमराज पौडेल, कृष्णबहादुर जोगी र अंशुराम मोक्तान हुन्।

उनीहरूको साथबाट 'मेड इन जर्मनी' लेखिएको पेस्तोल थान १, सो मा लोड भएको ५ राउन्ड गोलीसहितको म्यागजिन थान १ र खाली म्यागजिन थान १ समेत फेला परेको प्रहरीले जनाएको छ। उनीहरूबारे अनुसन्धान भइरहेका बेला सोमबार ललितपुरको भोलढोकाबाट रामचन्द्र अधिकारीलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ।

अधिकारीले दिएको बयानका आधारमा प्रहरीको टोलीले सोमबार तिखिदेवलबाट रोशन सुब्बालाई पक्राउ गरिएको थियो। 'आइतबार ३ जनालाई समातिएको घटनासँग जोडेर रोशनलाई पक्राउ गर्न सफल भएका हौं', उनी हतियार बेच्ने



गिरोहका नाइके हुन्' -ललितपुर प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक गणेशबहादुर ऐरले भन्नुभयो। ४५ वर्षीय रोशनबाट बरामद दुवै पेस्तोल लोडेड अवस्थामा भेटिएकाले उनलाई नियन्त्रणमा लिन गाह्रो परेको उहाँले बताउनुभयो।

सुब्बा तिखिदेवलस्थित आफ्नै कोठाबाट पक्राउ परेका थिए। उनलाई प्रहरी उपरीक्षक शेखर खनाल, प्रहरी नायब निरीक्षक नरेन्द्र चन्द र प्रहरी निरीक्षक खुमलाल भुसालको टोलीले पक्राउ गरेको थियो। लिम्बु आपराधिक समूहको हतियार डिलर भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको ऐरको भनाइ छ। यस घटनामा काठमाडौं र ललितपुर परिसरको टोली छुट्टाछुट्टैरूपमा विगत एक महिनादेखि खटेको थियो।

प्रहरीका अनुसार रोशनले भारतको सिलगुडीबाट हतियार किनेर ल्याएर आपराधिक समूहलाई बिक्री वा भाडामा दिने गरेका थिए। उनले भारतमा ३० हजार भारतीय रुपियाँमा किनेर नेपालमा ८० हजार रुपियाँसम्ममा बिक्री गर्ने गरेको बताइएको छ। खुमलटारका पुराना बासिन्दा रोशनले ललितपुरकै ताल्छिखेलमा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका थिए। उनको मोबाइल मर्मत पसल पनि रहेको छ।

# विदेशी विद्यार्थी नेपाल भित्र्याउन शैक्षिक मेला

**नेपाल समाचारपत्र**

काठमाडौं

विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई लक्षित गरी आयोजना गर्न लागिएको बृहत् शैक्षिक मेलामा विदेशी विद्यार्थीलाई नेपालमा अध्ययन गर्न आउने वातावरण सिर्जना गरिनेभएको छ।

शैक्षिक परामर्श संघ नेपाल (इक्यान)ले बिहीबारदेखिदेखि आगामी आइतबारसम्म आयोजना गर्न लागेको मेलामा नेपाललाई शैक्षिक हब बनाउने विषयमा छलफल हुने भएको छ। हरेक वर्ष नेपाली नेपाली विद्यार्थी विदेशिने क्रम नरोकिएपछि इक्यानले विदेशी विद्यार्थीलाई नेपालमा आकर्षित गर्ने तयारी गरेको हो। नेपालमा एमबीबीएस पढ्ने विद्यार्थीको संख्या बढिरहेका बेला अन्य विषयमा पनि विदेशी विद्यार्थीलाई आकर्षित गर्न सकिने इक्यानका अध्यक्ष विष्णुहरि पाण्डेले बताउनुभयो।

परराष्ट्र मन्त्रालयसँग छलफल गरी त्यस्तो वातावरण तयार गर्ने उहाँको भनाइ छ। राजधानीको भृकुटीमण्डपमा शैक्षिक मेला आयोजना हुँदैछ। मेलामा न्युजिल्यान्ड, क्यानडा, जापान, श्रीलंका, अमेरिका, रुस, भारत, बेलायतलगायत मुलुकका विभिन्न विश्वविद्यालयको सहभागिता रहने पाण्डेले जानकारी दिनुभयो। मेलामा २ सय २६ स्टल तथा १७ पेभिलियन हुनेछन्। मेलामा २ दर्जनभन्दा बढी कूटनीतिक नियोगको समेत सहभागिता रहने बताइएको छ।

४ दिने मेला १ लाखभन्दा बढी विद्यार्थी र अभिभावकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ। वन अप प्रालिको व्यवस्थापनमा हुने मेलाको प्रिजेन्टर ब्रिटिस काउन्सिल रहेको छ भने टाइटल स्पोन्सरमा युरो एसिया एजुकेसन कन्सल्टेन्सी प्रालि रहेको छ। यसबारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा टाइटल स्पोन्सर युरोएसिया एजुकेसन कन्सल्टेन्सी प्रालिका प्रमुख सूर्य डाँगीले भन्नुभयो- 'अभिभावक र विद्यार्थीले सिक्नै पर्ने विषयको बारेमा जानकारी दिन मेला आयोजना गरिएको हो।'

# शिक्षक सरुवामा रोक

काठमाडौं, (नेस)

शिक्षा विभागले अन्तरजिल्ला शिक्षकको सरुवामा रोक लगाएको छ। शिक्षक सेवा आयोगबाट विज्ञापन प्रकाशित भइसकेको अवस्थामा विज्ञापन गरिएका पदमा शिक्षक पदस्थापनामा प्रतिकूल असर पर्ने भएपछि सरुवामा रोक लगाइएको हो। विभागले उक्त निर्णयका बारेमा सबै शिक्षा निर्देशनालय र ७७ वटै जिल्ला शिक्षा विकास तथा समन्वय एकाइमा पत्राचार गरेको छ। यसअघि शिक्षक दरबन्दी मिलान नहुन्जेलसम्म शिक्षक नियुक्ति, सरुवा र दरबन्दी मिलानका काम नगर्न गत चैत २१ गते तत्कालीन जिल्ला शिक्षा कार्यालयलाई विभागले निर्देशन दिएको थियो। लगत्तै शिक्षामन्त्री गिरिराजमणि पोखरेलले शिक्षक सरुवा खुला गर्नुभएको थियो।

शिक्षक सेवा आयोगले खुला विज्ञापनको अन्तिम तयारी गरिरहेको र विद्यालय तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकार मातहत भइसकेको छ। आगामी असोजपछि शिक्षक सरुवा गर्न नसकिने भएकाले आफू निकटका शिक्षकलाई भनेको ठाउँमा सरुवा गराउन मन्त्रीले उक्त निर्णय गर्नुभएको थियो।

# बालबालिकालाई अपाङ्गमैत्री ह्विलचियर वितरण

**नेपाल समाचारपत्र**

काठमाडौं

अपाङ्गता भएका १८ जना बालबालिकालाई अपाङ्गमैत्री ह्विलचियर वितरण गरिएको छ। ४ देखि १२ वर्षसम्मका बालबालिकालाई मंगलबार ह्विलचियर वितरण गरिएको हो।

अपाङ्गता भएका बालबालिका र उनीहरूका अभिभावकको मनोबल बढाउन नेपालका लागि इजरायली दूतावास, लायन्स क्लब काठमाडौं क्यापिटल डिस्ट्रिक्ट ३२५-ए२ र करुणा फाउन्डेसनले त्रिपक्षीय सहकार्य गरेका हुन्। २२ जना बालबालिकालाई पनि छिटै ह्विलचियर उपलब्ध गराइने क्लबले जनाएको छ।

३ वटै निकायका तर्फबाट परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले मंगलबार १८ वटा ह्विलचियर वितरण गर्नुभयो। मानवीय कार्यमा दूतावासले पुर्‍याएको सहयोगको प्रशंसा गर्दै उहाँले आगामी दिनमा द्विपक्षीय सहयोगको दायरा अझै फराकिलो बन्ने विश्वास व्यक्त गर्नुभयो। साथै लायन्स क्लब र फाउन्डेसनको सामाजिक कार्यको समेत मन्त्री ज्ञवालीले चर्चा गर्नुभयो। नेपालका लागि इजरायली राजदूत बेन्नी ओमेरले मानवीय र सामाजिक कार्यमा आफ्नो मुलुकको सहयोग निरन्तर रहने बताउनुभयो।

त्यसैगरी फाउन्डेसनका उपाध्याक्ष प्राडा भगवान् कोइरालाले नेपालमा अपाङ्ग व्यक्तिका लागि सामाजिक र व्यावहारिक अवरोध मुख्य चुनौतीका रूपमा खडा भएको विचार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो- 'सबै किसिमका अवरोध र मिथ्यालाई तोड्दै



अपाङ्गता भएका व्यक्तिलाई मूलधारमा ल्याउन ढिलो भइसकेको छ।' सो कार्यक्रमका संयोजक एवं लायन किशोर भक्त श्रेष्ठका अनुसार केही साताभित्रैमा २२ बालबालिकालाई पनि सहयोग उपलब्ध गराइनेछ। राष्ट्रिय अपाङ्ग महासंघसँगको सहकार्यमा लायन्स क्लबले विगत ८ वर्षदेखि अपाङ्गता भएका व्यक्तिलाई ह्विलचियर, कृत्रिम हातखुट्टा, थेरापी, परामर्श सेवा उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो।

# केसीको मागप्रति संघको ऐक्यबद्धता

काठमाडौं, (नेस)

चिकित्सा शिक्षा क्षेत्रमा सुधारलगायतका माग राखेर जुम्लामा अनसनरत डा.गोविन्द केसीको मागप्रति त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले ऐक्यबद्धता जनाएको छ।

१५औं पटक आमरण अनसन बस्नुभएका डा केसीको स्वास्थ्य अवस्था अत्यन्तै गम्भीर हुँदा पनि समस्या समाधानमा सरकारले पहल नगरेकामा संघले दुःख व्यक्त गर्दै ऐक्यबद्धता जनाएको हो। केसी र सरकारबीच विगतमा भएका सम्झौता इमानदारपूर्वक कार्यान्वय गर्न सरकारले ध्यानाकर्षण गराएको छ। संघका अध्यक्ष योगेन्द्रनारायण वडवडियाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'सरकार परिवतर्नसँगै विगतका हरेक कुरा बेठीक भन्ने मानसिकता त्यागनुपर्छ।'

संविधानप्रदत्त हरेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई राज्यले सम्मान गर्दै केसीको जीवन रक्षाका लागि सरकारले अबिलम्व पहल गरी वार्ताका माध्यमबाट समस्या समाधान गर्न संघले माग गरेको छ।

मुद्दा नं.०७३-CP-२०३८ अभिलेख नं. ८१४३ ०७४
काठमाडौं जिल्ला अदालतबाट जारी भएको भीम महर्जनको छोरा काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. ४ ल्यहदेग बस्ने मोहन कुमार महर्जन र ऐ.ऐ. बस्ने विष्णु कुमार महर्जनका नाउँको ३५(पैंतिस) दिने पुनरावेदन म्याद ।
उपरोक्त सम्बन्धमा बादी मोहन कुमार महर्जन समेत प्रतिवादी भिम महर्जन समेत भएको अंश दपोट मुद्दा (मुद्दा नं. ०७३-CP-२०३८) मा यस अदालतबाट मिति २०७४/११/९ मा दावी नपुग्ने ठहरी फैसला भएको र तपाईहरुको नाउँमा जारी भएको पुनरावेदनको म्याद मिति २०७५/१/१० मा बेपत्ते तामेल भएको र पुन जारी हुँदा समेत मिति २०७५/३/२१ मा समेत बेपत्ते तामेल भएको हुँदा यस अदालतको मिति २०७५/४/१ को आदेशले सो बेपत्ते तामेल भएको म्याद बदर भई जिल्ला अदालत नियमावली २०५२ को नियम २२ (क) बमोजिम तपाईहरुको नाउँमा यो म्याद प्रकाशित गरी पठाईएको छ । अतः यस अदालतको मिति २०७४/११/९ को फैसला उपर चित्त नबुझे यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र श्री उच्च अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानुहोला । अन्यथा म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ । पछि तपाईंको कुनै उजुर-बाजुर लाग्ने छैन ।
इति सम्वत् २०७५ साल श्रावण महिना १ गते रोज ३ शुभम् ..................

हार्दिक श्रद्धान्जली



जन्म : २००६/०२/०२
स्वर्गारोहण : २०७५/०३/२२
स्व.अमर बहादुर बिष्ट
यस संस्थाका महासचिव श्री सुनिल बिष्टज्यूका पुजनीय पिता श्री अमर बहादुर बिष्टज्यूको असमायिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा उहांप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।
सातदोबाटो युथ क्लब, परिवार
सातदोबाटो-१५, ल.पु.म.न.पा

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
प्राप्ती शाखा
गौचर, काठमाडौं
शिलवन्दी वोलपत्र (E-Bid सम्बन्धि) आव्हानको सूचना
यस कार्यालयको लागि आवश्यक Supply, Delivery, Installation and Commissioning of Mobile Air Traffic Control Tower (MATCT), ICB/02/PROSEC/2018 (074/75) सम्बन्धि खरिद कार्यको लागि E-Bid को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा बोलपत्र सम्बन्धि सम्पूर्ण काम/कारवाहीको लागि www.bolpatra.gov.np/egp मा Login गर्नु हुन अनुरोध छ ।

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्य लाभ, शत्रु विजय, खेल-परीक्षामा सफलता प्राप्ति।
**वृष** : गरेका काममा सफलता, सन्तान-सुख, धन प्राप्ति, लाभ।
**मिथुन** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, चिन्ता।
**कर्कट** : द्रव्य लाभ हुने, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**सिंह** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च ।
**कन्या** : धनप्राप्ति, कोसेली-पुरस्कार प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**तुला** : अस्वस्थता, इष्टमित्रसँग विवाद, चोटपटकको भय ।
**वृश्चिक** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**धनु** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक निरोगिता, क्षमता वृद्धि।
**मकर** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि ।
**कुम्भ** : रोगको भय, कार्यमा बाधा-व्यवधान, धन हानि, अस्वस्थता।
**मीन** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।

# नेपाल

आफूहरु भोजमा नगई मिलनचोकको सब-स्टेसनमा ब्रेकरको काम गर्न प्राविधिकसहित गएको बताउनुभयो। विद्युत् महसुल संकलन काउन्टर बन्द भएपछि कार्यालयका अन्य कामसमेत नहुने हुँदा आफूहरु सब-स्टेसनमा ब्रेकरको काम गर्ने क्रममा भोज नभई खाजा खाएको स्वीकार गर्नुभयो।

## राजधानीबारे छलफल रोक्न उच्च अदालतको आदेश

रोशन पराजुली, हेटौंडा

अनिर्णयको बन्दी रहेको प्रदेश-३ को स्थायी राजधानीबारे प्रदेशसभामा छलफलमा रोक लगाइएको छ। उच्च अदालत पाटनको हेटौंडा इजलासका न्यायाधीश चिन्तामणि बरालको इजलासले यस्तो आदेश दिएपछि प्रदेशसभामा साउन पहिलो सातादेखि उक्त प्रतिवेदनउपर गरिएको छलफलको तयारी हाललाई रोकिएको हो।

नेपालको संविधानको धारा १९१ अनुसार बहसमा बन्देज लगाइएको हो। संविधानको उक्त धारामा 'नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाका सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्यपालनको सिलसिलामा गरेको न्यायिक कार्यका सम्बन्धमा प्रदेशसभामा छलफल गरिनेछैन' भनी उल्लेख छ। संविधानमा प्रदेशको राजधानी सम्बन्धमा सम्बन्धित प्रदेशसभामा तत्काल कायम रहेका सदस्य संख्याको दुईतिहाइ बहुमतले निर्णय गर्ने उल्लेख छ।

प्रदेश कार्यालय एवं मुख्यमन्त्री डोरमणि पौडेललाई विपक्षी बनाएर पेस गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै उच्च अदालतले अर्को आदेश नभएसम्म स्थायी राजधानीका विषयमा बहस नगर्न आदेश जारी गरेको हो। हेटौंडाका अधिवक्ता धुवप्रसाद चौलागाईंले रिट दायर गर्नुभएको थियो।

अदालतले सबुद प्रमाणसहित १५ दिनभित्र विपक्षीलाई लिखित जवाफ पेस गर्न पनि आदेश दिएको छ। उच्च सरकारी वकिलको कार्यालय हेटौंडामार्फत र आफैं वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत जवाफ पेस गर्न इजलासले आदेश जारी गरेको हो।

प्रदेश राजधानी सम्भाव्यता अध्ययन विशेष समितिले मंगलबार प्रतिवेदन बुझाएर वर्णानुक्रमअनुसार ५ जिल्ला क्रमश: काभ्रे, चितवन, नुवाकोट, भक्तपुर र मकवानपुरलाई उपयुक्तताका आधारमा स्थायी राजधानीका लागि सिफारिस गरेको थियो।

सडक सञ्जाल, आवश्यक भौतिक पूर्वाधार, खानेपानीको उपलब्धतालगायत विषयलाई समेटेर ती जिल्लालाई सिफारिस गरिएको हो। प्रतिवेदनमा १३ जिल्लाका भौगोलिक आधार, तथ्यांक, जनसंख्या, जनघनत्व र जनचापलगायत विषय समावेश गरिएको छ।

प्रदेश राजधानीका सम्बन्धमा प्रदेश सांसदहरूले नै निर्णय गर्ने संवैधानिक व्यवस्था भएको, संविधानको धारा २८८ (२) बमोजिम प्रदेशसभाले देश, काल र परिस्थिति तथा संघीयताको मर्मअनुसार हेटौंडामा अस्थायी राजधानी तोकिएपछि भएको करोडौं खर्च र भौतिक पूर्वाधारसमेतलाई ख्याल गरी अगाडि बढ्नुपर्ने निवेदक चौलागाईंले तर्क गर्नुभयो।

४५ दिन समय पाएको समितिले थप १५ दिन अध्ययन गरी प्रतिवेदन बुझाएको थियो। काठमाडौंबाहेक प्रदेशका १२ जिल्ला समन्वय समितिमार्फत जिल्लाको वस्तुगत स्थिति, पूर्वाधारलगायत विषयबारे अध्ययन गरेको समितिले जनाएको छ। काभ्रे, चितवन, नुवाकोट, भक्तपुर र मकवानपुरमा समितिले स्थलगत अवलोकन र सर्वपक्षीय छलफल गरेको थियो। र सोहीअनुसार मात्र सिफारिस गरिएकामा असन्तुष्टि जनाइएको छ।

प्रदेशको स्थायी राजधानी तोक्न माग गर्दै प्रदेशसभा सचिवालयमा ४ प्रस्ताव दर्ता गरिएका थिए। काभ्रे, नुवाकोट, भक्तपुर, रसुवा र चितवनका प्रदेश सांसदले स्थायी राजधानी माग गर्दै प्रस्ताव दर्ता गराएका थिए।

सांसद दीपक निरौलाको संयोजकत्वमा रहेको १३ सदस्यीय समितिमा तत्कालीन एमालेका तर्फबाट रामकुमार अधिकारी, विजय सुवेदी, वसन्त मानन्धर, सरस्वती बस्नेत, माओवादी केन्द्रका विशाल खड्का र जगत सिंखडा, नेपाली कांग्रेसका छिरिङ दोर्जे लामा र प्रभात तामाङ, विवेकशील साझा पार्टीका विराजभक्त श्रेष्ठ, नेमकिपाका सुरेन्द्रराज गोसाईं, राप्रपाकी रिता माझी र राप्रपा (प्रजातान्त्रिक) की रिना गुरुङ सदस्य रहनुभएको थियो।

काठमाडौंसहितको प्रदेश-३ राजधानीको प्रतिस्पर्धाको झन्झटबाट मुक्तजस्तो देखिएको थियो। यद्यपि, केन्द्रीय राजधानी र प्रदेशको राजधानी एकै ठाउँमा वा नजिक पर्नु न्यायोचित हुँदैन भन्ने आवाज आएको छ। 'झगडाको बीउ' पोको पारेर प्रदेशतिर पठाउनुभन्दा परिमार्जनमार्फत सबै बाधा रुपान्तरित संसद्ले समाधान गरेको भए प्रदेशको स्थायी राजधानीको मुद्दा पहिले नै निमिट्यान्न हुने विश्वास लिइएको छ। तर यस कामका लागि प्रमुख दलबीच केन्द्रमा एकमत हुन सकेन।

प्रदेशको राजधानी बनाइँदा पुराना क्षेत्रीय सदरमुकामले प्राथमिकता पाउनुपर्ने माग गरिएको छ। यहाँ सरकारले पहिला नै केही हदसम्म भौतिक र प्रशासनिक संरचना विकास गरिसकेको छ।

केही पूर्वाधार विकास गरिसकेकाले विकासशील हेटौंडाले मौका पाए क्षेत्रीय विकास सन्तुलित हुनसक्छ भन्ने आवाज स्थानीयस्तरमा सबै दलले उठाएका छन्। यद्यपि, केन्द्रमा रहेका दलले यसबारे खुलेर प्रतिक्रिया नजनाएकाले राजधानीको विवाद जारी छ।

## दिनभर विद्युत् कार्यालय बन्द

### कर्मचारी भोजमा रमाउँदा सेवाग्राहीलाई सास्ती

प्रताप बानियाँ, म्याग्दी

नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्र बेनीमा कार्यरत कर्मचारीले सोमबार दिनभर कार्यालय बन्द गरेर भोज खाएका छन्। चालू आर्थिक वर्ष २०७४/७५ को अन्तिम दिन आर्थिक खाताबन्दी गर्नुपर्ने भएकाले विद्युत् महसुल संकलन काउन्टर बन्द गरेको सूचना टाँसेर कर्मचारीहरू दिनभर भोजमा रमाएका हुन्।



आर्थिक वर्षको अन्तिम दिन कार्यालयको सूचना पाटीमा '२०७४/७५ को आर्थिक खाताबन्दी गर्नुपर्ने भएकाले उक्त दिन यस वितरण केन्द्रको विद्युत् महसुल संकलन काउन्टरमात्र बन्द हुने' व्यहोराको सूचना टाँस गरिए पनि कार्यालयभित्र सबै शाखा बन्द अवस्थामा रहेका थिए। कार्यालयमा शाखाका कर्मचारीहरू कोही पनि थिएनन्। उनीहरू दिनभरजसो पर्वतको जलजला गाउँपालिका-४, मिलनचोकस्थित सब-स्टेसन परिसरमा भोजमा सहभागी भएका थिए।

कार्यालयमा कार्यरत प्रशासन, लेखा, प्राविधिकसहित सबै फाँटका कर्मचारीले एकजना सवारी चालकलाई मात्र कार्यालयमा कुरुवा राखेर सेवाग्राहीको कामलाई बेवास्ता गर्दै बिदा नभएको दिनमा पनि भोज खान गएको सेवाग्राहीले गुनासो गरेका छन्। बिनाजानकारी कार्यालय बन्द गरिँदा महसुल बुझाउन, मिटर बक्स लिन, विभिन्न योजनाको भुक्तानी लिनुपर्ने कामका लागि कार्यालय पुगेका सेवाग्राही भने रित्तै हात फर्कन बाध्य भएको रघुगंगा गाउँपालिका-३, पिप्लेका रमेश रानाले गुनासो गर्नुभयो। 'मानो खाएर मुरी उब्जाउने समयमा घरको काम छाडेर विद्युत् कार्यालयमा काम लिएर आएँ', उहाँले भन्नुभयो- 'तर यहाँ त दिनभर कार्यालय बन्द हुँदा विद्युत् महसुल तिर्न पाइनँ।'

कर्मचारी भोजमा रमाएका कारण सोमबार दिउँसो विद्युत् आपूर्ति नियमित हुन नसक्दा आजित भएका सेवाग्राहीले कार्यालयमा फोन गर्दा फोनसमेत नउठेको बताएका छन्। यता म्याग्दीका प्रमुख जिल्ला अधिकारी लीलाधर अधिकारीले कार्यालय प्रमुखसमक्ष बुझ्दा विभागको निर्देशनअनुसार विद्युत् महसुल संकलन काउन्टर बन्द गरिएको जानकारी आफूलाई आएको बताउनुभयो। उहाँले कार्यालय पूरा बन्द नगरिएको जानकारी आएको बताउँदै अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बन्द गर्न नमिल्ने बताउनुभएको छ। कर्मचारी पनि नियममा बस्नुपर्ने प्रजिअ अधिकारीको भनाइ छ।

यस विषयमा नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख नेत्रमणि न्यौपानेसँग बुझ्दा हरेक वर्ष असार मसान्तको अन्तिम दिन केन्द्रको निर्देशनअनुसार विद्युत् महसुल संकलन काउन्टर सेवा बन्द हुने हुँदा सोहीअनुसार बन्द गरिएको दाबी गर्नुभयो। उहाँले विद्युत् महसुल संकलन काउन्टर बन्द गरेपछि नामसारी, ठाउँसारी, मिटर बक्स दिनेजस्ता केही पनि काम नहुने भन्दै आफूहरू भोजमा नगई मिलनचोकको सब-स्टेसनमा ब्रेकरको काम गर्न प्राविधिकसहित गएको बताउनुभयो। विद्युत् महसुल संकलन काउन्टर बन्द भएपछि कार्यालयका अन्य कामसमेत नहुने हुँदा आफूहरू सब-स्टेसनमा ब्रेकरको काम गर्ने क्रममा भोज नभई खाजा खाएको स्वीकार गर्नुभयो। एफएमलगायत सञ्चारमाध्यममा सूचना नदिइए पनि विद्युत् कार्यालयको फेसबुक पेज, सूचना बोर्ड र आफूले फेसबुक वालमा केन्द्रबाट प्राप्त सूचना राखेको उहाँले बताउनुभयो।

यसअघि पनि विभिन्न समयमा विद्युत्को नियमित आपूर्ति हुन नसक्दा सेवाग्राही आक्रोशित भएर कार्यालय तोडफोडमै उत्रिएका थिए। म्याग्दी उद्योग वाणिज्य संघ, जिल्लास्थित युवा तथा विद्यार्थी संघ संगठनले समेत पटक-पटक नियमितरूपमा विद्युत् आपूर्ति गराउन माग गर्दै डेलिगेसन, कार्यालय घेराउजस्ता कार्यक्रम गर्दै आएका छन्। तर, सेवाग्राही र सर्वसाधारणले उठाएको मागप्रति भने विद्युत् कार्यालय उदासीन देखिँदै गएको छ। यसतर्फ सम्बन्धित निकायले बेलैमा ध्यान दिन नसक्दा विद्युत् कार्यालयमा समस्या आउने गरेको बताइएको छ।

स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आए पनि सार्वजनिक सरोकारका विषयमा अनुगमन नहुँदा विकृति मौलाउँदै गएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालयमा आर्थिक अनियमितता, कार्यालयमा कर्मचारी नबस्नु, समयमा सर्वसाधारणको काम नहुनु, कार्यालय समयको दिन कार्यालय नै बन्द हुनेजस्ता गतिविधि बढ्दै गए पनि स्थानीय प्रशासन र सरोकारवाला भने टुलुटुलु हेरेर बसिरहेका छन्।

## चट्टानी पहराले रोक्दै गाडी चढ्ने सपना

नेपाल समाचारपत्र

हेटौंडा

विकट गाउँलाई विकाससँग जोड्ने लाइफलाइन हो उक्त सडक। उक्त लाइफलाइनबाट गाडीमा गाउँपालिका पुग्ने स्थानीयको चाहना प्राकृतिक कारण अन्योलमा परेको छ। सडक निर्माण अभियानमा सबैभन्दा जटिल मेहनत परेको छ चट्टानी भीर फुटाएर सडकमा झार्नुमा।

मकवानपुरको कैलाश गाउँपालिका-५ र गाउँपालिका जोड्ने सडक चट्टानका कारण अलपत्रमा परेको हो। वडा-५, गोगने र गाउँपालिका-कालिकाटार जोड्ने सडकका लागि आर्थिक वर्ष २०७४/७५ मा ९८ लाख बजेट विनियोजन गरिएको थियो।

गाउँपालिकाले गाउँपालिका जोड्न २ वटा उपभोक्ता समिति गठन गरी गोगने-कालिकाटार सडक निर्माण उपभोक्ता समिति गोगनेखण्डका अध्यक्ष कालु ढकाल र कालिकाटार-गोगने सडक निर्माण उपभोक्ता समिति कालिकाटारखण्डका अध्यक्ष श्रीदास रिजाललाई जिम्मा दिएको थियो। ढकाल र रिजालले ४९/४९ लाखमा ३/३ किलोमिटर खन्ने सम्झौता गर्नुभएको थियो।

वडा-३, कात्तिकेबाट ५ सय मिटर खन्नेबित्तिकै कडा चट्टान देखापर्‍यो। कडा चट्टानमा लगातार ब्रेकरले खन्न बाध्य भएपछि सोचेअनुसार सडक निर्माण गर्न नसकिएको कालिकाटार गोगने सडक निर्माण उपभोक्ता समिति कालिकाटारखण्डका अध्यक्ष रिजालले बताउनुभयो।

रिजालले ३८ लाख ५८ हजार तिर्न बाँकी रहँदा कामको आधारमा गाउँपालिकाले ३५ लाख ४९ हजार ६ सय ३० रुपियाँमात्र दिएको बताउनुभयो। 'बाँकी रकम कसरी तिर्ने भनेर हामी चिन्तित छौं,' उहाँको दु:खेसो छ।

पिङडाँडादेखि ३ किलोमिटर सडक निर्माण गर्न सम्झौता गरिए पनि कडा चट्टानका कारण सोहीअनुसार सडक निर्माण गर्न सकेनौं। उहाँले थप्नुभयो- 'प्राविधिकले गाउँपालिका जोड्दासम्म ५/७ मिटर जतिमात्र चट्टान पर्छ भनेसँगै सडक सोहीअनुसार बजेटमा खन्न शुरू गर्‍यौं,




तर ७ सय मिटर सडक खन्नेबित्तिकै कडा चट्टान देखा परेपछि ब्रेकर लगाउन बाध्य भयौं।' ढकालले १ हजार ७ सय मिटर खन्दासमेत ब्रेकर नै लगाइरहेको बताउँदै कडा चट्टानका कारण तीव्र गतिमा सडक निर्माण गर्न नसकेको जिकिर गर्नुभयो।

गाउँपालिकाका इन्जिनियर महेश केसीको भनाइअनुसार गोगनेखण्डबाट १ हजार ५ सय ९० मिटर र कालिकाटार खण्डबाट १ हजार ७ सय २० मिटर सडक निर्माण भएको छ। मूल्यांकनअनुसार धेरै कडा चट्टान निस्केका कारण सडक निर्माणमा समस्या परेको उहाँले बताउनुभयो।

गाउँपालिका अध्यक्ष टंक मोक्तानले जनतालाई प्रत्यक्ष लाभ पुग्ने र तुरुन्त फाइदा लिनसक्ने बाटो प्राथमिकतामा दिनुपर्ने बताउँदै यसको विकल्पका रूपमा मनहरी-सरिखेत-भार्ता-गोगने रहेको बताउनुभयो। प्रदेश सरकारबाट १ करोड ५० लाख बजेट परेको जानकारी गराउँदै उहाँले वडा-५ र ६ का बासिन्दालाई गाउँपालिकासम्म जान एक दिन लाग्ने र गाडीमा चढेर गाउँपालिकासम्म जाने सपना यस वर्ष पनि अधुरो रहने भएकामा दु:ख व्यक्त गर्नुभयो।

वडा नम्बर-५ र ६ का बसिन्दालाई गाउँपालिकासम्म जान सडक नभएका कारण एक दिन लगाएर जानुपर्ने बाध्यता छ। यस्तो बाध्यता हटाउन करिब-करिब १ करोड लागतमा सडक खन्न शुरू गर्दा हाल ३ किलोमिटर मात्र खनिएको छ।

गोगने-कालिकाटार सडक निर्माण उपभोक्ता समिति गोगनेखण्डका अध्यक्ष ढकालले भन्नुभयो- 'वडा नम्बर-५

## न्यायिक समितिमा ५३ वटा मुद्दा दर्ता

नुवाकोट, (नेस)

पछिल्लो समय नुवाकोटलगायत देशभरै सम्बन्धविच्छेदका मुद्दाको संख्या बढ्दै गएको छ। यसको पछिल्लो उदाहरण विदुर नगरपालिकाको न्यायिक समितिमा परेको उजुरीले समेत प्रष्ट पारेको छ।

विदुर नगरपालिकाको न्यायिक समितिमा आर्थिक वर्ष २०७४/७५ मा दर्ता भएका ५३ वटा मुद्दामध्ये सम्बन्धविच्छेदका मुद्दा मात्रै १३ वटा दर्ता भएको विदुर नगरपालिका उपप्रमुख तथा न्यायिक समितिकी अध्यक्ष गीता दाहाल अर्यालले बताउनुभएको छ। विदुर नगरपालिका उपप्रमुख दाहालले समितिमा परेको १३ वटा समबन्धविच्छेदका मुद्दामध्ये ३ वटा मुद्दालाई मिलापत्र गराई पठाइएको बताउनुभएको छ। विदुर नगरपालिकाको न्यायिक समितिमा दर्ता भएका मुद्दामध्ये ३३ वटा मुद्दो फछर्यौट गरेको विदुर नगरपालिकाको न्यायिक समितिले जनाएको छ। उपमेयर दाहालले मिलापत्र गर्न सक्ने मुद्दालाई मिलाएको र नसक्ने मुद्दालाई अदालत पठाएको बताउनुभएको छ। उहाँले भूकम्प गएपश्चात् घरजग्गा र खानेपानीसम्बन्धी मुद्दा व्यापक मात्रामा आउने गरेको जानकारी दिनुभएको छ।

जिल्ला अदालत नुवाकोटमा पनि पछिल्लो समय सम्बन्धविच्छेदका मुद्दामा वृद्धि भएको जिल्ला अदालत नुवाकोटले जनाएको छ। पछिल्लो समय सामाजिक सञ्जाल फेसबुक, भाइबर, ट्वीटरलगायतले सम्बन्धविच्छेदका घटनामा वृद्धि भएको नुवाकोट बारका अध्यक्ष देवराज कँडेलले बताउनुभएको छ। नेपालको संविधान-२०७२ अनुसार नगरपालिका वा गाउँपालिकामा न्याय समितिको संयोजकमा उपप्रमुख रहने व्यवस्था गरिएको छ।

## रहरका गुरुयोजना

सलिम अन्सारी, प्यूठान

आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गरेसँगै स्थानीय तहमा असार मसान्तको चटारो सकिएको छ। गाउँ तथा नगरसभाबाट बजेट सार्वजनिक गरेका स्थानीय तहले यस पटक आफ्ना बजेटमा लगानीका क्षेत्र प्राथमिकीकरणमा राखेका छन्। उनीहरूले चालू आर्थिक वर्षको धेरैजसो बजेट भौतिक पूर्वाधारका क्षेत्रमा खर्चेका थिए। यसपटक भने दीर्घकालीन महत्त्वका योजना भन्दै गुरुयोजनाको अवधारणा अघि सारेका छन्। तर, पूर्वतयारीबिना नै गुरुयोजनामा बजेट विनियोजन भएको भन्दै त्यसको आलोचनासमेत शुरू भएको छ। गुरुयोजनाको स्पष्ट खाका र कार्यविधिबिना नै बजेट खन्याइएपछि त्यसको चर्चा हुन थालेको हो। प्यूठानका ९ स्थानीय तहमध्ये धेरैजसोले हचुवाका भरमा गुरुयोजना भन्दै बजेट विनियोजन गरेका हुन्।

कतिपय स्थानीय तहले गुरुयोजना बनाउन रकम खर्चिए पनि त्यसको ठोस खाका सार्वजनिक गरेका छैनन्। कागजीरूपमा बनाइएका यस्ता गुरुयोजनाको नाममा बजेटको दुरुपयोग हुने त होइन भन्ने सवाल तेर्सिएका छन्। गुरुयोजना या आवधिक योजनाले स्थानीय तहका स्रोतसाधनदेखि खर्च गर्ने वैज्ञानिक उपाय सुझाउँछ। कुनै आयोजना वा परियोजनाको लक्षित सफलता हात पार्न समय र बजेट निर्धारण गरी तयार गरिएको कार्ययोजनाको विस्तृत खाका पनि हो गुरुयोजना। तर स्थानीय तहले त्यस्ता खाका तयार गरेको देखिन्न।

गुरुयोजनाबाट प्राप्त हुने परिणाम र यसको कार्यान्वयनबारे स्वयं स्थानीय सरकार अलमलमा परेका छन्। चरणबद्धरूपमा पूरा गर्नुपर्ने ठूला योजनामा समेत आवश्यक बजेट व्यवस्थापन गरेका छैनन्। स्थानीय तहको आवधिक योजना र गुरुयोजना बनाउने नाममा हुने अनावश्यक खर्चप्रति स्थानीय तह सचेत हुनुपर्ने बताउँदै जानकार भन्छन्- 'जनताको आवश्यकताअनुसारका योजनामा बजेट खर्च गरिनुपर्छ, विज्ञबिना नै गुरुयोजना बनाउँदा त्यसको परिणाम सार्थक हुँदैन।' नेपाली कांग्रेस प्यूठानका सचिव देवेन्द्र वर्माले भने- 'गुरुयोजना बनाउँदा स्थानीय सरकारले समुदाय र विज्ञहरूसँग समन्वय गर्नुपर्दछ।'

ऐरावती गाउँपालिकाले पालिकाको समग्र पक्षका लागि भन्दै गुरुयोजना तयार गर्न ४० लाख बजेट विनियोजन गरेको कार्यकारी अधिकृत अर्जुनसेन वलीले बताए। प्यूठान नगरपालिकाले पनि गुरुयोजना बनाउन ४० लाख बजेट विनियोजन गरेको छ। यसै गरी झिमरुक गाउँपालिकाले चालू आवमा ५ वर्षे आवधिक योजना तयार गर्न १० लाख बजेट विनियोजन गरी गुरुयोजनाको काम अघि बढाएको कार्यकारी अधिकृत ताराकिरण केसीले बताए। मल्लरानी गाउँपालिकाले पनि वडा तथा पालिकाको गुरुयोजना तयार गर्न करिब १६ लाख बजेट व्यवस्थापन गरेको पालिका अध्यक्ष अमरध्वज रानाले बताएका छन्।

स्थानीय तहहरूले नीतिगतरूपमा दीर्घकालीन महत्त्व राख्ने योजनाबारे स्पष्टरूपमा खाका तयार गर्न सकिरहेका छैनन्। ५ वर्षपछि गाउँ तथा नगरपालिकाका सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि क्षेत्र, सामाजिक तथा आर्थिक विकासमा के-कस्ता उपलब्धि हासिल गर्ने, औद्योगिक क्षेत्र, लघु उद्यमशिलता, स्वरोजगार तथा आत्मनिर्भरतामा कस्तो परिणाम हासिल गर्ने त्यसबारे बेलैमा स्थानीय सरकारको ध्यान पुग्न जरुरी रहेको जिल्ला समन्वय समितिका प्रमुख केशवराज आचार्यले बताए। 'प्रोफाइल बनाएर दीर्घकालीन सोचका साथ अघि जानुपर्‍यो', प्रमुख आचार्यले भने- 'जनप्रतिनिधिको क्षमता विकासमा अभिमुखिकरण कार्यक्रम तथा गोष्ठी बेलाबखतमा गर्ने गरेका छौं।'

प्यूठानको आर्थिक समृद्धिको मुख्य स्रोत कृषि क्षेत्र भएको बैंकिङ क्षेत्रका विज्ञ मदनबहादुर केसीले बताए। 'परम्परागत कृषि प्रणालीलाई परिवर्तन गर्नैपर्दछ', केसीले भने- 'आधुनिक तथा व्यावसायिक खेतीमा कृषकलाई प्रत्यक्ष फाइदा पुग्नेखालका कार्यक्रम बनाउन नितान्त आवश्यक छ।' कम ब्याजदरमा सरकारबाट कृषकलाई ऋणको व्यवस्थापन गरी आधुनिक कृषि प्रणाली तथा उत्पादकत्व बढाउने कार्यक्रम ल्याउन स्थानीय सरकारले ध्यान दिनुपर्नेमा केसीले जोड दिए।

२०७५, साउन
बुधबार
२

डाक्टरविहीन बनेको रुकुम पश्चिमको चौरजहारी नगरपालिका-७ को स्वास्थ्य केन्द्रमा सिटामोल मात्र पाइन थालेपछि स्वास्थ्य चेकजाँच तथा उपचार गराउन आउने बिरामीको संख्यासमेत घट्न थालेको छ।



# भालुपीडित कञ्चनलाई १ लाख ९६ हजार रुपियाँ उपचार खर्च

दयाराम पण्डित, बाजुरा

जिल्ला वन कार्यालय बाजुराले जंगली जनावर भालुको आक्रमणमा परी सख्त घाइते भइकी बडीमालिका-९ की शान्ती उखेडालाई १ लाख ९६ हजार ६ सय ९० रुपियाँको चेक हस्तान्तरण गरेको छ। सोमबार बिहान आयोजित जिल्ला वन कार्यालयको एक समीक्षात्मक कार्यक्रममा उक्त चेक हस्तान्तरण गरिएको हो।



जिल्ला समन्वय समिति बाजुराका प्रमुख नरेन्द्र रोकाया, बडीमालिका नगरपालिका प्रमुख पदम बडुवाल प्रमुख जिल्ला अधिकारी चेतराज बराल, वन अधिकृत दानबहादुर श्रेष्ठलगायतका अधिकारीले संयुक्तरूपमा उक्त चेक घाइते उखेडालाई हस्तान्तरण गरेका हुन्।

'जंगली जनावरबाट घाइते भएबापत सरकारी क्षेत्रबाट बाजुरामा राहत पाउने यिनी पहिलो हुन्।' -जिल्ला वन कार्यालय बाजुराका प्रमुख दानबहादुर श्रेष्ठले जानकारी दिनुभयो। वन ऐनअनुसार जंगली जनावरको आक्रमणबाट मृत्यु हुनेलाई १० लाख रुपियाँ, सख्त घाइतेलाई २ लाख रुपियाँ र सामान्य घाइतेलाई २० हजार रुपियाँ राहत दिने व्यवस्था छ।

'बाजुरामा जंगली जनावरबाट पीडितलाई उपचार तथा राहत दिइन्छ भन्ने थाहा नपाएर हालसम्म कसैले पनि उक्त राहत पाएका थिएनन्। म आफैं गएर कानुनमा व्यवस्था छ, निवेदन दिनुस् भनेपछि निवेदनको आवश्यक प्रक्रिया अगाडि बढाएर कञ्चनले थोरै भए पनि राहत पाइन्, जंगली जनावरबाट आक्रमणमा परेकाले राहत पाइन्छ भन्ने जन चेतना नहुँदा सर्वसाधारण राहतबाट वञ्चित भएका हुन्।' -श्रेष्ठले बताउनुभयो।

गत मंसिरमा सदरमुकाम मार्तडीको गडायापातल जंगलमा घाँस काट्ने क्रममा कञ्चनलाई भालुले आक्रमण गरेको थियो। अक्रमणमा परी एक आँखा गुमाएकी कञ्चनको काठमाडौंमा लामो उपचारपछि आजकाल सामान्य हिँडडुल गर्ने अवस्थामा छिन्। उपचारमा ५ लाख रुपियाँ खर्च भएको तर राहत कम भएको उनकी आमा किन्जी उखेडाले बताइन्।

# न्यायाधीश सुवेदीलाई बालबच्चा र भविष्यको डर

नेपाल समाचारपत्र

बाँके

उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासकी न्यायाधीश सारङ्गा सुवेदीले निर्भिक भएर काम गर्ने वातावरण चाहिएको बताउनुभएको छ।

राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक, बार र महिला कानुन तथा विकास मञ्चले अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरमा नेपालगन्जमा आयोजना गरेको 'न्यायको अवस्था र चुनौती' विषयक कार्यक्रममा न्यायाधीश सुवेदीले बालबच्चा, भविष्य नहेर्ने न्यायाधीश कहाँ छन् र ? भन्नुभयो।

भागवण्डामा न्यायाधीश नियुक्ति गर्ने काम बन्द गर्नुपर्ने बताउँदै न्यायाधीश सुवेदीले भन्नुभयो- 'मेरो मान्छे छैन भने म बढुवा हुन नसक्ने प्रणालीको अन्त्य हुनुपर्छ। कि त न्यायाधीश भइस् बढुवा हुँदैनस् भनिदिनु पर्‍यो, होइन भने काम गराइलाई हेर्नु पर्‍यो।'

उहाँले सहीलाई न्याय दिलाउनका लागि कानुन व्यवसायी, साक्षीदेखि नागरिक समाजले साथ दिनुपर्ने बताउनुभयो। न्यायाधीश सुवेदीले भन्नुभयो- 'तथ्यांकको साक्षी हुनुपर्नेमा साक्षीहरू पक्षको साक्षी भएर आउँछन्।



यसरी आएकाले निष्पक्ष कुरा राख्दै राख्दैनन्। कानुन व्यवसायीले पनि झुट मुद्दा बोकेर आउँछन्। र, न्यायाधीशले न्याय दिएन भनेर कराउँदै हिँड्छन्।'

प्रमुख जिल्ला अधिकारी रमेश केसीले सबै कुरामा राजनीतिक रंग जोडेर हेर्ने प्रवृत्तिले न्यायमा प्रभाव पारेको बताउनुभयो। प्रजिअ केसीले नेपालले हरेक सन्धि सम्झौतामा हस्ताक्षर गर्ने र पछि कालो सूचीमा पर्ने काम गरिरहेको बताउनुभयो।

कानुन व्यवसायी तथा अधिकारकर्मीले रोम विधानलाई अनुमोदन गर्न सरकारको ध्यानाकर्षण गराए। उनीहरूले युद्ध अपराध, नरसंहार, अमानवीय हत्या र यौन हिंसालाई विशेषरूपमा हेर्ने रोम विधानलाई सरकारले अनुमोदन नगर्दा लाजमर्दो भइरहेको बताए। १ सय २४ देशले अनुमोदन गरेको रोम विधानलाई सार्कमा माल्दिभ्स र बंगलादेशले मात्रै अनुमोदन गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेलले २०६३ साउन ९ गते नै सरकारले रोम विधानको संकल्प प्रस्ताव पारित गरे पनि अनुमोदन गर्न हिचिकचाएको बताउनुभयो।

'आयोग पनि त्यति बेला नै रोम विधान अनुमोदन गर्न सिफारिस गरेको हो', खरेलले भन्नुभयो- 'व्यस्त दण्डहीनताको अन्त्य गर्न सरकारले रोम विधानलाई अनुमोदन गर्नुपर्छ।'

खरेलले २०७४ मंसिरसम्ममा मानव अधिकारसम्बन्धी गम्भीर प्रकृतिका १ सय ७६ वटा मुद्दामा निर्देशन आदेश गरिएकोमा २३ वटा मात्रै पछ्र्यौट भएको बताउनुभयो। त्यस्तै, १ सय ३ वटा परमादेशमा ४० वटा पछ्र्यौट, १ लाख ४५ हजार बढी कैद फैसलामा ३३ हजार पछ्र्यौट, १४ अर्ब ६३ करोड जरिवानामा ४ अर्ब २ करोड असुली भएको छ। नेपालका विभिन्न अदालतमा अहिले ७६ हजार मुद्दा पछ्र्यौट हुन बाँकी रहेको छ।

# नापी र मालपोत कार्यालय सञ्चालनमा

नेपाल समाचारपत्र

रौतहट

लामो समयदेखिको प्रतीक्षामा रहेको मालपोत र नापी कार्यालयको सेवा मंगलबारबाट चन्द्रनिगाहपुरमा सञ्चालनमा आएको छ। ०७१ साल असोज ३० गते चन्द्रनिगाहपुरमा सेवा केन्द्र स्थापना गर्ने निर्णय भए पनि सदरमुकाम गौरमा भएको आन्दोलनले स्थगित भएको थियो तर ०७५ जेष्ठ २० गते नेपाल सरकार बाट सेवा केन्द्र स्थापना गर्ने निर्णय फुकुवा भएसँगै चन्द्रनिगाहपुरमा ती दुवै कार्यालय सञ्चालनमा आएको हो।

कार्यालयको उद्घाटन रौतहट क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य प्रभु साहले गर्नुहुँदै उहाँले जनतालाई घरदैलोमा सेवा पुर्‍याउने उद्देश्यअनुरूप चन्द्रनिगाहपुरमा मालपोत र नापी कार्यालयको स्थापना भएको बताउनुभयो। यसअघि ती दुवै कार्यालयको सेवा केन्द्र रौतहटको मौलापुर र गरुडामा स्थापना भई सञ्चालनमा आएको थियो।



मालपोत कार्यालय चन्द्रनिगाहपुरबाट पहिलो सेवा लिने गुजरा नगरपालिका-६ प्रतापपुर पल्टुवा निवासी तारादेवी चौधरी र सोही नगरपालिका-३ निवासी नन्देश्वर चौधरी र नापी कार्यालय चन्द्रनिगाहपुरबाट पहिलो सेवा लिने चन्द्रपुर-९ डुमरियाका रामबालक यादवलाई प्रमुख अतिथिको हातबाट प्रमाणपत्र दिइएको थियो।

रौतहटको चन्द्रनिगाहपुरमा मालपोत र नापी कार्यालयबाट चन्द्रपुर नगरपालिकाको चन्द्रनिगाहपुर, जुडिबेला, सन्तपुर, डुमरिया, यस्तै वृन्दावन नगरपालिकाको रमौली, विश्रामपुर, संखुअवाधमौरा, यसै गरी गुजरा नगरपालिकाको रंगपुर, कनकपुर, प्रतापपुर पल्टुवा, र फतुवा विजयपुर नगरपालिकाको लक्ष्मीनिया, फतुवा हर्षाहा र कटहरिया नगरपालिकाको भसेडवा र हथियाईको कार्यसम्पादन रहनेछ।

# छानविन समिति गठन

वीरगन्ज, (नेस)

पर्साको बहुदरमाई गाउँपालिका-२ का एकै परिवारका २ बालकको हत्याबारे छानविन गर्न समिति गठन गरिएको छ। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको संयोजकत्वमा ५ सदस्यीय छानविन समिति गठन गरिएको हो।

समितिमा संघीय प्रहरी इकाइ कार्यालय, वीरगन्जका प्रहरी नायव उपरीक्षक छेदिलाल कामती, जिल्ला प्रहरी कार्यालय पर्सा प्रहरी नायव उपरीक्षक सत्यनारायण थापा, अनुसन्धान अधिकृत दीपक पटेल र जिल्ला प्रशासन कार्यालय पर्साका नायव सुब्बा महेश अर्याल सदस्य छन्। २०७४ मंसिर १३ गतेदेखि हराएका सञ्जय साहका ११ वर्षीय छोरा सुमित साहको शव हत्या गरी गाउँ नजिकैको पोखरीमा फालिएको अवस्थामा मंसिर १७ गते भेटिएको थियो। उनको हत्यारा प्रहरीले अझैसम्म पत्ता लगाउन सकेको छैन।

सञ्जयकै कान्छो भाइ शिवजी साहको ६ वर्षीय छोरा आयोग साह असार ३१ गते पोखरीमा मृत भेटिए। स्थानीयले आयोगको हत्या भएको भन्दै ३१ गते दिनभर शव झिक्न दिएका थिएनन्। हेटौंडाबाट तालिमप्राप्त कुकुर मगाएर आवश्यक अनुसन्धानपछि मात्रै शव बाहिर निकालिएको थियो। त्यही विषयलाई लिएर ३२ गते सोमबार पनि दिनभर वीरगन्जमा तनाव भएको थियो। प्रदेशसभा सदस्यहरूको नेतृत्वमा स्थानीयले हत्यारा पत्ता लगाउन प्रहरी प्रशासन गम्भीर नभएको भन्दै नाराबाजी गर्दै प्रशासनमा ज्ञापनपत्र बुझाएका थिए। उनीहरूले छानविन समिति गठन नगरेसम्म आयोगको शव नबुझ्ने अडान लिएपछि प्रशासनले बाध्य भएर छानविन समिति गठन गरेको हो।

# 'संस्थागत भ्रष्टाचारले विकासमा बाधा'

नेपाल समाचारपत्र

लमजुङ

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले संस्थागत भ्रष्टाचारले विकासमा बाधा परेको बताउनुभएको छ। जिल्ला समन्वय समिति लमजुङको दोस्रो जिल्ला सभाको उद्घाटन गर्दै मुख्यमन्त्री गुरुङले यस्तो बताउनुभएको हो।



मुख्यमन्त्री गुरुङले भ्रष्टाचार, ढिलासुस्ती, काममा लापरबाही हुनुका साथै संस्थागतरूपमै भ्रष्टाचारले जरा गाडेका कारण विकासका काम आशाअनुरूप हुन नसकेको हो भन्नुभयो। उपभोक्ता समितिका कुनै पनि पदमा जनप्रतिनिधि बस्न नहुनेमा जोड दिँदै उहाँले भन्नुभयो- 'संस्थागतरूपमा पनि भ्रष्टाचार भइरहेको छ। उपभोक्ता समितिमा पनि यो समस्या छ। त्यसतर्फ स्थानीय सरकारको ध्यान जान आवश्यक छ।' उहाँले भ्रष्टाचार तथा अनियमित कार्यलाई शून्यमा झार्न जिससका प्रमुख र सदस्यहरू निरन्तर लाग्नुपर्छ भन्नुभयो। उहाँले विकास निर्माणका कार्यमा क्षेत्रगत र संस्थागतरूपमा विभाजन गरी जनप्रतिनिधिले काम गरे विकास निर्माणले गति लिने विश्वास व्यक्त गर्नुभयो। त्योसँग विकास निर्माणका काममा भ्रष्टाचार र अनियमितता जस्ता गैरकानुनी क्रियाकलाप रोकिनेछ भन्नुभयो। त्यसको अनुगमन गर्ने र विकासमा समन्वय गर्ने दायित्व अब जिससको हो मुख्यमन्त्री गुरुङले भन्नुभयो।

जिल्ला समन्वय समितिसहितका सबै स्थानीय तहका जनप्रतिनिधिलाई जिम्मेवारी ढंगबाट काम गर्न निर्देशन दिनुभएको हो। 'संघीय संरचनामा विकासको गति हिजोको कर्मचारीले चलाएको जस्तो हुनुहुँदैन। जनताको अपेक्षाअनुसार काम गर्नुपर्छ। बजेट सिध्याउने मात्रै काम गर्नुहुँदैन', उहाँले भन्नुभयो- 'विकास निर्माणमा जनप्रतिनिधिले अनुगमन गरे/नगरेको प्रदेश कार्यालयले हेर्छ।'

मुख्यमन्त्री गुरुङले संघीयताको कार्यान्वयन सफलरूपमा भए मात्रै विकास र समृद्धि हासिल हुने बताउनुभयो। उहाँले स्थानीय सरकार बलियो भएमात्र जनाताले सिंहदरबारको अधिकार गाउँमा आएको महसुस गर्ने बताउँदै जनप्रतिनिधिहरू जनताप्रति उत्तरदायी भए संघीयता सफल हुनेमा जोड दिनुभयो। जनताका समस्याहरू समाधान गर्दै जनताप्रति उत्तरदायी, जवाफदेही भई काम गर्न जनप्रतिनिधिलाई निर्देशन दिनुभयो। जिल्लाका ४ नगरपालिका र ४ गाउँपालिकामा खटिएका कर्मचारीलाई क्षमता अभिवृद्धि हुने खालका तालिम सञ्चालन गर्न जिसस लमजुङलाई मुख्यमन्त्री गुरुङले ध्यानाकर्षण गर्नुभयो।

उक्त सभामा प्रदेशसभा सदस्य सांसदत्रय मायानाथ अधिकारी, धनञ्जय दवाडी र मधु अधिकारी, संविधानसभा सदस्य टुका हमाल, गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरे, बेंसीशहर नगरपालिकाका मेयर गुमानसिं अर्याल, प्रमुख जिल्ला अधिकारी झङ्कनाथ ढकाल, नेकपाका जिल्ला संयोजक कृष्णप्रसाद अधिकारी, कांग्रेसका जिल्ला अध्यक्ष भेषबहादुर पौडेल, राप्रपाका जिल्ला अध्यक्ष इन्द्रबहादुर मल्ल र नयाँ शक्ति नेपालका जिल्ला संयोजक राजु थापाले शुभकामना मन्तव्य राख्नुभएको थियो।

# सिटामोलको भरमा बिरामी

धनवीर दाहाल, रुकुम

रुकुम पश्चिमको चौरजहारी नगरपालिका-७ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा सिटामोलबाहेक अन्य औषधि नभएको पाइएको छ। उपचारका लागि स्वास्थ्य केन्द्रमा आउने बिरामीहरूले सिटामोल मात्र पाउने गरेको बाध्यता सुनाएपछि अन्य औषधि नभएको पत्ता लागेको हो।

डाक्टरविहीन बनेको स्वास्थ्य केन्द्रमा सिटामोल मात्र पाइन थालेपछि स्वास्थ्य चेकजाँच तथा उपचार गराउन आउने बिरामीको संख्यासमेत घट्न थालेको छ। स्वास्थ्य केन्द्रमा अक्सिजन, सादा एक्सरे, भिडियो एक्सरे, ल्याब, फार्मेसीलगायतका अन्य सेवाहरू नहुँदा बिरामी मर्कामा परेका छन्।



घर आँगनकै स्वास्थ्य केन्द्रमा सबै किसिमको उपचार तथा औषधि नपाइने भएकाले धेरैजसो बिरामीलाई बाहिर जानुपर्ने बाध्यता रहेको छ। प्राथमिक स्वास्थ्य केन्द्र कोटजहरीमा चौरजहरी नगरपालिका-६, ७, ८ र ९ का बिरामी उपचार गर्न आउने गर्दछन्। तर, स्वास्थ्य केन्द्रमा नि:शुल्करूपमा पाइने औषधिसमेत नभएकाले स्वास्थ्य केन्द्रले नै बिरामीलाई निजी स्वास्थ्य संस्थामा औषधि किन्न आग्रह गर्ने गर्दछ।

बिरामीका लागि पर्याप्त मात्रामा औषधि नभएको र नि:शुल्करूपमा प्रदान गरिने औषधिसमेत बाहिरबाट किन्न लगाउनुपर्ने बाध्यता रहेको हेल्थ असिसटेन्ट रामबहादुर सुनारले बताए। 'स्वास्थ्य केन्द्रमा सादा एक्सरे, भिडियो एक्सरे, ल्याब, फार्मेसीलगायतका सेवाहरू नहुँदा जटिल प्रकृति र इमर्जेन्सी बिरामीहरूलाई रेफर गर्दै आइरहेका छौं।' -उनले भने। निमित्तको भरमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा लामो समयदेखि दरबन्दीअनुसार कर्मचारीको पनि पदपूर्ति हुन सकेको छैन।

यहाँको प्राथमिक स्वास्थ्य केन्द्रमा भरपर्दो सेवा नपाइने भएपछि प्राय:जसो बिरामीहरू मिसन अस्पताल चौरजहारी तथा जाजरकोट अस्पताल जाने गर्दछन्। प्राथमिक स्वास्थ्य केन्द्र कोटजहरीले गरेको सामाजिक परीक्षण कार्यक्रममा स्थानीयले आफूहरूले सिटामोलबाहेक अरु औषधी नपाएको गुनासो गरेका थिए।

नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालय
सिंचाइ बिभाग
बागमती सिंचाइ आयोजना
कर्मैया, सर्लाही ।

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

यस आयोजनाको Construction of Embankment, Slope Revetment & Studs in Chandi River निर्माण कार्यको लागि पेश भएका रितपूर्वकका बोलपत्रदाताहरुमध्ये देहायको बोलपत्र सारभुत रुपमा प्रभावग्राही न्युनतम मुल्यांकित बोलपत्रको रुपमा छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ दफा २७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कबोल अंक (मु.अ.क. बाहेक) |
|---|---|---|---|
| १. | BIP//NCB/CAP-01/074-75 | पृथ्वी ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि. बतिसपुतली, काठमांडौं । | रु.४,८९,१४,४७।४० |

.....................
(आयोजना प्रमुख)



# विश्व

### प्रेमको प्रयोग

बेलायतकी मोडल क्लोय एलिंगाको फाइल तस्वीर। उनलाई ६ दिनसम्म इटालीमा बन्धक बनाइएको थियो। तर उनले अपहरणकारी मध्यका एकसँग प्रेमको नाटक गरी त्यहाँबाट उम्कन सफल भएको बताएकी छिन्।



### प्राचीन रोटी

बैज्ञानिकहरुले जोर्डनको ब्ल्याक मरुभूमिमा फेलापरेको १४ हजार वर्ष पुरानो रोटी। विभिन्न प्रकारका गेडागुडी मिसाइएको उक्त रोटी पोलेको मासु बेर्न प्रयोग गर्ने गरेको उनीहरुले बताएका छन्।



2018, JUL
Wednesday
18

विश्व २ मिनेट

**अफगानिस्तान**

## लडाकू मारिए

काबुल, (एजेन्सी)

अफगानिस्तानको दक्षिणी प्रान्त कान्दाहारमा तालिवान लडाकूहरु विरुद्ध जारी रहेको सैनिक हवाई कारबाहीको क्रममा ६२ जनाभन्दा बढी लडाकू मारिएको सुरक्षा सूत्रले मंगलबार जनाएको छ। विगत २४ घण्टाभित्र भएको उक्त कारबाहीमा सो संख्यामा तिनीहरु मारिएको सेनाका प्रवक्ता यहया आलाभीले एक विज्ञप्तिमार्फत जानकारी दिएका हुन्। कान्दाहार प्रान्तको मारोफ जिल्लामा तालिबान लडाकूहरु लुकेर बसेको स्थानलाई लक्षित गरी यो कारबाही गरिएको आलाभीले बताएका हुन्। यसै क्रममा कान्दाहार प्रान्तको आर्धिस्तान जिल्लामा भएको दोहरो भिडन्तमा नौ जना प्रहरी पनि मारिएका छन्।

**अमेरिका**

## ज्वालामुखी विस्फोट

हवाई, (एजेन्सी)

अमेरिकाको हवाईमा अचानक भएको ज्वालामुखी विस्फोटको कारण एउटा सानो जहाजमा सवार २३ जना पर्यटक घाइते भएको सरकारी अधिकारीहरुले मंगलबार बताएका छन्। हवाइको किलाउया ज्वालामुखी विस्फोट हुँदा निस्केको ढुंगा र अन्य अवशेष सो पर्यटक जहाजमा खसेको थियो। तातो लाभा यसरी पोखिँदा एकजना यात्रुको खुटा भाँचिनुका साथै अन्य थुप्रैलाई पोलेको थियो। गत मे महिनामा पहिलोचोटि विस्फोट भएको यो ज्यालामुखी पटक-पटक विस्फोट हुँदै आएको छ। सो जहाज आफैं बन्दरगाहमा पुगेको तथा घाइतेलाई अस्पतालमा लगिएको बताइएको छ।

**चीन**

## सुरक्षा चिन्ता

बेइजिङ, (एजेन्सी)

पाकिस्तानमा गत जुलाई १३ मा भएको एक आक्रमणमा १ सय ३० जनाको मृत्यु भएपछि चिनियाँ सरकारी सञ्चार माध्यमले त्यसप्रति चिन्ता व्यक्त गरेको छ। चीन पाकिस्तान आर्थिक राजमार्ग (सीपीईसी) परियोजना र इस्लामाबादमा रहेका आफ्ना नागरिकको सुरक्षाप्रति बढी सतर्क हुनुपर्नेमा सञ्चार माध्यमले सचेत गराएको छ। पाकिस्तानको दक्षिणी बलुचिस्तानमा भएको उक्त शक्तिशाली विस्फोटमा कयौंको ज्यान गएको थियो। मृत्यु हुनेमा आगामी चुनाव लडिरहेका एक उम्मेदवार पनि परेका थिए। पाकिस्तानमा स्थिति खराब भइरहने हो भने उर्जा तथा परिवहन सम्बन्धित परियोजनाहरु निसाना बन्न सक्ने ग्लोबल टाइम्सले जनाएको छ।

**क्युबा**

## मोबाइलमा इन्टरनेट

हवाना, (एजेन्सी)

क्युबामा हालै मात्र सीमित व्यक्तिका लागि मोबाइल फोनमा इन्टरनेट सेवा उपलब्ध हुने भएको छ। तर यो वर्षको अन्त्यसम्ममा सबै नागरिकका लागि यो सेवा उपलब्ध हुने अपेक्षा गरिएको छ। अहिले समाचार एजेन्सी, टेलिभिजन च्यानल, अखबारका पत्रकारहरुलाई सबैभन्दा पहिला मोबाइल इन्टरनेट सेवा दिइएको छ। नयाँ राष्ट्रपति माइकल डियाज कनेलले पदभार सम्हालेको बेला आफू अर्थ व्यवस्था उकास्नमा लाग्ने र क्युबाली नागरिकलाई उनीहरुको क्रान्तिको रक्षा गर्नमा मद्दत गर्ने प्रतिबद्धता ब्यक्त गरेका थिए। सन्चार माध्यमलाई यो सेवा उपलब्ध हुनुले कुनै पनि स्थानबाट तत्काल घटनाको जानकारी पाउन सकिने छ।

# ट्रम्पको अभिव्यक्तिको अमेरिकामा नै व्यापक आलोचना

हेलेन्सिकी, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फिनल्यान्डको राजधान हेलेन्सिकीमा रुसी समकक्षी भ्लादिमिर पुटिनसंग भएको महत्वपूर्ण भेटावार्ताको दौरान सन् २०१६ मा अमेरिकीमा सम्पन्न राष्ट्रपतीय निर्वाचनमा भएको बताइएको रुसी हस्तक्षेपको प्रतिवाद गरेको कारण मंगलबार स्वदेशमा उनको चारैतिरबाट व्यापक आलोचना भएको अमेरिकी संचार माध्यमले जनाएको छ।

उक्त शिखरवार्तामा ट्रम्पले अमेरिकी गुप्तचर निकायहरको भनाई विपरीत रसियालाई अमेरिकी राष्ट्रपतीय चुनावमा हस्तक्षेप गर्नुपर्ने कुनै आवश्यकता नरहेको जनाएका छन्।

अमेरिकी कंग्रेसका सभामुख तथा प्रमुख रिपब्लिकन पावल र्‍यानले ट्रम्पले रसिया हाम्रो देशको गठबन्धन राष्ट्र होइन भन्ने बुझ्नुपर्ने प्रतिक्रिया व्यक्त गरेका छन्। राष्ट्रपति ट्रम्पका आफ्नै गुप्तचर प्रमुख स्वयम पनि उनको भनाइको विरुद्ध उत्रिएका छन्।

अमेरिकी राष्ट्रिय गुप्तचरका निर्देशक ड्यान कोट्सले एउटा विज्ञप्ति जारी गर्दै भनेका छन- 'अमेरिकी प्रजातन्त्रलाई ओझेलमा पार्न जारी रहेको हस्तक्षेपकारी प्रयासहरुका



लागि रसिया जिम्मेवार रहेका छन्।' तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भने आधिकारिक रूपमै यस्तो हस्तक्षेपकारी कदमको आरोप अस्विकार गरेका छन्।

सोमबार राजधानी हेलसिन्की अमेरिका र रसियाका राष्ट्रपतिबीच झण्डै दुइ घन्टा लामो गोप्या वार्ता भएको थियो। सो वार्तामा तिनीहरुका सल्लाहकारहरुलाई समेत सामिल गराइएको थिएन।

उक्त वार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा चुनावमा हस्तक्षेप गरेको भन्ने आरोप सम्बन्धमा आफ्नै देशका गुप्तचर निकायहरु वा राष्ट्रपति पुटिनलाई विश्वास गर्छौ भनी सोधिएको प्रश्नको जवाफमा उनले भनेका थिए , 'राष्ट्रपति पुटिनेले रसियाको हात छैन भने। मैले पनि यसमा रसियाको कुनै हात हुनुपर्छ' भन्ने कारणहरु देखेको छैन।

साथै ट्रम्पले विगतमा पनि रसियाको कुनै गल्ती बाबजुद पनि रसियासँगको सम्बन्ध बिगारेका कारण अमेरिकी सरकारको आलोचनासमेत गरेका छन्। अमेरिकी गुप्तचर निकायहरुले सन् २०१६ भएको चुनावमा राष्ट्रपतिय उम्मेदवार हिलारी क्लिन्टन विरुद्धको इन्टरनेट ह्याकिंग गरी भएको षड्यन्त्रमा रसियाकै हात भएको निक्यौंल निकाली सकेका छन्। त्यतिबेला साइबर आक्रमण गरी नक्कली समाचारहरु सामाजिक संजालमा राखिने गरिएको थियो। सिनेट शसस्त्र सेवा समितिका प्रमुख सदस्य सिनेटर जोहन म्यककेनले ट्रम्पको यो प्रस्तुति निकै दुखद्पूर्ण रहेको बताएका छन्।

# मण्डेलाको जन्म शताब्दीमा ओबामाको सम्बोधन

वासिंगटन, (एजेन्सी)

अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले दक्षिण अफ्रिकाका आफ्ना पूर्वसमकक्षी तथा महान प्रजातन्त्रवादी नेता नेल्सन मण्डेलाको जन्म शताब्दी समारोहलाई मंगलबार सम्बोधन गरेका छन्। उक्त कार्यक्रममा सहभागी हुन् उनी सोही सोमबारै दक्षिण अफ्रिकाको राजधानी जोहान्नेस्वर्ग पुगेका थिए। बुधबार अर्थात हरेक वर्षको १८ जुलाइमा नेल्सन मण्डेलाको जन्मदिन पर्दछ।

यस वर्ष उनको १००औं जन्मदिन परेको हो। तर उनको १०० औं जन्मदिनको पूर्वसन्ध्यामा मंगलबारकै दिन यस समारोह आयोजना गरिएको आयोजक समितिले जनाएको छ। सन् २०१७ मा अमेरिकाको राष्ट्रपतिबाट पदावधि सकिए यता बाराक ओबामा प्रायशः सार्वजनिक समारोहरुमा उपस्थित हुने गरेका छैनन्।

ओबामाले नेल्सन मण्डेलालाई भने आफ्नो जीवनको आदर्श र प्रेरणाका रूपमा लिने गरेका छन्। हिजोको यस विशेष कार्यक्रममा कम्तिमा पनि १५ हजार मानिसको सहभागिता रहेको थियो। उक्त सभालाई विश्वका अन्य केही नेता तथा ओबामाले सम्बोधन गरेका हुन्।

दक्षिण अफ्रिकाको जोहानेस्वर्गमा स्थिते विशाल क्रिकेट रंगशालामा सो समारोहको आयोजना गरिएको हो। मण्डेलाको जन्मदिनमा आयोजना हुने यस्तो कार्यक्रमलाई वर्षेनी भव्य बनाउने गरिएको छ। ओबामाले उक्त सभालाई सम्बोधन गर्नेक्रममा विशेष गरी युवावर्गलाई प्रजातन्त्र, मानवअधिकार र शान्तिको संरक्षणका लागि लाग्न आह्वान गरेका छन्। दक्षिण अफ्रिकामा रंगभेद विरुद्धमा लामो सघर्ष गर्ने क्रममा नेल्सन मन्डेलाले २७ वर्ष लामो काराबस संजाय भोगेका थिए।

सन् २०१३ मा निधन भएका नेता नेल्सन मण्डेला विश्वका प्रजातन्त्रवादी नेताका रूपमा प्रख्यात र लोकप्रिय रहेका थिए।




# स्वात घाटीमा पुनः स्थापित भए बुद्धका मूर्ति

मिंगोरा, (एजेन्सी)

पाकिस्तानको स्वात उपत्यकास्थित एक चट्टानमा कुदिएको बुद्धको प्रतिमालाई सन् २००७ मा पाकिस्तानी तालिबानले तोडफोड गरेका थिए। अहिले उक्त प्रतिमालाई पुन स्थापित गरिएको छ। यो प्रतिमा अब स्वात घाटीमा सहिष्णुताको बलियो प्रतीकका रूपमा उदय भएको छ।

सन् २००१ मा बामियानमा जस्तै सन् २००७ मा यस मूर्तिलाई डाइनामाइटबाट उडाउने प्रयास भएको थियो। त्यसले यस प्रतिमालाई धेरै नोक्सान पुर्‍याएको थियो। केहीले यसलाई अत्यन्तै बर्बरतापूर्ण कार्य भएको बताउँदै कडा निन्दा गरेका थिए। इस्लामिक कट्टरपन्थीहरुले प्राचीन बौद्ध सभ्यताले भरिएको यस क्षेत्रको ऐतिहासिक पहिचान र संस्कृतिलाई समाप्त पार्न कुनै कसर छोडेको थिएन।

स्वातमा बुद्ध धर्मका एक विशेषज्ञ ७९ वर्षीय परवेश शाहिनले भने (मलाई त उनीहरुले मेरै पिताको हत्या गरेको जस्तो लाग्याथ्यो। उनीहरुले मेरो संस्कृति र मेरो इतिहासमाथि हमला गरेका हुन्।

त्यहाँ अहिले इटाली सरकारले संयौं पुरातात्विक महत्वका स्थानहरुको संरक्षित गर्न मद्दत गरिरहेको छ। इटाली सरकारको मद्दतले यो स्थान फेरि एक पटक पुनःजीवित हुने र त्यसपछि त्यहाँको पर्यटन व्यवसाय झांगिनेमा स्थानीय सरकार आशावादी देखिएका छन्।

एक दशकअगाडिको उक्त आक्रमणमा तालिबान लडाकूले २० फिट अग्लो मूर्तिमाथि चढेर त्यसमा विस्फोटक पदार्थ रोखका थिए। विस्फोटमा प्रतिमाका केही हिस्सा क्षतिग्रस्त भएको थियो। बुद्धको अनुहार उक्त विस्फोटमा पूरै क्षतिग्रस्त भएको थियो। शाहिनका लागि यो प्रतिमा 'शान्ति, प्रेम, र भाइचारा' को प्रतीक थियो।

शाहिनले भने- 'हामी कुनै व्यक्ति वा धर्मप्रति घृणा गर्दैनौं, कसैप्रति घृणा गर्ने यो के तरिका हो।

स्वात घाटी इतिहासको जानकारी नभएका कयौं परिवारले सन् २००७ मा भएको उक्त आक्रमणको सराहना गरेका थिए। उनीहरुले बुद्धको मूर्तिलाई इस्लाम विरोधी मानेका थिए।



# सीको तस्वीरमा मसी छ्याप्ने महिला पक्राउ

सांघाई, (एजेन्सी)

चीनमा एक महिला सामाजिक सञ्जालमा आफ्नै लाइभ स्टिमिंगमा चिनियाँ राष्ट्रपति सी जीनपिङको एक तस्वीरमा मसी छ्याप्दै देखिएपछि उनलाई गिरफ्तार गरिएको छ।

अमेरिकास्थित चाइनिज ह्युमन राइट्स डिफेन्डर्स (सीएचआरडी)का कार्यकर्ता नेटवर्कले ती महिलाका पिता र एक अर्को चिनियाँ कलाकारलाई पनि अधिकारीहरुले हिरासतमा लिएको जनाएका छन्। ती महिला चीनको अवस्थालाई लिएर सामाजिक सञ्जालमा प्रचार गर्न चाहेको बताइएको छ।

महिलाको पहिचान २८ वर्षीय दांग याओकिओंग भएको मानवअधिकारवादी कार्यकर्ताले जनाएको छ। गत जुलाइमा उसले ट्विटरमा लाइभ स्टिमिंग भिडियोमा सत्तारुढ कम्युनिस्ट पार्टी 'दमनकारी तरिकाबाट नागरिकको सोचमा नियन्त्रण' गर्ने काम गरिरहेको आरोप लगाएकी थिइन्। उक्त भिडियो लाखौं पटक रिट्विट गरिएको थियो। भिडियोमा दोंग देशको आर्थिक केन्द्र सांघाईको एक स्थानमा सीको तस्वीर भएको पोस्टरमा मसी छ्याप्दै गरेको देखिएकी थिइन्।

महिलाले भनेकी थिइन्- '(सी जिनपिङ म यहीं तपाईंलाई कुरिरहनेछु। आउ मलाई गिरफ्तार गर।'

ती महिलालाई पछि पक्राउ गरिएको र उक्त घटनापछि उनको ट्विटर अकाउन्ट पनि डिलिट गरिएको सीएचआरडीले जनाएको छ। उनको अन्तिम ट्विटमा एउटा तस्वीर पोस्ट गरिएको थियो , जसमा उनको अपार्टमेन्ट बाहिर कयौं बर्दिधारी सुरक्षाकर्मी उभिएका देखिन्थे। सीएचआरडीले भनेको छ ' अधिकारीहरु सी जिनपिंगको महिमा बचाइराख्न अभिब्यक्ती स्वतन्त्रता कुल्चिरहेका छन्।'

सरकारलाई हस्तान्तरण गर्नका लागि करिब ३ दर्जन माग भएको संयुक्त ज्ञापनपत्र पनि तयार गरिएको कुरा आयोजकबाट थाहा भएको छ।

# डा. केसीको स्वास्थ्यमा गडबडी

## वार्ता असफल

**नेपाल समाचारपत्र**

काठमाडौं

चिकित्सा शिक्षाको सुधारका लागि विगत १८ दिन देखि सत्याग्रहमा रहनुभएका प्राडा. गोविन्द केसीको स्वास्थ्य अवस्था विगत २४ घण्टामा व्यापक गडबडी भएको उपचारमा संलग्न चिकित्सकहरूले जनाएका छन्।

डा. केसीको मुटुको चाल, स्वासप्रश्वासको गति र रक्तचापमा व्यापक गडबढी देखिएको उपचारमा संलग्न डा. पुजन रोकाया, डा. सिद्धार्थ खाती र डा.धिरज गुरुङले साउन १ गते जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। जारी विज्ञप्तिमा उल्लेख गरेअनुसार रगतमा अक्सिजनको मात्रा निरन्तर कमी रहेकाले डा. केसीलाई लगातार अक्सिजन दिइरहेको छ। बिहानीपख अचानक स्याचुरेसन घटेर ७० को हाराहारीमा पुगेपछि अक्सिजनको मात्रा बढाइएको छ।

चौतर्फी रूपमा डा. केसीको जीवन रक्षाको माग राख्दै सरकारलाई दबाब सृजना भएपछि अनसन बसेको १७औं दिनमा गठन गरेको बार्ताटोली केपी ओली सरकारको झारा टार्ने र अनसनलाई बीचैमा निस्कृय बनाउने खेल भएको डा. केसीका तर्फबाट वार्तामा जुटेका प्रतिनिधिहरूको धारणा रहेको छ।



डा. केसी पक्षबाट वार्तटोलीमा सहभागी अधिवक्ता ओमप्रकाश अर्यालले सरकारी वार्ता टोलीले डा. केसीलाई 'सत्याग्रही' नभइ 'बिरामी' का रूपमा लिएको बताउनुभयो। सरकारका तर्फबाट 'वार्ता टोलीमा सहभागी प्रतिनिधिले डा. केसीको रेस्क्यु र उपचारका विषयमा मात्रै आफूहरूलाई कुरा गर्ने अधिकार भएको र बाँकी विषय राजनीतिक भएकाले आफूसँग 'म्यान्डेट' नरहेको बताउनुभयो।'

अर्याल भन्नुहुन्छ- 'सरकारी टोलीबाट यस्तो भनाई आएपछि वार्ता स्थलबाट हामी बाहिरिनुको विकल्प नभएको बताउनुभयो। सरकार डा. केसीका माग र स्वास्थ्यप्रति गम्भीर नभएको डा. केसी समर्थकले बुझेका छन्। सरकारका तर्फबाट वार्ता टोली गठन गरेको देखाएर आन्दोलन कमजोर बनाउने रणनीति लिएको हाम्रो ठहर छ।'

डा. केसीसँग वार्ता गर्न सोमबारको मन्त्रिपरिषद् बैठकले शिक्षा मन्त्रालयका सचिव खगराज बरालको नेतृत्वमा तीन सदस्यीय टोली गठन गरेको थियो। वार्तामा सरकारका तर्फबाट शिक्षा सचिव बराल, गृह मन्त्रालयका सहसचिव केदार न्यौपाने र स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. गुणराज लोहनी सहभागी थिए। त्यसैगरी डा. केसीका तर्फबाट डा. अभिषेक सिंह, वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, ओमप्रकाश अर्याल र नेपाल चिकित्सक संघका प्रतिनिधि सहभागी थिए।

# भ्यानको ठक्करबाट आमाछोराको मृत्यु

कञ्चनपुर, (नेस)

कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका ५ अमखैयास्थित पूर्वपश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा परि २४ वर्षीय आमा रिना चौधरी र १ वर्षीय छोरा रिदम चौधरीको मृत्यु भएको छ।

मंगलबार बेलुकी ४:४५ बजे महेन्द्रनगरबाट धनगडीतर्फ गइरहेको म१ज २५० नम्बरको हाइस र विपरीत दिशाबाट आइरहेको बा१० च ४९१८ नम्बरको भ्यानमा ठोकिदा दुर्घटना भई उनीहरूको मृत्यु भएको हो।

घाइते हुनेमा कञ्चनपुर बेदकोट नगरपालिका ६ की ४० वर्षीय सोमती राना, भीमदत्त नगरपालिका १० को २२ वर्षीय अर्जुन कार्की, कृष्णपुर नगरपालिका ४ की ३५ वर्षीय बिमादेवी बुढाऐर, १२ वर्षीय प्रकाश बुढाऐर, कैलाली धनगडी उपमहा नगरपालिका ६ की ३२ वर्षीय भागीरथि पाण्डे, ६ वर्षीय प्रतीक पाण्डे, १८ वर्षीय निरु बम र १६ वर्षीय रोशन सिंह रहेका छन्। घाइतेहरूको पदमा अस्पताल अत्तरियामा उपचार भइरहेको छ। भ्यान चालक दिलबहादुर चौधरीलाई थप उपचारका लागि भारतको खटिमा रिफर गरिएको प्रहरी नायबउपरीक्षक ज्ञानबहादुर सेटीले जानकारी दिनुभएको छ।

# ५ दिनका लागि कार्यक्रम स्थगित

विराटनगर, (नेस)

साउन १ गतेदेखि वडा कार्यालयबाटै सेवा प्रवाह गर्ने महानगरपालिकाको कार्यक्रम प्राविधिक र व्यवस्थापकीय पक्ष जुटन विलम्ब हुँदा ५ दिनका लागि स्थगन गरिएको छ। जनताले घरदैलोबाटै सेवा पाउन भन्ने ध्येय राखेर विराटनगर महानगरपालिकाले पहिलोपटक अधिकार वडा कार्यालयलाई उपलब्ध गराउने कार्यक्रम बनाएको थियो।

महानगरका प्रमुख प्रशासकीय अधिकृतकुमार दाहालले वडा कार्यालयबाट हुने सबै सेवा १ गतेबाटै सुचारू भए पनि प्राविधिक पक्षबाट हुने सेवा केही दिनको लागि विलम्ब हुन गएको जानकारी दिए।

# आजै राप्रपाको जनजागरण अभियान

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीले आज बुधबार राजधानीमा हिन्दूराष्ट्र पुन:स्थापनाका लागि राष्ट्रिय जनजागरण अभियानको औपचारिक शुभारम्भ गर्ने भएको छ।

पार्टीको गत जेठमा सम्पन्न केन्द्रीय परिषद्को निर्णयअनुसार पार्टीले राष्ट्रव्यापी जनजागरण अभियानको थालनी गर्ने भएको हो। राप्रपाले संगठन निर्माण, जनमुखी कार्यक्रम र जनसंघर्षलाई भावी कार्यदिशा तय गरेको छ। नेपाल सदियौंदेखि सनातन धर्म सापेक्ष हिन्दूराष्ट्रका रूपमा रहँदै आएको र सनातन धर्म व्यक्तिगत, सामाजिक एवं राष्ट्रिय जीवनसँग अभिन्न र अविभाज्य रूपमा गाँसिएर आएको विषय भएकाले कुनै राजनीतिक परिवर्तन वा राजनैतिक मान्यताले विस्थापित गर्न नसक्ने राप्रपाले जनाएको छ।

राप्रपाले विगतमा पनि पटकपटक नेपाल हिन्दूराष्ट्रका रूपमा रहनुपर्छ भन्ने मान्यतामा दृढतापूर्वक उभिएको थियो। राप्रपाले धर्म निरपेक्षताको अन्त र सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको सनातन हिन्दूराष्ट्र पुन:स्थापनाका निमित्त प्रतिबद्ध जनाउँदै आएको छ।

यस क्रममा राप्रपाले हिन्दूराष्ट्र पनु:स्थापनाका लागि देशव्यापी जनदबाब सिर्जना गर्न र जनमत बनाउन 'हिन्दूराष्ट्र पुन:स्थापनाका लागि राष्ट्रिय जनजागरण अभियान' गर्न लागेको सहप्रवक्ता मोहन श्रेष्ठले बताउनुभएको छ। आज शुभारम्भ हुने जनजागरण अभियानमा बालसन्त जगदगुरु मोहनशरण आचार्यसहित ठूलो संख्यामा धार्मिक गुरु, अभियान्ता र विभिन्न धार्मिक संघसंस्थाको सहभागिता रहने उहाँले बताउनुभएको छ।

## कांग्रेस...

अनशनरत डा. गोविन्द केसीको माग तत्काल पूरा गर्न सरकारलाई चौतर्फी दबाब आइरहेका बेला नेपाली कांग्रेसले डा. केसीको मागका साथै सरकारको अन्य तरिकाबाट गरिएका नियुक्तिहरूलाई गैरकानुनी तरिकाबाट खारेज गर्ने, तत्कालीन सरकारले ७० वर्षबाट घटाई ६५ वर्षमा वृद्ध भत्ता दिने निर्णय, मृगौला, स्पाइनल इन्जुरी, क्यान्सर तथा मुटु रोगका गम्भीर बिरामीलाई




मासिक ५ हजार जीविकोपार्जन भत्ता दिने व्यवस्था तथा भूकम्पपीडितलाई थप १ लाख राहत दिने निर्णयहरूलाई खारेज गर्ने यो सरकारको जनविरोधी निर्णयको विरोध हुन जरुरी भएको भन्दै विरोध प्रदर्शनमा सरिक हुन आह्वान गर्नुभएको छ।

गतिविधिहरूलाई समेत विरोध गर्दै आन्दोलन चर्काउन लागेको हो। संघीय सरकार तथा प्रदेश सरकार संविधानको भावना र मर्मअनुसार अगाडि नबढी कानुनी शासनको खिल्ली उडाउँदै मनोमानी ढंगले सरकार चलेको कांग्रेसको आरोप छ। संघीय संसद् र प्रदेश सभाका सभामुख र उपसभामुख अलगअलग दलबाट हुनुपर्ने संवैधानिक व्यवस्थाको पनि ठाडो उल्लंघन भएको कांग्रेसले जनाएको छ।

सरकारको चर्को विरोध गरी आन्दोलनमा सहभागी हुन आग्रह गर्दै महामन्त्री कोइरालाले मंगलबार जारी गर्नुभएको विज्ञप्तिमा पनि संघीय व्यवस्थाको भावना विपरीत अधिकारहरूको केन्द्रीकरण गर्ने, शक्ति पृथकीकरणको सिद्धान्तलाई खिल्ली उडाउँदै स्वतन्त्र न्यायालयप्रति आक्रामक रूपमा प्रस्तुत हुने, संवैधानिक निकायलाई कार्यकारीको छायामा राख्ने, सरकार र पार्टी एकै जस्तो गरेर सञ्चालन गर्ने, कर्मचारीतन्त्र तथा सुरक्षा निकायलाई व्यावसायिक रूपमा सञ्चालन गर्नुको सट्टा पार्टीप्रतिको प्रतिबद्धताका आधारमा चलाउने प्रवृत्ति स्पष्ट रूपमा प्रकट भएको जनाइएको छ।

महामन्त्री कोइरालाले नेपाली कांग्रेसका सभापति प्रधानमन्त्री भएको बेला विधिसम्मत तत्कालीन सरकारले अध्यादेशमार्फत जारी गरेको चिकित्सा शिक्षा विधेयक उल्ट्याउने निर्णय, डा. गोविन्द केसीको अनशन र आन्दोलनबाट सिर्जित परिस्थितिलाई पनि नेपाली कांग्रेसले गम्भीरताका साथ लिएको भन्दै महामन्त्री कोइरालाले उक्त अध्यादेशको हुबहु विधेयक आउनुपर्ने नेपाली कांग्रेसका दृढ मत रहेको स्पष्ट पार्नु भएको छ।

**प्रहरी हस्तक्षेपको विरोध**

नेपाल विद्यार्थी संघको नेतृत्वमा हिजो मंगलबार राजधानीमा भएको प्रदर्शनमा गरिएको प्रहरी हस्तक्षेपको नेपाली कांग्रेसले भर्त्सना गरेको छ। संविधानले प्रदत्त गरेको शान्तिपूर्ण भेला हुन र प्रदर्शन गर्न पाउने अधिकार माथिको यो हस्तक्षेपले सरकारको अधिनायकवाद उन्मुख चरित्रलाई पुन: एकपटक उजागर गरेको प्रवक्ता विश्वप्रकाश शर्माद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। विज्ञप्तिमा डा. केसीको जीवन जोखिममा पर्दै गएको र मागको सुनुवाइ नगरेर सरकार संवेदना शून्य देखिएको उल्लेख छ।

# खारेज भएका सरकारी कार्यालयको सम्पती समन्वय समितिमा बुझाइँदै

**दयाराम पण्डित, बाजुरा**

राज्य पुनर्संरचनाअन्तर्गत स्थानीय तहमा नयाँ संरचना स्वीकृत भएसँगै जिल्लाबाट खारेजी भएका सरकारी कार्यालयले भौतिक सम्पति जिल्ला समन्नय समितिलाई हस्तान्तरण गरेका छन्। मंगलबार बिहानदेखि सदरमुकाम मार्तडीमा रहेको महिला बालबालिका कार्यालयको समान बोक्न शुरु गरिएको थियो। भने स्थानीय शान्तिसमितिको कार्यलयले जिलला प्रशान कार्यालयमा गाभिएको पत्राचार गरेको छ। त्यस्तै कार्यालय समयमा नसकिने समयसम्म विभिन्न कार्यालयका जिल्ला समन्वय समितिमा बुझाउनेको लर्को लागेको थियो।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले तहगत रूपमा संगठन संरचना र कर्मचारीको दरबन्दी स्वीकृत गरेको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पास गरेअनुसार आफ्नो कार्यालय भवन नभएका कार्यालयले आजै समान बुझाएको तत्कालीन महिला विकास अधिकृत गंगा गिरीले बताउनुभयो। उक्त निर्णयले घर भाडा तिर्न कठीन हुँने हुँदा आफ्नो भवन नभएका कार्यालयले हतारो को कुरा जिल्ला समन्य समिति बाजुराका समन्वय अधिकृत जंगबहादुर थापाले बताए। त्यस्तै २०२२ सालदेखिको दुर्गम क्षेत्र विकास समितिको कार्यालय पनि आजैदेखि समन्वय समितीमा बुझाएको लेखा अधिकृत तिलक थापाले बताउनुभयो।

हाल जिल्लामा रहेका महिला तथा बालबालिका कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला प्राविधिक कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय शान्ति समितीलगायतका १३ वटा कार्यालयले आफ्ना समाग्री जिल्ला समन्वय समितिमा बुझाउँने कुरा जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्र रोकायाले बताउनुभयो।

क्षेत्र र केन्द्र तहमा रहेका कार्यालयहरू संघ, प्रदेश र स्थानीय सरकारको मातहतमा गएका छन्। मन्त्री लालबाबु पण्डितले नयाँ संरचना कार्यान्वयन र त्यसअनुसार कर्मचारी दरबन्दीको व्यवस्थापन एक महिनाभित्र गरिसक्ने निर्णय भएको बताउनुभयो। 'विधिवत् रूपमा साउन १ देखि नै नयाँ सांगठनिक संरचना लागू हुने भनिए पनि त्यसको व्यावहारिक कार्यान्वयनका लागि एक महिनाको समय दिइएको हो,' -उनले भने।

सरकारको निर्णयसँगै जिल्लामा अदालत, जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला हुलाक, कारागार, निर्वाचन, सरकारी वकिलको कार्यालय मात्रै रहनेछन्। ती कार्यालय संघीय सरकार मातहत हुनेछन् । मालपोत तथा नापी कार्यालय तत्काल रहे पनि पछि ती निकाय स्थानीय तहमै हस्तानान्तरण हुनेछन्।

खारेजीमा परेका कार्यालयको नाममा आव. २०७५र७६ को बजेटमा बजेट तथा कार्यक्रम नै विनियोजित छैन। स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्थाअनुसार उक्त ऐन जारी भएको ६ महिनाभित्र अर्थात् २०७४ चैत २८ भित्रै संविधानले दिएको अधिकारअनुसारका कार्यालय स्थानीय तहमा गाभिइसक्नुपर्ने थियो।

# १७ वर्षमा पनि सकिएन मुक्त कमैयालाई पुन:स्थापना गर्न

**विष्णु तिमिल्सिना, बर्दिया**

कमैया मुक्त भएको दिन श्रवण २ गतेलाई उत्सवका रूपमा १८औं मुक्त कमैया दिवस भव्य रूपले मनाउने तयारी भइरहेको छ। मुक्त कमैया तथा भूमिअधिकारसँग सम्बन्धित विभिन्न संघ संस्थाहरू, जनवर्गीय संगठनहरू गरी १८ वटा संघसंगठनहरूले संयुक्त रूपमा मनाउने तयारी गरेका हुन्।

मुक्त कमैया पुस्थापना तथा जिवीकोपार्जनसंगको समस्यालाई समाधान गर्न सरकारलाई दबाब दिने उद्देश्ले यस वर्षको मुक्त कमैया दिवस प्रमुख अतिथिको रूपमा प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखरेललाई आमन्त्रण गरिएको छ। सरकारलाई हस्तान्तरण गर्नका लागि करिब ३ दर्जन माग भएको संयुक्त ज्ञापनपत्र पनि तयार गरिएको कुरा आयोजकबाट थाहा भएको छ।

२०५८ साल श्रवान २ गते तत्कालीन श्री ५ को सरकारले कमैयाहरूलाई मुक्तिको घोषणा गर्दा बर्दिया जिल्लामा ६ हजार ९ सय ४९ जना कमैया संख्या रहेकोमा २०६९ सालमा छुट भएकाहरूको संख्या संकलन गर्दा ९ हजार २ सय ४९ जना थपिएर कूल १६ हजार १ सय ९८ मुक्त कमैया परिवार पुगेको थियो। थप गरिएको संख्या नै उदेगलाग्दो भएको र यसमा राजनीतिकरण गरिएको कुरा विभिन्न व्यक्तिहरूबाट आरोप लाग्दै पनि आएको छ। संकलित नामावलीमध्ये जिल्ला भूमिसुधार कार्यालयबाट छानबिन गरी जम्मा ११ हजार ८ सय ७५ जना मुक्तकमैयालाई पुन:स्थानान्तरण गर्ने मुक्तकमैया पुन:स्थापना समितिले ठहर गरेको थियो। जसमध्ये परिचयपत्र दिएका मुक्तकमैयाको संख्या १० हजार ७ सय ९७ रहेको छ। तीमध्ये हालसम्म १० हजार ७ सय १४ जनाको पुन:स्थानान्तरण भइसकेको र ८३ जना मात्र बाँकी रहेको बर्दिया जिल्ला भूमि सुधार कार्यालयका ओम ज्ञवालीले जानकारी गराउनुभयो। त्यसैगरी हालसम्म २ हजार ३ सय २८ जनाले काठ प्राप्त गरेका र २ हजार १ सय ८८ जनालाई काठबापत् प्रतिपरिवार १ लाखको दरले रकम प्रदान गरिएको छ।

यस वर्ष घर निर्माणमार्फत् १ लाखका दरले ३ ७८ जना, दश हजारका दरले १ हजार १ सय ९७ जना, ५५ हजारका दरले १५ जना र ८ हजारका दरल १ जना र २ हजारका दरले २ सय ३९ जनाले रकम प्राप्त गरेका छन्। यस वर्ष ३८ जनालाई जग्गा खरिद गरी पुनस्थापना गरिएको छ। सरकारले मुक्तकमैयालाई छ महिना भित्र घरबासका लागि ५ कठ्ठा सम्मको जग्गा, घर बनाउनका लागि १० हजार रूपियाँ तथा ३५ क्युफिट काठ उपलब्ध गराउने घोषणा गरेको थियो। साथै जिवीकोपार्जनका लागि वित्तीय सहयोग पुर्याउने घोषणा गरेको थियो।

घोषणा भएको १७ वर्ष पुगि सक्दा पनि सरकारले आफ्नो वचनवद्धताहरू पूरा गर्न सकेको छैन। अझै केही व्यक्तिहरू घर बनाउनका लागि जग्गा काठ तथा घर बनाउने काठ मुक्तकमैयाहरू प्राप्त गर्न नसकेको अवस्था छ। त्यसैले कैयौं सरकारहरू फेरि राज्य व्यवस्था फेरिए पनि मुक्तकमैया समस्या समाधान पुरा हुन नसक्नु सरकारी निकायको सम्बेदनशील नहुनु ठानिएको छ।

# १ सय ५८ मुद्दा फैसला

दैलेख, (नेस)

दैलेख जिल्ला अदालतले चालू आर्थिक वर्षमा परेका मुद्दामध्ये ७५ प्रतिशत् प्रगति हासिल गरेको छ। अघिल्लो वर्षको जिम्मेवारीमा सरेको ५१ र यो वर्ष परेका १ सय ५९ समेत २ सय १० मध्ये १ सय ५८ मुद्दा फैसला भएको दैलेख जिल्ला अदालतका सूचना अधिकारी बिनोद आचार्यले जानकारी दिएका छन्। यो संख्या ७५ दशमलव २५ प्रतिशत हो।

अदालतका डिट्ठा धर्मराज न्यौपानेका अनुसार अघिल्लो आर्थिक वर्षको जिम्मेवारीबाट ६ वटा सरकारवादी फौजदारी र ४५ वटा दुनियावादी मुद्दा सरेर आएका थिए भने चालू आर्थिक वर्षमा ५१ सरकारवादी र १ सय ८ वटा दुनियावादी नयाँ मुद्दा परेका थिए। यो वर्ष परेका मुद्दागत विवरण तयार भइरहेको जानकारी दिंदै न्यौपानेले कुल मुद्दाको झण्डै एक तिहाई अर्थात ६० भन्दा बढी मुद्दा सम्वन्ध बिच्छेदका रहेको बताए।

संसदीय निर्वाचनमा निर्वाचन अधिकृतको जिम्मेवारी बहन गर्नुपर्दा अढाई महिना लागेको, नयाँ मुलुकी सहिंता ऐनको अभिमुखीकरण लगायतका पटक-पटक न्यायिक कार्यशालामा सहभागी हुँदा झण्डै डेढ महिना खर्च भएको अवस्थामा पनि यो प्रगति सन्तोषजनक रहेको जिल्ला न्यायधीश सनतचन्द्र लवटले बताए।

मुद्दाको चापको हिसाबले न्यायाधीशको दरबन्दी निर्धारण गर्दा दैलेखमा जिल्ला अदालत स्थापनाको सुरु २०२३ सालदेखि नै १ जना मात्र जिल्ला न्यायाधीशको दरबन्दी छ।

## विषयगत...

समितिले सम्पति, दायित्व तथा बजेटसम्बन्धी आवश्यक व्यवस्था जनशक्ति, सम्पतिको लगत संकलन गरिसकेको छ। कार्यालय स्थानीय तहमा हस्तान्तरण गर्न कर्मचारीको समायोजन टुंगो लगाउनुपर्ने जरुरी रहेको पनि मन्त्रालयले जनाएको छ। 'कर्मचारी समायोजन नभएसम्म उसले प्रयोग गर्ने सामान कसरी हस्तान्तरण हुन्छ ?' -मन्त्रालयका एक अधिकारीले भने।

स्थानीय तहले मन्त्रालयको परिपत्रअनुसार सम्बन्धित तहमा खारेज भएका कार्यालयका शाखा व्यवस्थित गर्नुपर्ने छ।

सरकारले गत चैत्र २८ गते बुधबार जिल्लास्थित अधिकाशं सरकारी कार्यालयहरू औपचारिक रूपमा खारेज गरेको थियो। खारेज गरिएका कार्यालयहरूमा जिल्लास्थित मालपोत, नापी, भूमिसुधार, कृषि विकास, पशुसेवा, वन, सिंचाइ, भूसंरक्षण, महिला विकास, सहकारी डिभिजन, खानेपानीलगायत तीन दर्जन रहेका छन्। कानुनत: खारेज भएका ती कार्यालय क्रमश: हस्तान्तरण गर्दै जाने नीति सरकारले लिएको छ।

यसबीचमा चालू आर्थिक वर्षको कार्यक्रम के गर्ने, कर्मचारी समायोजनमा समस्या र स्रोत साधन बाँडफाँडमा समस्या देखिएपछि सरकारले ती कार्यालय असार मसान्तसम्म रहने निर्णय गरेको थियो।

जिल्ला प्रशासन, जिल्ला प्रहरी, हुलाक, निर्वाचन, कारागार, मालपोत, नापी र सरकारी वकिलको कार्यालय भने हस्तान्तरण नभई जिल्ला स्तरमै रहने पनि मन्त्रालयले जनाएको छ। त्यसै गरी अहिलेका स्वास्थ्य, क्षेत्रीय शिक्षा निर्देशनालय, कृषि, डिभिजन सडक, डिभिजन सहकारी कार्यालयहरू प्रदेश मातहत रहनेछन्।

## सरकारलाई...

उहाँ तत्कालीन देउवा सरकारको पालामा महाप्रबन्धकमा नियुक्ती हुनुभएको थियो। सर्वोच्चको गत असार २९ गतेको आदेशअनुसार उहाँ पुरानै जिम्मेवारीमा फर्कनुभएको हो।

सर्वोच्चका न्यायाधीश बमकुमार श्रेष्ठको इजलासले अन्तरिम आदेशका विषयमा छलफल गर्न दुवै पक्षलाई साउन १५ गते उपस्थित हुन आदेश दिएको छ। परिक्षालगायतका सम्पुर्ण प्रक्रियाबाट एक नम्बरमा छानिएकाले उपाध्यायललाई नियुक्ति गरिएको बताइएको छ। न्यूनतम पारिश्रमिक निर्धारण आयोगका अध्यक्ष पराजुलीले पनि पुन: आफ्नै पदमा फर्किनुभएको छ। सर्वोच्चले आगामी साउन १६ गते उहाँलाई हटाउनुको कारण पेस गर्न सरकारका नाममा आदेश दिएको छ। सर्वोच्चका न्यायाधीश डम्बर बहादुर शाहीको एकल ईजलासले रिटको सुनुवाई गर्दै साउन १६ गते आयोगका अध्यक्ष पराजुली र प्रतिवादी सरकारलाई छलफलको लागि बोलाएको हो। देउवा सरकारले उहाँलाई चार वर्षका लागि नियुक्त गरेको थियो।

त्यसैगरी दुरसञ्चार प्राधिकरणका अध्यक्ष झाले पनि पुर्नबहाली पाउनु भएको छ तर आफू सो पदमा नबस्ने उहाँले बताउनुभएको छ। सर्वोच्चका न्यायाधीश पुरुषोत्तम भण्डारीको इजलासले गत बिहीबार अन्तरिम आदेश जारी गर्दै सरकार र झालाई बोलाएको थियो। सरकारको इच्छा नभएपछि काम गर्ने कुनै वातावरण नहुने भन्दै झाले आफूले सर्वोच्चमा पेश गरेको निवेदन फिर्ता लिएको नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र टंकबहादुर मोक्तानको संयुक्त इजलासले झाले मुद्दा फिर्ता गर्न निवेदन दिएपछि मुद्दा फिर्ता भएको फैसला सुनाएको हो।

खानेपानी संस्थानका महाप्रबन्धक भुपेन्द्र प्रसादलाई हटाउने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश जारी गरेको छ। सर्वोच्चका न्यायाधीश बमकुमार श्रेष्ठको एकल इजलासले आगामी साउन १६ गते हटाउनुको कारण पेस गर्न सरकारका नाममा आदेश दिएको छ। संस्थानको नवौं तहमा कार्यरत उहाँलाई महाप्रबन्धकमा नियुक्त गरिएको थियो।

निक्षेप कर्जा सुरक्षण कोषका कार्यकारी अधिकृत विष्णुबाबु मिश्र र प्रगतिवादी सरकारलाई छलफलका लागि आज मंगलबार बोलाएको छ।

घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशक झा पनि आफूलाई प्रकृया नपुग्याइ नियुक्ति खारेज गरेको भन्दै निवेदन लिएर सर्वोच्चमा पुग्नुभएको थियो। त्यसैगरी बाग्मती सभ्यता समितिका कार्यकारी अध्यक्ष बस्नेत पनि पुनर्वहाली हुनुभएको छ।

राष्ट्रिय सहकारी विकास बोर्ड मध्यमाञ्चल विकास समितिका अध्यक्ष निरौला र खानेपानी संस्थानका सञ्चालक शर्मालाई पदबाट हटाउने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश जारी गर्दै सर्वोच्चले आगामी साउन १६ गते हटाउनुको कारण पेस गर्न भनेको छ।

सर्वोच्चका पूर्व न्यायाधीश बलराम केसीले सरकारले नियुक्तिको सम्बन्धमा न्यायसंगत तरिकाले काम नगरेको बताउनुभयो। केसी भन्नुहुन्छ- 'सरकार परिवर्तन हुने बित्तिकै नियुक्ति बदर गर्दा त्यसले त्रास सृजना गर्छ। नियुक्ति पाएकाहरूलाई पनि ढुक्कसंग काम गर्ने बातावरण हुँदैन।'



# अर्थ

आयाततर्फ समीक्षा अवधिमा सुख्खा बन्दरगाहा भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ। समीक्षा अवधिमा कुल वस्तु व्यापारघाटा २४ दशमलव ६ प्रतिशतले विस्तार भई १०३३ अर्ब ४ करोड रुपियाँ पुगेको छ।



# ११ महिनामा १० खर्ब ३३ अर्बको व्यापारघाटा

काठमाडौं, (नेस)

आर्थिक वर्ष २०७४/७५ को ११ महिनासम्ममा कुल वस्तु निर्यात १० दशमलव ४ प्रतिशतले वृद्धि भई ७४ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ८ दशमलव ३ प्रतिशतले वृद्धि भएको थियो।

नेपाल राष्ट्र बैंकका अनुसार गन्तव्यका आधारमा भारततर्फ ८ दशमलव ७ प्रतिशत, चीनतर्फ ९१ दशमलव ६ प्रतिशत र अन्य मुलुकतर्फ ८ दशमलव १ प्रतिशतले निर्यात बढेको छ। वस्तुगत आधारमा अलैंची, पोलिष्टर यार्न, जुटको बोरा, धागो, जस्तापातालगायतका वस्तुको निर्यात बढेको छ भने जीआई पाइप, जुटको रस्सी, जुस, उनी गलैंचा, पश्मिनालगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात २३ दशमलव ५ प्रतिशतले बढेर ११०७ अर्ब ३५ करोड रुपियाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३० दशमलव ९ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात २५ प्रतिशत, चीनबाट भएको आयात २५ दशमलव ३ प्रतिशत र अन्य मुलुकबाट भएको आयात १८ दशमलव १ प्रतिशतले बढेको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपूर्जा, अन्य मेसिनरी तथा पार्टपुर्जा, एमएस बिलेट, सिमेन्टलगायतका वस्तुको आयात बढेको छ भने कृषि औजार तथा पार्टपुर्जा, हवाई जहाजका पार्टपुर्जा, सेनिटरी वेयर्स, सानो अलैंची, जिंक इनगोट, लगायतका वस्तुहरूको आयात घटेको छ। भन्सार नाकाका आधारमा सुख्खा बन्दरगाहा भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, नेपालगन्ज भन्सार कार्यालय, मेची भन्सार कार्यालय, कैलाली भन्सार कार्यालय र रसुवा भन्सार कार्यालयबाट भएको निर्यातमा वृद्धि भएता पनि अन्य भन्सार नाकाबाट भएको निर्यातमा कमी आएको छ।

त्यसैगरी, आयाततर्फ समीक्षा अवधिमा सुख्खा बन्दरगाहा भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ। समीक्षा अवधिमा कुल वस्तु व्यापारघाटा २४ दशमलव ६ प्रतिशतले विस्तार भई १०३३ अर्ब ४ करोड रुपियाँ पुगेको छ। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ६ दशमलव ७ प्रतिशत कायम भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ७ दशमलव ५ प्रतिशत रहेको थियो।

## हवाई बीमा नेपाली र विदेशीलाई बराबर

काठमाडौं, (नेस)

सरकारले हवाई दुर्घटनामा परेका नेपाली र विदेशी यात्रुको बीमा रकममा समानता ल्याउने तयारी गरेको छ। यसअघि नेपाली र विदेशी यात्रुले पाउने बीमा रकम फरक रहेको थियो।

अब बस्ने मन्त्रिपरिषद्मा नेपाली र विदेशी हवाई यात्रुले पाउने बीमामा समानतालाई ल्याउनको लागि प्रस्ताव लगिने संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले बताउनुभयो। हवाई दुर्घटनापछि नेपाली र विदेशीलाई दिइने बीमा रकममा समानता हुने बताउनुभयो।

यसअघि हवाई दुर्घटनामा पर्दा नेपालीले ३० लाख रुपियाँ र विदेशीले एक करोड ५० लाख रुपियाँसम्म पाएका थिए भने आगामि मन्त्रिपरिषद्ले यो समान गर्ने निर्णय गरेसँगै नेपाली र विदेशी हवाई यात्रुले पाउने गरेको विमारकमको विभेद अन्त्य हुने छ।

सरकारले हवाई यात्रुको बीमा बढाउने 'मन्ट्रेयल कन्भेन्सन'लाई अनुमोदन गर्न संसदमा पठाउने भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आईकाओको मन्ट्रेयल कन्भेन्सनलाई अनुमोदन गर्ने तयारी गरेको हो। नेपालले मन्ट्रेयल कन्भेन्सनमा प्रतिबद्धता जनाए पनि हालसम्म संसद्बाट अनुमोदन नहुँदा ६० वर्षदेखि एउटै बीमा रकम कायम हुँदै आएको छ।

## एनआईसी एसिया बैंकको मिस्ड कल बैंकिङ सेवा

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले साउन १ गतेदेखि मिस्ड कल बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ। यो सेवाको शुरूवातसँगै अब बैंकका ग्राहकले निम्न सेवा मिस्ड कल गरेर प्राप्त गर्न सक्नुहुनेछ।

बैंकका अनुसार ब्यालेन्स जानकारीका लागि मोबाइल नम्बर९८०१२२७७३३ मा मिस्ड कल गरी आफ्नो खातामा रहेको मौज्दातको जानकारी एसएमएस मार्फत प्राप्तगर्न सकिने, त्यस्तै मिनी स्टेटमेन्ट जानकारीका लागि मोबाइल नम्बर ९८०१२२७७४४ मा मिस्ड कल गरी खाताको अन्तिम ३ वटा कारोबारको जानकारी एसएमएसमार्फत प्राप्त गर्न सकिनेछ।

कलब्याक सेवा: मोबाइल नम्बर ९८०१२२७७५५ मा मिस्ड कल गरी बैंकका सम्बन्धित कर्मचारीबाट कलब्याक मार्फत विभिन्न सुविधाको बारेमा जानकारी प्राप्त गर्न सकिने बैंकदे जनाएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## निर्जीवन र जीवन बीमा कम्पनीको छुट्टै इन्डेक्स

काठमाडौं, (नेस)

चालू आर्थिक वर्ष २०७५/७६ को पहिलो दिन पुँजी बजार घटेको छ। चालू आर्थिक वर्षको शुरूवातसँगै शेयर बजारमा ८ दशमलव शून्य ५ अंकको गिरावट आएर १ हजार २सय ४ दशमलव ३१ अंकमा कायम भएको छ। नेपाल स्टक एस्सचेन्जले मंगलबारदेखि निर्जीवन र जीवन बीमा कम्पनीको इन्डेक्स छुट्याएर नेप्सेमा सूचीकृत समूहको संख्या ११ पुर्‍याएको छ।

दिनभरिमा १ सय ५२ वटा कम्पनीको ५ लाख १४ हजार एक सय ६१ कित्ता शेयर २ हजार ६ सय ६० पटक खरिद बिक्री हुँदा २० करोड ६० लाख ८८ हजार १ सय ३१ रुपियाँ बराबरको कारोबार भएको छ। मंगलबारको कारोबारमा व्यापार, वित्त र अन्य समूह बाहेक सबै समुहको उपसुचक घटेको छ। व्यापार, वित्त र अन्य समूह भने क्रमशः २ दशमलव ७९, ३ दशलमव ७३ र ४ दशमलव ५९ अंकले घटेका छन्।

मंगरबार बैंकिङ समूहको उपसुचक ४ दशमलव ७७ अंकले, होटल समूहको उपसुचक ५३ दशमलव ११ अंकले, विकास बैंक समूहको उपसूचक ८ दशमलव १ अंकले, जलविद्युत् समुहको उपसुचक ३९ दशमलव २५ अंकले निर्जीवन बीमा कम्पनीको उपसूचक ८७ दशलमव ६७ अंकले, उत्पादनमूलक समूहको उपसूचक ३५ दशमलव ६६ अंकले, लघुवित्त समूहको उपसूचक १३ दशमलव ३२ अंकले र जीवन बीमा कम्पनीको उपसूचक ७४ दशमलव ११ अंकले घटेका छन्।

मंगलबार सबैभन्दा धेरै नबिल बैंकको ५ करोड ८१ लाख रुपियाँ बराबरको कारोबार भएको छ। जम्मा ४५ वटा कम्पनीका शेयरधनीले कमाउँदा रैराङ हाइड्रोका लगानीकर्ताले प्रतिकित्ता ६ दशमलव ७६ प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा बोटलर्स नेपालका लगानीकर्ताले प्रतिकित्ता ५ दशमलव ८२ अंकका दरले गुमाएका छन्।

# अनलाइन कारोबार शुरू, आस्बा कारोबार गर्न ५६ वित्तीय संस्था छनोट

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल स्टक एक्सचेन्ज नेप्सेले मंगलबारदेखि विद्युतीय कारोबार प्रणाली शुरू भएको छ। नेप्सेको विद्यमान कारोबार प्रणाली (कम्प्युटराइज्ड ट्रेडिङ सिस्टम, सीटीएस) र नयाँ प्रणाली नेप्से अनलाइन ट्रेडिङ सिस्टम, एनओटीएस) को परीक्षण समान्तर रूपमा सञ्चालनमा आएको नेप्सेले जनाएको छ।

अनलाईन कारोबारका लागि लगानीकर्ताले केवाईसी अद्यावधिक गरी ब्रोकर कम्पनीहरूमार्फत् 'युजर नेम' र 'पासवर्ड' लिनुपर्नेछ। नेप्सेका अनुसार 'फुल्ली अटोनमाइज्ड अनलाइन ट्रेडिङ सिस्टम' औपचारिक कार्यान्वयनमा ल्याउनु अघि युजर एस्पटान्स टेस्ट (युटीए) गर्न तेस्रो पक्षलाई छनोट गरिएको छ। कम्पनीले सीटीएस तथा एनओटीएसको समान्तर रूपमा सञ्चालनकै क्रममा नेप्सेको बिड डकुमेन्टमा उल्लेख भएअनुसार टेक्निकल स्पेसिफिकेसन र सिस्टम रिक्वायरमेन्ट स्पेसिफिकेसन अनुसार प्रणाली विकास भए नभएको लगायतका विषयमा चेकजाँच गरी आईएसओ सर्टिफिकेट समेत प्रदान गर्ने बताइएको छ।

कम्पनीबाट नेप्से अनलाइन ट्रेडिङ सिस्टम/ट्रेड म्यानेजमेन्ट सिस्टम औपचारिक कारोबारका लागि योग्य छ भन्ने सिफारिस प्राप्त भएपछि नियमक निकायको स्वीकृति लिई नेप्सेले कम्प्युटराइज्ड ट्रेडिङ सिस्टमलाई प्रतिस्थापन गरी नेप्से अनलाइन ट्रेडिङ सिस्टम/ट्रेड म्यानेजमेन्ट सिस्टमलाई पूर्ण कार्यान्वयनमा ल्याउने जनाएको छ। त्यसैगरी, नेपाल धितोपत्र बोर्डले आस्बा कारोबार गर्ने ५६ वटा वित्तीय संस्थाहरूको नाम सार्वजनिक गरेको छ। धितोपत्र खरिद (सार्वजनिक निस्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ मा धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न प्रदान गरिएको (आस्वा सदस्य) अनुमति एक आर्थिक वर्षको लागि बहाल रहने र त्यस्तो अनुमति प्रत्येक वर्ष नवीकरण गराउनुपर्ने व्यवस्था अनुरुप ती कम्पनीको नाम बोर्डले सार्वजनिक गरेको हो। बोर्डका अनुसार उक्त आस्बा सदस्यले मात्रै आर्थिक वर्ष २०७५/७६ को लागि उक्त अनुमति नवीकरण गरेको कारण ती संस्थाबाट मात्रै धितोपत्र खरिदको लागि दरखास्त दिन सकिने बोर्डले जनाएको छ।

बोर्डले आस्बा कारोबारका लागि अनुमति नवीकरण गरेका बैंक तथा तथा वित्तीय संस्था हरूमा एनआईसी एसिया बैंक, युनाइटेड फाइनान्स, देवः विकास बैंक, गोर्खाज फाइनान्स, ग्लोबल आइएमई बैंक, पूर्णिमा विकास बैंक, प्राइम कमर्सियल बैंक, एक्सेल डेभलपमेन्ट बैंक, सिभिल बैंक, जेबिल्स फाइनान्स, नबिल बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक, प्रभु बैंक, महालक्ष्मी विकास बैंक, मुक्तिनाथ विकास बैंक, नेपाल क्रेडिट एन्ड कमर्स बैंक, हिमालयन बैंक, ओम डेभलपमेन्ट बैंक, आइसीएफसी फाइनान्स, सप्तकोशी डेभलपमेन्ट बैंक रहेका छन्।

त्यस्तै गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स, सिटिजन्स बैंक इन्टरनेसनल, गरिमा विकास बैंक, कञ्चन डेभलपमेन्ट बैंक, जनता बैंक, नेपाल बैंक, राष्ट्रिय बाणिज्य बैंक, हाम्रो विकास बैंक, तिनाउ विकास बैंक, कन्काई विकास बैंक, कुमारी बैंक, नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक, सेन्चुरी कमर्सियल बैंक, गुडविल फाइनान्स, सन्राइज बैंक, लक्ष्मी बैंक, कैलाश विकास बैंक, मञ्जुश्री फाइनान्स, सिद्धार्थ बैंक, ज्योति विकास बैंक, नेपाल बगंलादेश बैंक, एभरेष्ट बैंक, एनएमबि बैंक, स्ट्यान्डर्ड चाटर्ड बैंक नेपाल, मेगा बैंक नेपाल, सांग्रिला डेभलपमेन्ट बैंक, लुम्बिनी विकास बैंक, सिन्धु विकास बैंक, कृषि विकास बैंक, सानिमा बैंक, नेपाल एसबिआई बैंक, सिर्जना फाइनान्स, सेन्ट्रल फाइनान्स, बैंक अफ काठमाण्डु, रिलायन्स फाइननान्स र गण्डकी विकास बैंक रहेका छन्।

हिमाल स्टील आजको भाउ
ज्योति

| | [illegible] | | | [illegible] | | | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| वीरगंज | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| विराटनगर | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| सिमरा, बिरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| चितांमोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०।७० | ८७।७० | ९०।७० | ९०।७० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन २, जुलाई १८, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।२३ | १०९।८३ |
| युरो १ को रू. | १२७।९४ | १२८।६४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।२९ | १४५।०८ |
| स्विस फ्रन्क १ को रू. | १०९।७८ | ११०।३८ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।९१ | ८१।३६ |
| क्यानाडियन डलर १ को रू. | ८३।०८ | ८३।५३ |
| सिङ्गापुर डलर १ को रू. | ८०।२४ | ८०।६८ |
| जापानी यन १० को रू. | ९।७१ | ९।७६ |
| चिनियाँ युआन १ को रू. | १६।३३ | १६।४२ |
| साउदी अरब रियाल १ को रू. | २९।१२ | २९।२८ |
| कतारी रियाल १ को रू. | ३०।०० | ३०।१६ |
| थाई भाट १ को रू. | ३।२९ | ३।३० |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।७४ | २९।९० |
| मलसियन रिङ्गिट १ को रू. | २६।९९ | २७।१४ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७० | ९।७५ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४३ |
| डेनिस क्रानर १ का रू. | १७।१६ |
| हङकङ डलर १ का रू. | १३।९२ |

**नोट :** वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## ग्लोबल आइएमई बैंक र नेसनल लाइफ इन्स्योरेन्सबीच सम्झौता




काठमाडौं, (नेस)

ग्लोबल आइएमई बैंक र नेसनल लाइफ इन्स्योरेन्स कम्पनीबीच मंगलबार बैंक्योरेन्ससम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ। सम्झौता पत्रमा हस्ताक्षरपछि ग्लोबल आइएमई बैंकका १३१ वटै शाखामार्फत नेसनल लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बीमा योजना खरिद गर्नुका साथै जीवन बीमा सम्बन्धी सम्पूर्ण सेवा प्राप्त गर्न सकिनेछ। उक्त सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्याल र नेसनल लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत भरत बस्नेतले हस्ताक्षर गर्नुभएको हो। ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्‍याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउन्टर तथा शाखारहित बैंकिङ सेवामार्फत सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले १३१ वटा शाखा, १४ वटा राजस्व संकलन काउन्टर, १३२ एटीएम, ५ वटा एक्सटेन्सन काउन्टर तथा सय शाखारहित बैंकिङ सेवा र नेपाल बाहिर ३ प्रतिनिधि सर्म्पक कार्यालय मार्फत ९ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ।

## सूर्या लाइफ इन्स्योरेन्सले लाभांश दिने

काठमाडौं, (नेस)

सूर्या लाइफ इन्स्योरेन्स कम्पनीको १०औं वार्षिक साधारणसभाले शेयधनीलाई १२ प्रतिशत बोनस शेयर लाभांश र कर प्रयोजनको लागि ६३ लाख ८२ हजार ८९५ रुपियाँ नगद लाभांश दिने प्रस्ताव पारित गरेको छ। बोनस शेयर लाभांश पश्चात कायम हुने शेयर पुँजीको ७० प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्तावसमेत सभाबाट पारित भएको छ। कम्पनीले यसअघिको वार्षिक सधारणसभाबाट पारित गरिएको १० प्रतिशत बोनस शेयर वितरण गरी ४० प्रतिशत हकप्रद शेयरसमेत जारी गरेको थियो।

## SHARE MARKET

17 JULY TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 1983.00 | 317.00 | 315.00 | 315.00 | 1.00 |
| 2 | Api Power Company Ltd. | 1211.00 | 289.00 | 285.00 | 289.00 | 5.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 593.00 | 593.00 | 593.00 | 11.00 |
| 4 | Arun Kabeli Power Ltd. | 52.00 | 260.00 | 255.00 | 260.00 | 0.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 1062.00 | 154.00 | 150.00 | 150.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 721.00 | 670.00 | 651.00 | 661.00 | -22.00 |
| 7 | Bank of Kathmandu Ltd. | 3971.00 | 264.00 | 259.00 | 261.00 | -3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 50.00 | 150.00 | 147.00 | 147.00 | -3.00 |
| 9 | Bishal Bazar Company Limited | 50.00 | 1693.00 | 1693.00 | 1693.00 | 33.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 120.00 | 5755.00 | 5530.00 | 5530.00 | -342.00 |
| 11 | Butwal Power Company Limited | 800.00 | 448.00 | 442.00 | 442.00 | -15.00 |
| 12 | Central Finance Co. Ltd. | 3581.00 | 115.00 | 113.00 | 114.00 | 0.00 |
| 13 | Century Commercial Bank Ltd. | 8247.00 | 169.00 | 167.00 | 167.00 | -2.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 210.00 | 878.00 | 870.00 | 871.00 | -6.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 40.00 | 129.00 | 127.00 | 127.00 | -4.00 |
| 16 | Chilime Hydropower Company Limited | 2819.00 | 775.00 | 750.00 | 752.00 | -38.00 |
| 17 | Citizen Bank International Limited | 9778.00 | 236.00 | 232.00 | 233.00 | -3.00 |
| 18 | Citizen Investment Trust | 686.00 | 2500.00 | 2470.00 | 2475.00 | -25.00 |
| 19 | Citizens Mutual Fund -1 | 500.00 | 9.40 | 9.40 | 9.40 | 0.12 |
| 20 | City Express Finance Co. Limited | 100.00 | 183.00 | 183.00 | 183.00 | -3.00 |
| 21 | Civil Bank Ltd | 21291.00 | 152.00 | 150.00 | 150.00 | -3.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 60.00 | 755.00 | 737.00 | 755.00 | 18.00 |
| 23 | Deva Bikas Bank Limited | 14368.00 | 132.00 | 128.00 | 128.00 | -1.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 21.00 | 107.00 | 107.00 | 107.00 | -1.00 |
| 25 | Everest Bank Limited | 4614.00 | 673.00 | 660.00 | 667.00 | 4.00 |
| 26 | Everest Insurance Co. Ltd. | 424.00 | 1350.00 | 1291.00 | 1300.00 | -20.00 |
| 27 | Excel Development Bank Ltd. | 1101.00 | 326.00 | 326.00 | 326.00 | 0.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 1215.00 | 540.00 | 533.00 | 540.00 | 0.00 |
| 29 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 1285.00 | 2263.00 | 2150.00 | 2150.00 | -70.00 |
| 30 | Gandaki Bikas Bank Limited | 230.00 | 201.00 | 194.00 | 194.00 | -11.00 |
| 31 | Garima Bikas Bank Limited | 9189.00 | 181.00 | 175.00 | 180.00 | -2.00 |
| 32 | Global IME Bank Limited | 10504.00 | 293.00 | 289.00 | 290.00 | 0.00 |
| 33 | Global IME Lag.Bittiya Sanstha Ltd. | 187.00 | 1295.00 | 1270.00 | 1270.00 | 22.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 2780.00 | 128.00 | 124.00 | 126.00 | 4.00 |
| 35 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 970.00 | 613.00 | 603.00 | 603.00 | -10.00 |
| 36 | Green Development Bank Ltd. | 20.00 | 142.00 | 142.00 | 142.00 | 0.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 130.00 | 885.00 | 873.00 | 873.00 | -12.00 |
| 38 | Gurkhas Finance Ltd. | 11820.00 | 109.00 | 105.00 | 109.00 | 3.00 |
| 39 | Himalayan Bank Limited | 800.00 | 552.00 | 550.00 | 551.00 | 0.00 |
| 40 | Himalayan Distillery Limited | 66.00 | 1350.00 | 1298.00 | 1298.00 | -53.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 1060.00 | 459.00 | 450.00 | 450.00 | 0.00 |
| 42 | Himalayan Power Partner Ltd. | 260.00 | 280.00 | 273.00 | 280.00 | -4.00 |
| 43 | ICFC Finance Limited | 702.00 | 172.00 | 169.00 | 172.00 | 0.00 |
| 44 | IME General Insurance Ltd. | 310.00 | 876.00 | 873.00 | 876.00 | -14.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 17111.00 | 157.00 | 152.00 | 154.00 | -1.00 |
| 46 | Janata Bank Nepal Ltd. | 13849.00 | 160.00 | 156.00 | 160.00 | 3.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 12.00 | 2921.00 | 2921.00 | 2921.00 | 0.00 |
| 48 | Jebils Finance Ltd. | 1131.00 | 102.00 | 102.00 | 102.00 | 2.00 |
| 49 | Jyoti Bikas Bank Limited | 480.00 | 140.00 | 140.00 | 140.00 | -1.00 |
| 50 | Kabeli Bikas Bank Limited | 168.00 | 232.00 | 232.00 | 232.00 | -4.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 499.00 | 227.00 | 227.00 | 227.00 | -2.00 |
| 52 | Kalika Microcredit Dev. Bank Ltd. | 600.00 | 1369.00 | 1327.00 | 1330.00 | -24.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 224.00 | 146.00 | 142.00 | 142.00 | -2.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 40.00 | 140.00 | 136.00 | 140.00 | 6.00 |
| 55 | Khanikhola Hydropower Co. Ltd. | 79.00 | 109.00 | 107.00 | 109.00 | 2.00 |
| 56 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 40.00 | 1615.00 | 1615.00 | 1615.00 | 4.00 |
| 57 | Kumari Bank Limited | 16737.00 | 200.00 | 197.00 | 198.00 | -1.00 |
| 58 | Laxmi Bank Limited | 3140.00 | 262.00 | 258.00 | 258.00 | 0.00 |
| 59 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 353.00 | 1100.00 | 1078.00 | 1100.00 | 2.00 |
| 60 | Life Insurance Co. Nepal | 373.00 | 1653.00 | 1600.00 | 1600.00 | -22.00 |
| 61 | Lumbini Bikas Bank Ltd. | 1809.00 | 148.00 | 147.00 | 148.00 | 2.00 |
| 62 | Lumbini General Insurance Co. Ltd. | 412.00 | 560.00 | 550.00 | 560.00 | 10.00 |
| 63 | Machhapuchhre Bank Limited | 7222.00 | 211.00 | 206.00 | 208.00 | -1.00 |
| 64 | Mahalaxmi Bikas Bank Ltd. | 636.00 | 174.00 | 171.00 | 174.00 | 3.00 |
| 65 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 36.00 | 722.00 | 708.00 | 708.00 | -2.00 |
| 66 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 495.00 | 2585.00 | 2529.00 | 2585.00 | -25.00 |
| 67 | Manjushree Finance Ltd. | 76.00 | 117.00 | 116.00 | 117.00 | 0.00 |
| 68 | Mega Bank Nepal Ltd. | 9289.00 | 165.00 | 161.00 | 162.00 | -1.00 |
| 69 | Mero Microfinance Bittiya Sanstha Ltd. | 550.00 | 1097.00 | 1059.00 | 1076.00 | -4.00 |
| 70 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd. | 50.00 | 1515.00 | 1512.00 | 1512.00 | -14.00 |
| 71 | Miteri Development Bank Limited | 149.00 | 288.00 | 287.00 | 288.00 | 0.00 |
| 72 | Mithila LaghuBitta Bittiya Sanstha Ltd. | 600.00 | 1000.00 | 966.00 | 966.00 | -49.00 |
| 73 | Muktinath Bikas Bank Ltd. | 2199.00 | 385.00 | 380.00 | 382.00 | 4.00 |
| 74 | Nabil Bank Limited | 64608.00 | 917.00 | 899.00 | 900.00 | -21.00 |
| 75 | NABIL Bank Limited Promotor Share | 8604.00 | 693.00 | 681.00 | 685.00 | -2.00 |
| 76 | Nabil Equity Fund | 1593.00 | 9.75 | 9.75 | 9.75 | -0.11 |
| 77 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 350.00 | 1305.00 | 1255.00 | 1304.00 | 24.00 |
| 78 | National Hydro Power Company Ltd. | 12250.00 | 88.00 | 84.00 | 85.00 | -1.00 |
| 79 | National Life Insurance Co. Ltd. | 3595.00 | 800.00 | 786.00 | 794.00 | -5.00 |
| 80 | National Microfinance Bittiya Sanstha Ltd. | 1592.00 | 2220.00 | 2152.00 | 2152.00 | -62.00 |
| 81 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 725.00 | 2170.00 | 2060.00 | 2100.00 | -57.00 |
| 82 | Neco Insurance Co. Ltd. | 2279.00 | 550.00 | 540.00 | 542.00 | -16.00 |
| 83 | Nepal Bangladesh Bank Limited | 3964.00 | 215.00 | 210.00 | 210.00 | -4.00 |
| 84 | Nepal Bank Limited | 24705.00 | 285.00 | 280.00 | 283.00 | 2.00 |
| 85 | Nepal Community Dev.Bank Ltd. | 50.00 | 122.00 | 122.00 | 122.00 | -2.00 |
| 86 | Nepal Credit & Comm. Bank Ltd. Pro. Share | 100.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 87 | Nepal Credit And Commercial Bank Ltd. | 12933.00 | 253.00 | 242.00 | 242.00 | -8.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 910.00 | 730.00 | 711.00 | 730.00 | 9.00 |
| 89 | Nepal Hydro Developers Ltd. | 360.00 | 176.00 | 168.00 | 175.00 | 7.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 2037.00 | 645.00 | 612.00 | 620.00 | -38.00 |
| 91 | Nepal Investment Bank Limited | 7379.00 | 633.00 | 623.00 | 623.00 | 2.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 6500.00 | 555.00 | 545.00 | 555.00 | 10.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 8473.00 | 1063.00 | 1032.00 | 1036.00 | -14.00 |
| 94 | Nepal SBI Bank Limited | 2146.00 | 500.00 | 490.00 | 494.00 | -5.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 723.00 | 649.00 | 631.00 | 631.00 | -6.00 |
| 96 | Ngadi Group Power Ltd. | 84.00 | 168.00 | 163.00 | 168.00 | 5.00 |
| 97 | NIBL Pragati Fund | 6873.00 | 9.00 | 8.64 | 8.64 | -0.36 |
| 98 | NIC Asia Bank Ltd. | 4190.00 | 320.00 | 316.00 | 316.00 | 0.00 |
| 99 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 205.00 | 1018.00 | 1012.00 | 1012.00 | -12.00 |
| 100 | NLG Insurance Company Ltd. | 350.00 | 912.00 | 910.00 | 910.00 | -20.00 |
| 101 | NMB Microfinance Bittiya Sanstha Ltd. | 120.00 | 1647.00 | 1616.00 | 1644.00 | 24.00 |
| 102 | NMB Bank Limited | 11362.00 | 360.00 | 353.00 | 355.00 | -3.00 |
| 103 | NMB Hybrid Fund L-1 | 7577.00 | 9.88 | 9.68 | 9.68 | -0.01 |
| 104 | Om Development Bank Ltd. | 454.00 | 177.00 | 174.00 | 177.00 | -3.00 |
| 105 | Oriental Hotels Limited | 2000.00 | 520.00 | 500.00 | 510.00 | -11.00 |
| 106 | Prabhu Bank Limited | 8637.00 | 187.00 | 185.00 | 185.00 | -2.00 |
| 107 | Prabhu Bank Limited Promoter Share | 14954.00 | 155.00 | 155.00 | 155.00 | 0.00 |
| 108 | Prabhu Insurance Ltd. | 2450.00 | 535.00 | 521.00 | 521.00 | -14.00 |
| 109 | Premier Insurance Co. Ltd. | 1685.00 | 1130.00 | 1108.00 | 1110.00 | -15.00 |
| 110 | Prime Commercial Bank Ltd. | 4866.00 | 290.00 | 286.00 | 290.00 | 3.00 |
| 111 | Prime Life Insurance Company Limited | 7641.00 | 542.00 | 528.00 | 530.00 | 0.00 |
| 112 | ProgressiveFinance Limited | 15.00 | 139.00 | 139.00 | 139.00 | 1.00 |
| 113 | Prudential Insurance Co. Ltd. | 550.00 | 795.00 | 786.00 | 786.00 | 6.00 |
| 114 | Purnima Bikas Bank Ltd. | 93.00 | 172.00 | 172.00 | 172.00 | 1.00 |
| 115 | Radhi Bidyut Company Ltd | 234.00 | 221.00 | 218.00 | 220.00 | 0.00 |
| 116 | Rairang Hydropower Dev. Co. Ltd. | 2470.00 | 158.00 | 144.00 | 158.00 | 10.00 |
| 117 | Rastriya Beema Company Limited | 60.00 | 10800.00 | 10710.00 | 10710.00 | -95.00 |
| 118 | Rastriya Beema Co. Limited Pro. Share | 120.00 | 10152.00 | 9900.00 | 9900.00 | -53.00 |
| 119 | Reliance Finance Ltd. | 700.00 | 123.00 | 121.00 | 122.00 | 3.00 |
| 120 | Ridi Hydropower Development Co. Ltd. | 477.00 | 125.00 | 123.00 | 123.00 | 0.00 |
| 121 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 126.00 | 655.00 | 653.00 | 653.00 | 0.00 |
| 122 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 603.00 | 554.00 | 546.00 | 548.00 | -7.00 |
| 123 | Sagarmatha Insurance Co. Ltd. | 85.00 | 1359.00 | 1359.00 | 1359.00 | 19.00 |
| 124 | Samata Microfinance Bittiya Sanstha Ltd. | 470.00 | 1387.00 | 1341.00 | 1384.00 | 4.00 |
| 125 | Sana Kisan Bikas Bank Ltd | 1922.00 | 1160.00 | 1137.00 | 1137.00 | -23.00 |
| 126 | Sanima Bank Limited | 8251.00 | 330.00 | 323.00 | 327.00 | 3.00 |
| 127 | Sanima Mai Hydropower Ltd. | 2520.00 | 330.00 | 324.00 | 327.00 | -1.00 |
| 128 | Saptakoshi Development Bank Ltd. | 176.00 | 118.00 | 118.00 | 118.00 | 0.00 |
| 129 | Shangrila Development Bank Ltd. | 18284.00 | 157.00 | 147.00 | 154.00 | -3.00 |
| 130 | Shikhar Insurance Co. Ltd. | 3539.00 | 970.00 | 933.00 | 938.00 | -47.00 |
| 131 | Shine Resunga Development Bank Ltd. | 82.00 | 270.00 | 270.00 | 270.00 | -1.00 |
| 132 | Shree Investment Finance Co. Ltd. | 10.00 | 151.00 | 151.00 | 151.00 | 2.00 |
| 133 | Siddhartha Bank Limited | 3177.00 | 302.00 | 300.00 | 300.00 | 0.00 |
| 134 | Siddhartha Equity Fund | 9500.00 | 9.56 | 9.56 | 9.56 | 0.00 |
| 135 | Siddhartha Equity Orineted Scheme | 200.00 | 10.84 | 10.63 | 10.84 | 0.29 |
| 136 | Siddhartha Insurance Ltd. | 150.00 | 688.00 | 688.00 | 688.00 | -2.00 |
| 137 | Sindhu Bikash Bank Ltd | 220.00 | 133.00 | 132.00 | 133.00 | 2.00 |
| 138 | Soaltee Hotel Limited | 6000.00 | 239.00 | 234.00 | 234.00 | -9.00 |
| 139 | Standard Chartered Bank Limited | 3427.00 | 755.00 | 748.00 | 753.00 | -2.00 |
| 140 | Summit Micro Finance Dev. Bank Ltd. | 230.00 | 978.00 | 965.00 | 965.00 | -32.00 |
| 141 | Sunrise Bank Limited | 7237.00 | 227.00 | 221.00 | 223.00 | -7.00 |
| 142 | Surya Life Insurance Company Limited | 1738.00 | 613.00 | 597.00 | 597.00 | -3.00 |

Total Amount Rs. 206,088,131 Total Quantity 514,161 Total No of Transactions 2,660

२०७५, साउन
बुधबार
२

गत आर्थिक वर्ष २०७४/७५ मा नेपाल स्टक एक्सेन्ज नेप्सेमा २ अर्ब ९४ करोड ४ लाख १७ हजार रुपियाँ बराबरको २ करोड ९४ लाख ४ हजार १ सय ७० कित्ता आईपीओ सूचीकृत भएको छ।




# गत आवमा ६२ अर्बभन्दा बढीको शेयर थपियो

**नेपाल समाचारपत्र**

काठमाडौं

आर्थिक वर्ष २०७४/७५ मा नेपाल धितोपत्र बोर्डमा १ सय १२ वटा कम्पनीको ३३ अर्ब ८ करोड ६९ लाख ३९ हजार ९ सय ९८ दशमलव ९१ रुपियाँ बराबरको ३३ करोड ८६ लाख ८८ हजार ८ सय १९ दशमलव ५९ कित्ता बोनस शेयर सूचीकृत भएका छन् ।

गत आर्थिक वर्षमा बोनस शेयर दिनेमा वाणिज्य बैंक समूहका १७ वटा, बीमा समूहका २० वटा, विकास बैंक समूहका २२ वटा, लघुवित्त समूहका ३० वटा, होटल समूहका २ वटा, वित्त समूहका १०, जलविद्युत् समूह ६, अन्य समूहका ४ र उत्पादक तथा प्रशोधन समूह एउटा कम्पनी रहेका छन्।

आर्थिक वर्ष २०७४/७५ मा वाणिज्य बैंकहरूको २३ अर्ब ३३ करोड ८ लाख १७ हजार ८ सय ९१ रुपियाँबराबरको २३ करोड ३३ लाख ८ हजार १ सय ७८ दशमलव ९० कित्ता बोनस शेयर सूचीकृत भएको छ भने विकास बैंक समूहको २ अर्ब ९८ करोड, ९२ लाख ७५ हजार ३३५ रुपियाँ बरारबको २ करोड ९८ लाख ९२ हजार ७ सय ५३ दशमलव ३५ कित्ता बोनस शेयर सूचीकृत भएको छ। बीमा समूहको ३ अर्ब ४४ करोड १४ लाख ३८ हजार ४ सय ५० रुपियाँबराबरको ३ करोड ४२ लाख ७७ हजार ७ सय ७० दशमलव ५ कित्ता बोनस शेयर सूचीकृत भएको छ। वित्त समूहको ४६ करोड ६१ लाख ८४ हजार ३ सय ३१ रुपियाँ बराबरको ४६ लाख ६१ हजार ८ सय ४३ दशमलव ३१ कित्ता शेयर सूचीकृत भएका छन्।

त्यसैगरी लघुवित्त समूहको १ अर्ब ४९ करोड ९ लाख ४५ हजार ३ सय १५ रुपियाँ बराबरको १ करोड ४८ लाख ७८ हजार ८ सय ६१ कित्ता, होटल समूहका २२ करोड ९३ लाख ९३ हजार ७५ रुपियाँबराबरको १ करोड १ लाख १३ हजार ३ सय ५० दशमलव ३५ कित्ता र अन्य समूहको ३३ करोड ६६ लाख ३६ हजार २ सय ४५ रुपियाँबराबरको ३३ लाख ६६ हजार ३ सय ६२ दशमलव ४५ कित्ता शेयर सूचीकृत भएको छ।

जलविद्युत् समूहको ७७ करोड ५३ लाख ४ हजार ५ सय ७२ रुपियाँ बराबरको ७७ लाख ५३ हजार ४५ दशमलव ७२ कित्ता र उत्पादक तथा प्रशोधन समूह २ करोड ६९ लाख ४३ हजार ९ सय रुपियाँ बराबरको २ लाख ६९ हजार ४ सय ३९ कित्ता बोनस शेयर सूचीकृत भएको छ। समग्रमा गत आर्थिक वर्षमा कुल ३३ करोड ८० लाख ७८ हजार ७ सय १६ दशमलव ७० कित्ता बोनस शेयर सूचीकृत भएका हुन्।

त्यस्तै नेपाल धितोपत्र बोर्डमा गत आर्थिक वर्षमा ५५ वटा कम्पनीको २५ अर्ब ७० करोड ४१ लाख ८८ हजार ६७६ रुपियाँ बराबरको २५ करोड ७० लाख ४१ हजार ८ सय ८६ दशमलव ७६ कित्ता हकप्रद शेयर स्वीकृत भएका छन्। हकप्रद शेयर स्वीकृत गर्नेमा ६ वटा वाणिज्य बैंक, १७ वटा विकास बैंक, ११ वटा बीमा कम्पनी, १२ वटा वित्त कम्पनी र ९ लघुवित्त कम्पनीको हकप्रद शेयर धितोपत्र बोर्डमा स्वीकृत भएको हो।

जसमध्ये वाणिज्य बैंक समूहको ११ अर्ब ६२ करोड ११ लाख ९२ हजार ९ सय २२ रुपियाँ बरारको ११ करोड ६२ लाख ११ हजार ९ सय २९ दशमलव २२ कित्ता, विकास बैंक समूहको ५ अर्ब ७५ करोड ६५ लाख ९७ हजार ६ सय ९७ रुपियाँ बराबरको ५ करोड ७५ लाख ६५ हजार ९७६ दशमलव ९७ कित्ता, बीमा समूहमा ४ अर्ब ७५ करोड ४० लाख ६४ हजार ९ सय ४ रुपियाँ बराबरको ४ करोड ७५ लाख ४० हजार ६४९ दशमलव शून्य ४ कित्ता बोर्डमा स्वीकृत भएका छन्। त्यस्तै वित्त समूहको २ अर्ब ७५ करोड ३७ लाख ९९ हजार ७ सय ७८ रुपियाँ बराबरको २ करोड ७५ लाख ३७ हजार ९ सय ९७ दशमलव ७८ कित्ता र लघुवित्त समूहको ८१ करोड ८५ लाख ३३ हजार ३ सय ७५ रुपियाँबराबरको ८१ लाख ८५ हजार ३ सय ३३ दशमलव ७५ कित्ता हकप्रद शेयर स्वीकृत भएका छन्। अधिकांश कम्पनीहले स्वीकृत हकप्रद शेयर वितरण गरिसकेका छन्।

## आईपीओ र एफपीओ

गत आर्थिक वर्ष २०७४/७५ मा नेपाल स्टक एक्सेन्ज नेप्सेमा २ अर्ब ९४ करोड ४ लाख १७ हजार रुपियाँ बराबरको २ करोड ९४ लाख ४ हजार १ सय ७० कित्ता आईपीओ सूचीकृत भएको छ।

सूचीकृतमध्ये ६ वटा लघुवित्त कम्पनीहरूको ३७ लाख ५० हजार कित्ता र ५ वटा जलविद्युत् कम्पनीको २ करोड ५६ लाख ५४ हजार १ सय ७० कित्ता आईपीओ रहेको छ। सूचीकृत हुने लघुवित्त कम्पनीहरूमा स्वदेशी लघुवित्त वित्तीय संस्थाको १० लाख कित्ता, माहुली लघुवित्त वित्तीय संस्थाको ४ लाख कित्ता, उनन्ती माइक्रोफाइनान्स वित्तीय संस्थाको ५ लाख ५० हजार कित्ता, आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्थाको ६ लाख कित्ता, नेपाल सेवा लघुवित्त वित्तीय संस्थाको ६ लाख कित्ता र सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्थाको ६ लाख कित्ता रहेको छ।

त्यस्तै जलविद्युत् कम्पनीहरूमा रैराङ हाइड्रोपावर डेभलपमेन्टको ५६ लाख कित्ता, राधी विद्युत् कम्पनीको ४१ लाख कित्ता, नेपाल हाइड्रो डेभलपरको २६ लाख कित्ता, छयाङ्दी हाइड्रोपावरको २७ लाख कित्ता र हिमालय पावर पार्टनरको १ करोड ६ लाख ५४ हजार १७० कित्ता रहेको छ।

यस वर्षमा ४ वटा कम्पनीहरूको ६६ लाख ९९ हजार २ सय ४७ कित्ता एफपीओ पनि नेप्सेमा सूचीकृत भइसकेको छ। एफपीओ सूचीकृत हुने कम्पनीहरू प्रिमियर लाइफ इन्स्योरेन्सको ६ लाख ५९ हजार ५६५ कित्ता, नेपाल ग्रामीण विकास बैंकको ९ लाख ७५ हजार कित्ता, बुटवल पावर कम्पनीको ४० लाख ८१ हजार कित्ता र पोखरा फाइनान्सको ९ लाख ८३ हजार ६८२ कित्ता गरी कुल ६६ लाख ९९ हजार २४७ कित्ता एफपीओ नेप्सेमा सूचीकत भएका छन्।

## नबिल बैंकको एकैपटक १२ नयाँ शाखा



काठमाडौं, (नेस)

नबिल बैंकले एकैपटक १२ नयाँ शाखा उद्घाटन गरेको छ। काठमाडौंमा आयोजित शाखा उद्घाटन कार्यक्रममा अर्थमन्त्री डा.युवराज खतिवडाले बैंकका अध्यक्ष शम्भु प्रसाद पौड्याल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाहको उपस्थितिमा १२ नयाँ गाउँपालिकाका शाखाको विद्युतीय माध्यमबाट उद्घाटन गर्नु भएको छ।

बैंकले आलिताल गाउँपालिका डडेलधुरा, बराहताल गाउँपालिका सुर्खेत, वित्थडचिर, गाउँपालिका बभाङ, सम्मरीमाई गाउँपालिका रुपन्देही, तिला गाउँपालिका जुम्ला दार्मा गाउँपालिका सल्यान, पचालझरना गाउँपालिका कालिकोट, पलाता गाउँपालिका कालिकोट, कर्णाली प्रदेश, पञ्चेश्वर गाउँपालिका बैतडी, रामारोशन गाउँपालिका अछाम, सायल गाउँपालिका डोटी, तुर्माखाद गाउँपालिका अछाम नयाँ शाखा खोलेको हो। शाखा उद्घाटन कार्यक्रममा सक्षमका टिमलिडर बलजित भोहराले नबिल बैंकको ग्रामीण बैंकिङ पहुंच विस्तार गर्ने उद्देश्यमा शाखा स्थापना गर्न सहयोग पुर्‍याउन सकेकोमा खुशी व्यक्त गर्नुभयो।

नबिल बैंकका अध्यक्ष शम्भुप्रसाद पौड्यालले विकट गाउँपालिकामा १२ नयाँ शाखाबाट सेवा प्रदान गर्न पाउँदा खुशी लागेको बताउँदै राष्ट्र बैंकले अवलम्वन गरेको नीतिअनुरुप कम्तिमा एक स्थानीय तहमा एउटा वाणिज्य बैंकको शाखा होस् भन्ने भावनाले ती ठाउँमा बैंकले ग्राहक सुविधा उपलब्धताको लागि शाखा सञ्चालनमा ल्याएको बताउनुभयो।

नबिल बैंकले ७४ वटा शाखाको बृहत् सञ्जाल, ११५ वटा एटीएमको विशाल संरचना र १,५०० भन्दा बढी नबिल रेमिट एजेन्टका साथमा देशव्यापी रुपमा र विश्वभर धेरै एजेन्टमार्फत् सेवा प्रदान गरेर आफ्ना सबै सरोकारवालासँगै अघि बढ्ने विश्वास लिएको छ।

## राष्ट्रिय वाणिज्य बैंक र एनएलजी इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

राष्ट्रिय वाणिज्य बैंक र एनएलजी इन्स्योरेन्स कम्पनीबीच सोमबार बैंकास्योरेन्स सम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र एनएलजी इन्स्योरेन्स कम्पनीका कामु प्रमुख कार्यकारी अधिकृत सुनिल बल्लभले हस्ताक्षर गर्नुभएको छ।

उक्त सम्झौता भएपश्चात राष्ट्रिय वाणिज्य बैंकका ग्राहकहरूले आफ्नो धितो तथा अन्य सम्पत्तिहरूको बीमा एनएलजी इन्स्योरेन्स कम्पनीबाट गर्न सक्ने छन्। बैंकको हाल ७४ जिल्लामा २०४ वटा शाखा कार्यालय, १३५ वटा एटीएम र ९३ वटा शाखारहित बैंकिङ इकाई रहेको छ।

चालू आवको तेस्रो त्रैयमाससम्म बैंकले १ खर्ब ५३ अर्ब निक्षेप संकलन गरी १ खर्ब १२ अर्ब रुपियाँ कर्जा लगानी गरी ३ अर्ब ८ करोड रुपियाँ खुद मुनाफा कमाएको छ। यसैबीच राष्ट्रिय वाणिज्य बैंकको सोमबार तीन वटा शाखा शुरू गरेको छ। बैंकले मुगु जिल्लाको सोरु गाउँपालिका-६ स्थित सोरुकोटमा शाखा, रसुवा जिल्लाको कालिका गाउँपालिका-२ स्थित कालिकास्थान शाखा र खोटाङको केपिलासगढी गाउँपालिका- ४ स्थित बाक्सिला शाखा शुरूवात गरेको हो।


### Re-Vacancy Announcement

The Vacancy Announcement published on 31st March, 2018 in Nagarik Dainik for the following post, the Company has not received any application from the Nepali Citizen yet. The company is extending the date for the application submission for Seven (7) days i.e. July 24, 2018 till 1:00 pm.

**Company:** Nepal Weifeng Arts & Crafts Pvt. Ltd.
**Position:** Technical Manager
**Responsibilities:**
a) Department head at CAP and packaging department of the company
b) To operate all the advance machinery and technology of the company
Number: 1
Salary: Rs 25,000.
**Experience:** 5 years of working experience as Factory Technician at Wig Company. (Special Priority will be given to Nepali Citizen).

**Address:** Magar Gaun,Bhaiseepaty.
**Ph.no.:** 015590553, 9807940395, or pravinrai188@gmail.com.



### शेयरधनीहरुको शेयर प्रमाणपत्र हराएको तथा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेका तपसिल बमोजिम विवरण भएका बैंक/कम्पनीहरुका शेयरधनीहरुको मृत्यु भएको जानकारी निजका हकवालाले दिएको हुँदा निजको नाममा कायम रहेको शेयर प्रमाणपत्रहरु निजको हकवालको नाममा नामसारी गरी पाउँ भनी रित पूर्वक निवेदन पेश गरेको साथै शेयर प्रमाणपत्रहरु हराएकोले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराई पाउँ भनी निवेदन पेश गरेको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र स-प्रमाण सहित यस **एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा** हकदावी गर्न आउनु होला । अन्यथा उक्त मिति पछि सो शेयरहरु आवस्यक प्रकिया पुरा गरी निवेदनमा माग बमोजिमका हकवालाका नाममा नामसारी तथा प्रतिलिपि शेयर प्रमाणपत्र जारी गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । म्याद पछि तथा रितपुर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**कृषि विकास बैंक लिमिटेड**
AGRICULTURAL DEVELOPMENT BANK LIMITED
रामशाहपथ, काठमाण्डौ
फोन: ४२५२३५९, फ्याक्स : ४२६२९२९

तपसिल

हकवालाको नाममा नामसारी दाखिल खारेज हुने सम्बन्धमा:

| सि.नं. | मृतक शेयरधनीको नाम | मृत्यु भएको मिति | शेयर प्र.प.नं.र शेयर संख्या | हकवालाको नाम तथा नाता |
|---|---|---|---|---|
| १. | ईश्वरी देवी तण्डुकार/३९७५ | २०७४/०४/२५ | हितग्राही नं : १३०१०१००००११६१२०(११) ७९८४६२,३०१५८८,६६३५८५(७) | सुरेन्द्र तण्डुकार/८७८(छोरा) |
| २. | कृष्ण बहादुर रेग्मी/१३२९० | २०५२/१०/२३ | ९२४९३,३४०५१९,५३९०१६, ६८१७४३,८३६३५४,१०११३३८(२६८) | खगेन्द्र रेग्मी/४९८(छोरा) |
| ३. | कृष्ण प्रसाद गौतम/ १९४४/३००४ | ८२०६०/१२/११ | ७६३२१४,२६५५९४,४६५२२८ ९४६७६७,११७५८(५३) | समीर गौतम /०५/०१/६९/ १०२९१(छोरा) |
| ४. | ज्ञानेन्द्र अधिकारी/८३६६१ | २०६९/११/०९ | २००७२८३,४३१२०३,६२२३३३, ९१७८५५,७३८५४३,१०५८२११(१८५) | मनोरथ अधिकारी/१९९७(बुवा) |
| ५. | महानन्द अधिकारी /८७२९/२६१९ | २०६४/१०/१५ | ६५९३,२६०७०४,४६०४०१, ७५८४२३,६४५८१६,९४२४४७(३८५) | मनोरथ अधिकारी/१९९७(छोरा) |
| ६. | नन्द लाल बराल/१०६२५५ | २०६१/१२/११ | ६९१३१,८१५३९९,५१७९३०, ३१९२०५,९९२४४५(५३) | हरि देवी बराल/१५११४४(पत्नी) |
| ७. | होम प्रसाद उप्रेती /०४१०१४/१६१ | २०६८/०३/१५ | २९४९,६४४२३१,७५५०९७, ४५७०१९,२५७२८६,९३९४४१(२६८) | जय कुमार उप्रेती/३५७४१४८९(छोरा) |
| ८. | लोक बहादुर घिमिरे/३६३९ | २०७०/१२/१९ | ४७६५९७,७७४५११,२७७१०७ ९५६४३७,६५३६५६,२४०६४(७९) | भक्त बहादुर घिमिरे /१००७/४८६३७(छोरा) |
| ९. | तारकेश्वर अधिकारी /०३४६०९६० | २०६८/०३/२९ | २७७८२,६५४९१५,९५९६७२ ४८०१६६,२८०७०४,७३८०६३(८४) | अभिमन्यु अधिकारी /२७८/१/६७१(छोरा) |
| १०. | भवानी पराजुली /४६/०१/७२/० | ५२४२२००७२/१२ | /१५१९५५७२,४२३६६१,७३३६२०, ९११३१६,६१५६६५(६५) | पार्वती पराजुली/१(९४)(आमा) |
| ११. | खगेश्वरी भुसाल/५०००३ | २०६०/०८/२२ | ४५६५८,२९७६२३,७९४५९१, ४९६८२९,९७४४३३(५४) | मित्र लाल भुसाल/१०८०/६२२(पति) |
| १२. | वेष कुमारी तिवारी/५३०७ | २०६८/०८/०८ | ७५६४६,६७५५३२,५२३२२१, ३२४५५७,९९७१५२,८२०६५६(७९) | रिषि बाबु तिवारी/६१५७(छोरा) |
| १३. | तारा कुमार गुरुङ/८२२८ | २०७२/०९/२९ | २०००२३,९१४०३५,६१८४२०, ४२६७६४,७३५५९९(६५) | देवी माया गुरुङ/११०८(पत्नी) |
| १४. | योगेन्द्र प्र.उपाध्याय नेपाल /३९६९१७०५ | २०७१/०७/२१ | १२७२८३,३६९६६४,६९९०६६ ८६३२१५,५६६३७२,१०२८७९१(१०५) | बिन्दु देवी ५३०९/ ३९६९१७०८(पत्नी) |
| १५. | गिता देवी गौतम/२८४ | २०६२/१०/११ | ७२६३८,३२१७३९,५२०४४४, ६७४४०१,८१७९०६,९९४६९०(८२) | रमेश राज गौतम/१२२३३५(छोरा) |
| १६. | टिका राम गौतम/२(१००) | २०६३/०१/०९ | ६९११६,३१८५०२,८१४६९९,९९१७९१ ५१७२२८,६७२९१७(७९) | गोमा देवी गौतम/१(४९)(पत्नी) |
| १७. | चन्द्रकान्त ढकाल/५८७ | २०७४/११/१५ | ९०४५८,३३८६५०,५३७१७० ६८१०१९,८३४५१३,१००९७१६(८२) | विष्णु प्रसाद ढकाल /३९१०३०/८१(छोरा) |
| १८. | बासुदेव अर्याल/१७/४८९५ | २०६८/०४/१७ | ६८०६६९,१००९०२३,८९६४४ ८३३७२९,५३६३८२,३३७८५५(३८५) | अरुण कुमार अर्याल ४००६/३२००(छोरा) |
| १९. | कुमारी देवी गिरी/५७७८४९२२ | २०७२/०९/२५ | ३३३३०२,८२९२३२,६७१०६२, १००४८६१,८४८७८,५३१८६२(८४) | शान्ती बोगटी/४२१८(छोरी) |
| २०. | शंकर साहु/२१८२ | २०७३/०४/२४ | १६२४६,६५०३३५,२६९७२५, ४६९२७८,७६७२३५,९५००५८(१६१) | विष्णु साह/४८९१२(छोरा) |
| २१. | बद्रि नारायण प्रधान/१८९/४०९ | २०६३/०४/१२ | २४५६९,७७४९७७,६५३८९५, २७७५८५,४७७०६१,९५६८३४(८२) | नरेन्द्र बहादुर प्रधान /०९/०१/७३/०३५२३ |
| २२. | हर्कमाया कार्की,३१२३ | २०६४/०८/१३ | १३९९३०(३०),३७९५८३(२), ७०५४२८(१८),७८१८१२(११) १०३३०२१(११),५७५२५३(४) | श्याम बहादुर कार्की(छोरा)१९८६ |
| २३. | बुकु माया कुश्वार, | २०५८/१० /१५ | ३६५१४(३०),६५७८३४(१८), ९६७०७८(१४),७८६१८५(११) ४८८३५९(४),२८९०४२(२) | शुक बहादुर कुश्वार(छोरा) ४७०१/.४९२२ |
| २४. | गणेश राज ओली, | २०७२/०९/२२ | १८३६७४(४०),१०५११४०(११), ६०७६०८(७),९०३४२४(१०), ४१४६९८(२) | जुमा कुमारी थापा(श्रीमती)१६०/२०८६ |
| २५. | ज्ञान रत्न तुलाधर, | २०७३/११/०२ | ७४५१२८(४),९२७७५४(३),६७२३८०(८) हितग्राही नं. १३०१९०००००२३३६३(६४) | कमला तुलाधर श्रेष्ठ २६५८/०२५(श्रीमती) |
| २६. | मिना काफ्ले | २०६४/०३/२० | ६४८९४७(२६),७६४४५९(१६) २६६८९८(३),४६६४९२(६),१३१९२(४३) | सिताराम उपाध्याय काफ्ले (श्रीमान)११५४ |
| २७. | लक्ष्मी तामाङ,२४९८ | २०६३/११/१३ | ९९६४४४(६५),७४७५८(१४५), ३२३०३६(१०),५२२४१५(२३), ८१९८६०(५३),६७५२०६(८९), | अर्जुन तामाङ (छोरा) ४५७३ |
| २८. | मुकेश मान श्रेष्ठ, | २०७५/०२/०९ | ४७३१४७(५),६५२२३७(९),७७१०७५(११) हितग्राही नं. १३०१३७००००८७७९१३(४६) | आदर्श श्रेष्ठ (छोरा) ०६/०२. /७२/१८६४ |
| २९. | तुलसी प्रसाद भण्डारी, | २०६२/११. /१३ | ४५९००७६(४),७५७१११(११), ९४१२६७(१४),६४५१३५(१८) २५९३६६(२),५१३१(३०) | धनमाया भण्डारी ०५३१०९३७(श्रीमती) |
| ३०. | पृथ्वी बहादुर प्रजापती, | २०५७/०५. /१० | ३०५२६४(२),५४३२८(३१), ८०१८८५(७),९८०५७७(९),५०४२४९(५), | नानी छोरी प्रजापती (श्रीमती) ५१३ |
| ३१. | कोमल प्रसाद मुढभरी, | २०७०/०८/१३ | १०३४७४८(४०),७०८२६६(५५), ५७९१३६(१४),८७५४६९(३३), ३८४००२(६),१४५६२६(९०), | मैयादेवी मुढभरी (श्रीमती) ९३६१६७३ |
| ३२. | टंक कुमारी रावल, | २०७२/०२/१४ | १८५२३९(३०),४१५८०९(२), ९०४३५६(८),६०८५४६(४),१०५१५०५(९) | जगत कुमार खत्री ४७२ (श्रीमान) |
| ३३. | नरहरी भट्ट | २०७०/०६/०६ | ५१७६९(८०),३०३१०४(५), ५०२१७३(१३),६६४४४६(४९) ७९९८६२(२९),९७८८८२(३६५) | न्यान कुमारी भट्ट (श्रीमती) ३३/२४१२/४२९८५ |
| ३४. | हरी बहादुर थापा,२०८२५ | २०६७/०४/१३ | ८८१०४८(१२),७९९८३९(७), १०७७३१५(३),९७८८६५(२) | हरीराम थापा(छोरा) |
| ३५. | किरण प्रकाश श्रेष्ठ, | २०७२ /११/२० | २३४९६२(१२०),४४८१३९(८), ६३६९८१(१९),९३२२८७(४४), ७४९२४८(७२),१०६४८१६(५२) | सन्जु श्रेष्ठ १०६९१६ (श्रीमती) |
| ३६. | पदम कुमारी उपाध्याय, | २०७२/१०/१२ | ४६६७९(३१),४९७७६७(५), २९८५७७(२),७९५५२८(७),९७५२६६(९), | केशव प्रसाद दवाडी ६९५० (छोरा) |
| ३७. | रामचन्द्र प्रसाद साह, | २०६१/०८/१७ | ३३७५२(३१),२८६४४४(२), ८३६५७(७),४८५८०४(५),९६४७५३(९) | राधेश्याम प्रसाद २६४०८१०(छोरा) |
| ३८. | माधव प्रसाद आचार्य, | २०६३/०७/२६ | २९१८१८(२),६५९३५०(१९), ९६९३६८(१४),७८८८९९(१२), ४९११००(५),३९४८०(३२) | नानु देवी आचार्य (श्रीमती) २७५१ |
| ३९. | नन्द प्रसाद आचार्य, | २०७२/०८/०८ | ९४६४३६(९),११३६१(३०) ७६२८४९(८),४६८६२(४),२६५२२२(२) | विष्णु प्रसाद आचार्य (नाती) २०५२/४५८१ |
| ४०. | अक्षरी भण्डारी, तारानाथ भण्डारी | २०६५/०७/०८ २०६८/११/२२ | ४६७४८(३०),२९८६४४(२) ,४९७८३२(४),६६२२८७(१८), ७९५५९३(११),९७५३२२(१४), ४६०००(८१),२९७९३५(५), ४९७१४०(१३),६६१९६०(४९), ७९४९००(३०),९७४७००(३६), | हरी प्रसाद भण्डारी (छोरा) |
| ४१. | मुक्ति बिलास आचार्य | २०६५/०१/२७ | ९९६२४२(१४),७४५१९(३२), ३२३५०३(२),५२२१८९(५), ६७५१०४(१९),८१९६३५(१२) | भाग्यसाली शर्मा आचार्य ४०६४ (छोरा) |
| ४२. | बाबुराम श्रेष्ठ, | २०७४/०७/१३ | ६७६४६५(१९),५२५४४९(५), ३२६८२७(२),७८११०(३१), | हितकाजी श्रेष्ठ १५८२ (छोरा) |
| ४३. | शुक्राज उपाध्याय | २०६१/०२/२१ | १००९६३६(२७),९०३७४(६१) ५३७०८७(१०),३३८५६७(४) ८३४४३०(२२) | कमल कुमार आचार्य ७३५/१०२४ (छोरा) |

प्रतिलिपि शेयर प्रमाणपत्र जारी हुने:

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | देवेन्द्र मणि काफ्ले/०९, महारानी भोडा, झापा | १७३,२५४७१० | ६५ |
| २. | नारायण कुमार बस्नेत/०४, भुमसुना, उदयपुर | २८३१९ | ४१ |
| ३. | टंक प्रसाद ढकाल/०१, ओखे, तेह्रथुम | १९३५७ | ३० |
| ४. | गंगा प्रसाद उप्रेती/०५, फूलवारी, ताप्लेजुङ | ३३३२ | ७२ |
| ५. | नारायण बुढाथोकी/०४, भि.न.पा., दोलखा | १८९९८४ | ४० |
| ६. | निरज प्रधान/०५,धनकुटा | १२३८५९ | ४० |
| ७. | रणधीर कुमार झा/०३,ज.न.पा.,धनुषा | १२३९९४ | ४० |
| ८. | राम बहादुर अधिकारी/ बेसिशहर,लमजुङ । निवेदक:सूर्य बहादुर अधिकारी(छोरा) | ७५८५० | ३० |
| ९. | राम दयाल चौधरी/०८, ईश्वरपुर, सर्लाही । निवेदक:कमलदेव चौधरी थारु (छोरा) | ३५०९७ | ६४ |
| १०. | अम्मर बहादुर रानाभाट/०४,जामुने, तनहुँ | ७४२६५ | ३० |
| ११. | साम लाल चौधरी थारु/बबिया बिर्ता | १५७५१ | ३० |
| १२. | हरीश कौशिक/०२, विराटनगर,मोरङ | १८५७५९ | ४० |
| १३. | टीकाराम सुबेदी/०१, विराटनगर,मोरङ | १२३३६ | ६१ |
| १४. | महेश्वर घिमिरे/०२,रानीगंज, सर्लाही | ६५७७३३ | ३० |
| १५. | बेल कुमारी मार्फा,रामेछाप | ६६४०७ | ३० |
| १६. | शिव प्रसाद अधिकारी,सिन्धुपाल्चोक | ६५३४६ | ३० |
| १७. | शंकर नाथ पौडेल,बेगनास | २३२९५५ | ९० |
| १८. | लक्ष्मी साह,रामनगरी | ४०९०४ | ३१ |
| १९. | रमेश कुमार साह कानु,बारा | ११०६३९,५५३२४६ | ९०,१४ |
| २०. | लोकेन्द्र बहादुर बस्नेत,इटहरी | १७१३७ | ३६ |
| २१. | जनार्दन जि.सी,काठमाण्डौ | १६६३९७ | ४० |
| २२. | चिरञ्जिवि दनै,धादिङ | ६०४८६ | ३२ |
| २३. | काशिनाथ काफ्ले,उदयपुर | २८२१९ | ७१ |
| २४. | राम ब. शाही,बाजुरा | ८५३९६,३३३८००,५३२३५५ | ३०,२,४ |
| २५. | उद्धव प्रसाद चौलागाई,कपन | ५२३६६ | ३१ |
| २६. | मान बहादुर सुवेदी,झापा | ६४२९२३ | १९ |
| २७. | रगनाथ लामगादे,इलाम | २६१२६४ | ३१ |
| २८. | दल बिर लामगादे,इलाम | ९४२१३८ | ३१ |
| २९. | गगन बहादुर बुढा,मुगु | १०३५६८,२५२७४५ | १३६,५२३ |
| ३०. | फणिन्द्र भुवन घिमिरे,माल्टा | २४१८० | ३१ |

*नोट: मृतकको हकवालाले श्री कृषि विकास बैंक लिमिटेडमा शेयर प्रमाणपत्र हराएकोले प्रतिलिपि माग गरि आफ्नो नाममा नामसारी गराइ पाउन निवेदन पेश गरे अनुसार प्रतिलिपि शेयर प्रमाणपत्र जारी गरेर हकवालाको नाममा नामसारी प्रकृया अगाडी बढाउन सोहि अनुसार प्रकाशित ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

शेयर रजिष्ट्रार
**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साबिक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साबिक एस क्यापिटल लिमिटेड)

नेपाल समाचारपत्र जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# नेपाली क्रिकेट टोलीको घोषणा

नेपाल समाचारपत्र

काठमाडौं

यसै जुलाईको २९ देखि लन्डनमा हुने त्रिकोणात्मक वान डे सिरिजका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा भएको छ। मंगलबार अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) प्रतिनिधि, नेपाली प्रशिक्षक जगत टमाटा र नेपाली कप्तान पारस खड्काको संयोजकत्वमा १५ सदस्यीय टोली तयार गरिएको हो। जसमा विकेटकिपर ब्याटसम्यान सुवास खकुरेलले करिब तीन वर्षपछि राष्ट्रिय क्रिकेट टोलीमा स्थान सुरक्षित गरेका छन्।



सुवासको विकेटकिपिङ उत्कृष्ट हुँदाहुँदै चोटका कारण टोलीबाट अलग हुनुपरेको थियो। उनले अघिल्लो पटक आईसीसी विश्व क्रिकेट लिग च्याम्पियनसिप २०१५ मा सहभागीता जनाएका थिए। उनले सो च्याम्पियनसिपअन्तर्गत नोभेम्बरमा पपुवा न्युगिनीसँग खेलेका थिए। तर सुवासले हालै धनगढी प्रिमियर लिग र काठमाडौंमा सम्पन्न प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका थिए। प्रशिक्षक टमाटाका अनुसार उनको टोलीमा फेरि स्थान रहनु नेपालको ओपनिङ बलियो हुने आशा गरेका छन्।

सो टोलीमा कप्तानमा पारस खड्का यथावत छन् भने उपकप्तानको भार ज्ञानेन्द्र मल्लकै काँधमा रहेको छ। अन्य खेलाडीमा अनिलकुमार साह, दिपेन्द्रसिंह ऐरी, मोहम्मद आरिफ शेख, सरद भेषवाकर र रोहितकुमार पौडेलले ब्याटिङको जिम्मा लिनेछन्। यस्तै करण केसी, सन्दीप लामिछाने, ललित भण्डारी, ललित नारायण राजवंशी, वसन्त रेग्मी, शक्ति गौचन र सोमपाल कामीलाई बलिङको जिम्मेबारी दिइएको छ। नव खेलाडीका रूपमा कोही छैनन्।

यसैगरी वैकल्पिक खेलाडीका रूपमा विनोद भण्डारी, सुनील धमला, सुसन भारी र प्रदीप ऐरीलाई राखिएको छ। नेपालले नेदरल्यान्डस्सँग लन्डनस्थित लर्डस् क्रिकेट मैदानमा खेल्नेछ। र अर्को टोली लर्डसकै पुरानो क्लब एमएमसी रहेको छ। नेपाली टोली बिहीबार इंग्ल्यान्डतर्फ प्रस्थान गर्ने नेपाल क्रिकेट संघले जनाएको छ।

# युभेन्टसले जर्सी बेचेरै करोडौं कमायो


रोम, (एजेन्सी)

पोर्चुगलका स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोले युभेन्टसबाट खेलेका पनि छैनन् अहिले नै उनको जर्सी लोकप्रिय बनिसकेको छ। रोनाल्डोको सीआर सेभेन अंकित जर्सी बेचेर युभेन्टसले रोनाल्डोसँग गरेको सम्झौताको आधा रकम वसुली गरिसकेको छ। रोमको अखबारले जनाएअनुसार रोनाल्डो रियल मेड्रिडबाट करिब १० करोड युरोमा इटालियन क्लबमा आबद्ध भएका छन्।

टुरिनस्थित रहेको क्लब युभेन्टसमा ३३ वर्षीय रोनाल्डो जस्तो ठूला खेलाडी आबद्ध भएपछि समर्थकमा पनि धेरै उत्साह रहेको छ। युभेन्टसले सीआर सेभेन जर्सी आफ्नो वेबसाइटमा बेच्नका लागि राखेको पहिलो दिनमै ५ लाख २० हजार जर्सी बिकेको थियो। त्यही क्लबको आधिकारिक प्रायोजक एडीडासले आफ्नो स्टोरमार्फत् २० हजार जर्सी बेचेको थियो।

इटालियन मिडियाका अनुसार रोनाल्डोको ५ लाख जर्सी अनलाइनमा किनेको थियो। जबकी गत वर्ष युभेन्टसले आफ्नो टोलीको कूल ८ लाख ५० हजार जर्सी अनलाइनमा बेचेको थियो। युभेन्टसको ओरिजीनल जर्सीको मूल्य १ सय ४ युरो रहेको छ। यसको नकली जर्सी बजारमा मात्र ४५ युरोमा पाइन्छ। क्लबले पहिलो दिन जर्सीबाट करिब ५ करोड ४० लाख युरो आम्दानी गऱ्यो। जबकि युभेन्टसले रोनाल्डोलाई करिब १० करोड युरोमा सम्झौता गरेको थियो। सिरी ए च्याम्पियनले रोनाल्डोलाई चार वर्षमा १२ करोड युरो अतिरिक्त रकम तिर्नेछ।

यस्तै अन्तर्राष्ट्रिय फुटलबको सर्वोच्च संस्था फिफाको नियमअनुसार युभेन्टसले १



करोड २० लाख युरो अतिरिक्त खर्च गर्नुपर्नेछ। जसले रोनाल्डोसँग सम्झौता गरेको कूल रकम करिब २३ करोड २० लाख युरो हुन आउँछ। यो युभेन्टसको पछिल्लो ३० वर्षमा सबैभन्दा महँगो सम्झौता पनि हो। योसँगै रोनाल्डो पेरिस सेन्ट जर्मेनका नेयमार र बार्सिलोनाका लियोनेल मेसीपछि सर्वाधिक तलब पाउने तेस्रो फुटबलर बनेका छन्।

## धरहरा

### कृतिम बादल

हिजो-आज मध्य वर्षायामको समय, कुन बेला पानी पर्छ टुङ्गो हुँदैन। घरबाट हिँड्दा आकाश खुला देखिन्छ, आपसासको सडकमा धुलो बुङ्बुङी उड्या हुन्छ ५/७ किलोमिटर अघि बढेपछि पानी बर्सिन शुरू गरिहाल्छ।

मुलुकको राजनीति ठ्याक्कै यस्तै छ, कुन बेला के हुन्छ अनुमान गर्न नसकिने। सत्ता राजनीतिसँग जोडिएका बादल नामका व्यक्ति बेला मौकामा निकै चर्चामा आउँछन्, निकै मडारिन्छन्। नामअनुसार पहिचान स्थापित गर्न राजनीतिक बजारमा गज्जबकै पानी बर्साउछन् कि संकेत पनि दिन्छन्। तर हैन, रैछ। 'बादल मडारिएको छ, अब पक्कै पानी पर्छ' भनेर ग्यारेन्टी गर्नेहरू पुरै फ्लप हुन थाल्या छन्, पानी पर्दै पर्दैन।



बादल नाम मात्रैका बादल भएका छन्। वर्षौंदेखिको यातायात सिन्डिकेट तोडियो भन्या त सिन्डिकेट फेरि ब्युँतिएको छ, अनि सुन काण्ड पुरै सुस्ताएको छ। बादललाई ओली र अन्य धेरैथरी आाधी र हुन्डरीले धकेल्या देख्दा धरहरा निकै छक्क पर्न थाल्या छ। यस्तै ताल हो भने त बादल फाट्या फाट्यै गर्ने, अनि खडेरीले जित्ने संभावना पो बढ्यो त।

# उपाधिमाथि मुनलाइटको कब्जा

वीरगन्ज, (नेस)

जिल्ला फुटबल संघ पर्साको आयोजनामा २९ गतेदेखि वीरगन्जमा शुरू भएको अन्तरविद्यालय फुटबल प्रतियोगिता मगंलबार सम्पन्न भएको छ। मगंलबार भएको फाइनल खेलमा लिटिल फ्लावरलाई २-० गोलले हराउँदै मुनलाइट मावि विजयी भएको हो। पहिलो हाफको १८औं मिनेटमा मुनलाइटका रोहित चौधरीले १ गोल गरेका थिए। दोस्रो हाफको २४औं मिनेटमा अजय चौधरीले दोस्रो गोल गरेपछि मुनलाइटले जित दर्ता गर्न सफल भएको हो। नारायणी रंगशालामा सम्पन्न खेलको उत्कृष्ट खेलाडी मुनलाइटका गोलकिपर रोहन मगर घोषित भए। प्रतियोगितामा ८ वटा विद्यालयहरूको सहभागिता रहेको थियो।




# त्यो पेनाल्टी थिएन : डेर्मोट

लन्डन, (एजेन्सी)

प्रिमियर लिगका पूर्व रेफ्री डेर्मोट गालगेरले विश्वकप फाइनलमा क्रोएसियाविरुद्ध फ्रान्सलाई पेनाल्टी हान्न दिनु सतप्रतिशत गलत भएको दावी गरेका छन्। ३८ औं मिनेटमा ब्लेसी मातुडीको प्रहार बलले क्रोएसियाका इभान पेरिसिचको हातमा छोएको थियो। पहिले रेफ्री नेस्टोर पीटानले पेनाल्टी दिएनन्। पछि जब भिडियो एसिस्टेन्ट रेफ्री (भार) को समीक्षाको निर्णय आयो पेनाल्टी। तब त्यो शतप्रतिशत पेनाल्टी भने थिएन।

उनले बताएअनुसार फरवार्डले हेड गरेको बल उनको हातमा छोएको हो उनले बललाई छोएको होइन। उनले बललाई प्रभाव पार्ने गरि छोएमा पेनाल्टी हुने उनको भनाइ थियो। उनले थपे- 'यदि मनसाय जानाजान बल छोएको छ भने त्यो पेनाल्टी हुन्छ नियमले यस्तै भन्छ।' उनको हात नियमअनुसार ठीक स्थानमा छैन। त्यसैले त्यो पेनाल्टी नियमविपरीत हो।

# कोहलीको विश्व कीर्तिमान

नयाँ दिल्ली, (एजेन्सी)

इंग्ल्यान्डको विरुद्ध तीन खेलको वान डे सिरिजको अन्तिम तथा निर्णायक खेलमा विराट कोहलीले एउटा विश्व कीर्तिमान आफ्नो नाममा लेखाएका छन्। ३ हजार रन छिटो बनाउने कप्तानका रूपमा उनले कीर्तिमान रचेका हुन्। कोहलीले यो उपलब्धि १२ रन बनाएपछि प्राप्त गरेका थिए। कोहलीले ४९ वानडे खेलमा यति रन बनाएका छन्। यो कीर्तिमान तोडिने संभावना ज्यादै न्युन भएको भारतीय मिडियाले दावी



गरेको छ। मिडियाले बतायो कि हाल खेलिरहेका कप्तानमा कसैले पनि कम खेलमा तीन हजार रन बनाउन सक्दैनन्। कोहलीपछि कप्तानको रूपमा ३ हजार रन बनाउँदा दक्षिण अफ्रिकाका एबी डीभीलीयर्सले ६० खेल, भारतीय कप्तान महेन्द्रसिंह धोनीले ७० खेल र सौरभ गांगुलीले ७४ खेल खेलेका थिए। त्यस्तै स्टिभ वाग र मिस्बाह उल हकले ८३ खेल र सनथ जयसुर्या र रिकी पोन्टिङले ८४ खेलबाट ३ हजार रन पुरा गरेका थिए।

# सिन्धुपाल्चोक र काठमाडौं फाइनलमा

हेटौंडा, (नेस)। हेटौंडामा जारी उपराष्ट्रपति कप महिला फुटबल फाइनलमा काठमाडौं र सिन्धुपाल्चोक भिड्ने भएका छन्। ताप्लेजुङलाई हराउँदै सिन्धुपाल्चोक फाइनल प्रवेश गरेको हो भने मकवानपुरलाई पराजित गर्दै काठमाडौं फाइनल पुगेको हो। मंगलबार सेमिफाइनलमा ताप्लेजङ १-० गोलले पराजित भएको थियो। ६२औं मिनेटमा सिन्धुपाल्चोककी रजिना श्रेष्ठले गोल गर्दै सिन्धुपाल्चोकलाई फाइनल प्रवेश गराएकी थिइन्।

सिन्धुपाल्चोककी हिना जिरेल प्लेयर अफ दी म्याच बनेकी थिइन्। फाइनल पुगेको सिन्धुपाल्चोकले उपाधिका लागि बिहीबार काठमाण्डौंको सामना गर्नेछ। यसअघि सेमिफाइनलमा काठमाडौंले मकवानपुरलाई ३-० ले पराजित गरेको थियो।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ